# शिक्षा क्षेत्र योजना (२०७८-२०८८)

# (Education Sector Plan-ESP (2021-2030)

Draft of ESP

## भेरीगंगा नगरपालिका

## कर्णाली प्रदेश, नेपाल

## साउन, २०७८

# भनाइ

नेपालको संविधानले प्रत्येक नागरिकलाई शिक्षाको मौलिक हकको प्रत्याभूत गरेको छ । शिक्षा प्राप्त गर्न पाउनु नागरिकको मौलिक अधिकार र गुणस्तरीय शिक्षाको व्यवस्था गर्नु सरकारको दायित्व हो । समाज परिवर्तनको बाहक शक्ति शिक्षालाई समयसापेक्ष, बैज्ञानिक, व्यवसायिक, सीप र रोजगारमूलक बनाउदै समाजवाद उन्मूख राष्ट्र निर्माणको लागि बलियो आधारको रुपमा तयार गर्नुपर्ने बेला भएको छ । मुलुकले अन्तराष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धता दिगो विकासको लक्ष्य, नेपालको संविधान, पन्ध्रौं योजना, कर्णाली प्रदेशको पञ्चबर्षिय योजनाको आधारपत्र, विद्यालय क्षेत्र विकास योजना आदिलाई मार्गदर्शकको रुपमा लिई यो १० बर्षे शिक्षा क्षेत्र योजना तयार पारिएको छ ।

यसै सन्दर्भमा सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिकाले पनि विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई निःशुल्क तथा अनिवार्य शिक्षाको माध्यमवाट शिक्षाको गुणस्तरीय पहुँच पुऱ्याउन, सक्षमता र सेवा प्रवाहको अवस्थालाई प्रभावकारी बनाई सबै बालबालिकालाई सिकाइका सबै अवसरहरू प्रत्याभूति दिनका लागि यो दश बर्षे शिक्षा क्षेत्र योजना निर्माण गर्ने पहिलो प्रयास गरेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा देखिएको वर्तमान शिक्षाको व्यवस्थापन र गुणस्तरीयताको चुनौतिहरूलाई सामना गर्दै विकसित भइरहेको नयाँ-नयाँ प्रविधि र ज्ञान विज्ञानको क्षेत्रलाई समेट्दै सम्पूर्ण बालबालिका, युवा तथा जेष्ठ नागरिकहरूको समेत मौलिक अधिकारको संरक्षण गर्दै उनीहरूलाई सहज सुलभ, सरल तथा आवश्यकता अनुसार शिक्षा प्रदान गर्न कै लागि यो योजना सरोकारवाला पक्षको सहभागीतामा तयार पारिएको छ ।

विद्यालय तहका नियमित शैक्षिक कार्यक्रमका अतिरिक्त निरन्तर शिक्षा, विशेष शिक्षा, प्राविधिक शिक्षालय, कृषि क्याम्पस, शिक्षाका अन्तरसम्वन्धित मुद्दाहरू, विपद् व्यवस्थापनसँगै समग्र शिक्षाको सुशासन र व्यवस्थापनका पाटोलाई समेटेर तयार पारिएको योजनाले भेरीगंगा नगरपालिकाको शैक्षिक मार्गदर्शन गर्ने कुरामा म विश्वास्त छु । यसका साथै यस कार्यमा सहयोग गर्नुहुने उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सामाजिक विकास समितिका संयोजकज्यू, सबै वडाका वडा अध्यक्ष लगायत जनप्रतिनिधिज्यूहरू, उपसचिव तथा शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुखज्यू लगायत सम्पूर्ण सरोकारवाहरूलाई स्मरण गर्न चाहन्छु । यस योजना कार्यान्वयनमा शिक्षाको गुणस्तरलाई उच्च प्राथमिकता दिँदै अनुगमन, मूल्याङ्कन र सक्षम व्यवस्थापनद्वारा यसको लक्ष्य र उद्देश्यहरू पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

भुपेन्द्रबहादुर चन्द

नगर प्रमुख, भेरीगंगा नगरपालिका, सुर्खेत

Draft of ESP

# भनाइ

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति सुशासन, विकास र समृद्धिको आकाङ्क्षा गरे अनुसार शिक्षालाई वैज्ञानिक प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगार मूलक एवम् जनमुखि बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवंम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्दै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य वनाई क्रमश निःशुल्क बनाउने राज्यको नीति बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको लागि सो तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनि मौलिक हकको व्यवस्था गरिएको छ ।

नगरपालिकाभित्रका शैक्षिक मुद्दा तथा चुनौतिहरूलाई प्राथमिकताका आधारमा समाधान गर्नका निमित्त प्रदेश तथा यस नगरपालिका सम्बद्ध जनप्रतिनिधि, नगर शिक्षा समिति, विद्यालयहरू, उच्च शिक्षा प्रदाय संस्था, प्राविधिक तथा सीपमूलक शिक्षण संस्थाहरू, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक र अन्य सम्बद्ध शैक्षिक संस्था तथा विज्ञहरूको अन्तरक्रिया एवम् छलफल सम्पन्न गरी योजनाको निर्माणमा प्राथमिकता प्रदान गरिएको छ ।

अवको शिक्षाले व्यक्तिलाई ज्ञान मात्र नभएर सीप सिकाउन सकेमा सीपयुक्त व्यक्ति श्रमवजारमा सहजै काम पाउने, रोजागारी सृजना हुने, आयआर्जन र आम्दानीको बढोत्तरी भई हामीले कल्पना गरेको समृद्ध र समुन्नत समाजको ढोका खुल्ने भएकोले विश्वव्यापी रुपमा उठाइएको जीवनोपयोगी सीपहरू, भेरीगंगा क्षेत्रका परम्परागत, मौलिक ज्ञान, सीप, सस्कृति र सभ्यताका असल पक्षहरूलाई संरक्षण, सर्म्वद्धन गर्दै नयाँ पुस्तामा हस्तान्तरणका माध्यमले शिक्षित, सुसस्कृत र समृद्ध भेरीगंगा नगरपालिका बनाउने पवित्र सोच बोकेको यो योजना निर्माणमा खटिने योजना निर्माण प्राविधिक समितिका पदाधिकारी साथीहरु तथा अमूल्य सुझाव, सल्लाह र मार्गदर्शन उपलब्ध गराउने सम्माननीय सबै व्यक्तित्वहरू प्रति धन्यवाद एवम् कृतज्ञता व्यक्त गर्दै योजनाको ठोस रुपमा कार्यान्वयमा जुट्नको लागि सबैमा अपिल गर्दछु ।

रेणु आचार्य (ढकाल)

नगर उपप्रमुख, भेरीगंगा नगरपालिका, सुर्खेत

Draft of ESP

भनाइ

Draft of ESP

## भनाइ

नेपालको संविधानको अनुसुची ८ ले आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको २३ वटा आधिकार स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा संविधान र कानुनले अङ्गिकार गरेको व्यवहारलाई आत्मसात गर्दै सुखी भेरीगंगावासी र समृद्ध भेरीगंगा" को परिकल्पनालाई साकार पार्न शैक्षिक पहुँच र व्यवस्थालाई अग्रस्थानमा राख्न जरूरी देखिएको छ ।

वि.सं. २०१३ सालदेखि राष्ट्रियस्तरमा तयार गरिएको योजनाले स्थानीय तहका सबै आवश्यकता परिपूर्ति गर्न कठिनाई भै रहेको अवस्थामा वि.सं. २०५७ सालदेखि शिक्षालाई विकेन्द्रीत योजनाको रूपमा निमार्ण गर्न शुरूवात गरेसंगै स्थानीय तहमा जनसमुदाय र सरोकारवाला पक्षको संलग्नतामा जिल्ला शिक्षा योजना र गाउँ तथा नगर शिक्षा योजना निर्माण तथा कार्यान्वयनको जमर्को गरेको देखिन्छ । संघीयता स्थापनापछिको समयमा राज्यको पुनर्संरचनासंगै संघ, प्रदेश र स्थानीय तह गरी तीनवटै तहका सरकारहरुले शिक्षालाई साझा र एकल दुबै अधिकारको रुपमा बोध गरी कार्य गर्ने सन्दर्भमा नयाँ शिक्षा क्षेत्र योजनाको आवश्यकता परेको देखिन्छ । विद्यालय क्षेत्र विकास योजनाको समाप्तिपछि तीन वटै तहमा एउटै कार्यढाँचामा निर्माण भएको यस योजनाले भेरीगंगा नगरपालिकालाई यर्थाथमा दश बर्ष पछि सबै शैक्षिक गन्तव्य बन्ने कुरामा आशाबादी रहेको छु ।

पहिलो अनुभवमा नै योजना निमार्ण गर्नु जटिल एवं चुनौतीपूर्ण कार्य भएको छ तापनि यो योजना निर्माणमा योजना निर्माण प्राविधिक समितिको काम अत्यन्तै प्रंशसनीय रहेको छ । समितिमा नेतृत्व गर्ने आदरणिय प्रमुख प्रशासकीय अधिकृतज्यू, योजना निर्माणको कार्यलाई अन्तिम समयसम्म साथ र सहयोग गर्ने आदरणीय नगर प्रमुखज्यू, उपप्रमुखज्यू, सामाजिक विकास समिति, कार्यपालिका र शिक्षा समितिका आदरणीय पदाधिकारीज्यूहरु, प्रधानाध्यापकज्यूहरु, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीज्यूहरु तथा योजनालाई निखार ल्याउनका लागि आआफ्नो ठाउँबाट अमूल्य सहयोग, सुझाव र पृष्ठपोषण प्रदान गर्नुहुने सम्पूर्ण शैक्षिक सराकारवालाहरुमा हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । नगरपालिकालाई योजना निर्माणमा छनौट गर्ने सामाजिक विकास मन्त्रालयसमेत धन्यवादको पात्रको रुपमा स्मरण गरिरहेको छु । अन्त्यमा यस योजनाको प्रभावकारी कार्यान्वयनको पूर्ण रुपमा अपेक्षा गरेको छु ।

धन्यवाद ।

धिरेन्द्रप्रसाद शर्मा

उपसचिव, भेरीगंगा नगरपालिका

Draft of ESP

# विषयसूचि

Draft of ESP

# कार्यकारी सारांश (Executive Summary)

कर्णाली प्रदेशको भेरीगंगा नगरपालिकाको शिक्षाको द्रुततर उन्नति र विकासको लागि तयार पारिएको प्रस्तुत दश बर्षे शिक्षा क्षेत्र योजनामा मुलुकमा भएको राजनैतिक परिवर्तन पछि नेपालको संविधानमा शिक्षाको सन्दर्भमा बोलिएको तथा लेखिएको अनिवार्य तथा निःशुल्क शिक्षाको मूल मर्मलाई समेट्ने प्रयास गरिएको छ । योजना निर्माण गर्दा दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षासम्बन्धी संघीय कानुनहरु, कर्णाली प्रदेशको पहिलो आवधिक योजनाको आधारपत्र, नगर शिक्षा ऐन एवं केन्द्रियस्तरमा भएका आयोगहरूका प्रतिवेदन र यस पालिकाको  आवधिक योजनालाई समेत आधार लिइएको छ । यस योजनामा प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत र माध्यमिक शिक्षा, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ, गुणस्तरीय शिक्षा, पाठ्यक्रम र पाठ्यसामग्री, विद्यालय व्यवस्थापन, शिक्षक व्यवस्थापन र पेसागत विकास, शिक्षासंग अन्तरसम्बन्धित सवालहरु, शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि, उच्च शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, संस्थागत क्षमता विकास, लगानी र श्रोत व्यवस्थापन, शिक्षामा कमजोर वर्गको पहुँच र समावेशी शिक्षा र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अलग अलग सवालमा दश बर्षको उद्देश्य, रणनीति र कार्यक्रमहरु विस्तृत रुपमा तयार गरिएको छ ।

सबैका लागि शिक्षा (२००१-२०१५) का लक्ष्य र उद्देश्य पूरा गर्नका लागि आ.ब. २०६६/०६७ देखि शुरु भएको विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६-०७२) विद्यालय शिक्षा क्षेत्रको समग्र दस्तावेजको रुपमा अगाडि ल्याइएको थियो । सो कार्यक्रमको समाप्ति र प्रभावकारीतासंगै आ. ब. २०७३/०७४ देखि विद्यालय क्षेत्र विकास योजना ( २०७३/०७४-०७९/०८०) को निर्माण र कार्यान्वयनको थालनी गरियो । शिक्षा क्षेत्रमा भएको विकेन्द्रीकरणको प्रयासको फलस्वरुप एकातिर विद्यालयहरूले आफ्नो विद्यालयको सुधार र रुपान्तरणको लागि पाँच बर्षे विद्यालय सुधार योजना निर्माण गर्नेदेखि लिएर गाउँ वा नगरपालिकाले गाउँ वा नगर शिक्षा योजना र जिल्लाले जिल्ला शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने अभ्यास गरियो भने अर्कोतिर नेपाल सरकारले विद्यालय शिक्षाका सबै कार्यक्रमहरु विद्यालय क्षेत्र विकास योजनामार्फत कार्यान्वयनमा ल्याउने काम गरियो । विद्यालय शिक्षाका अधिकांश कार्यक्रमहरु विद्यालय क्षेत्र विकास योजनामार्फत सशर्त अनुदानका रुपमा स्थानीय तहमा हस्तान्तरण हुँदै आएका छन् । शिक्षक र कर्मचारीको तलब भत्तादेखि निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति वितरण, दिवा खाजा वितरण लगायत थुप्रै शिर्षकमा अनुदान नियमित रुपमा विद्यालयहरुलाई प्रदान गरिदै आएको छ । प्रदेश र स्थानीय तहले समेत शिक्षातर्फ वित्तीय समानीकरण अनुदान पनि विनियोजन गरी विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिरहेको अवस्था छ । भेरीगंगा नगरपालिकामा समेत वित्तीय समानीकरण अनुदानबाट आधारभूत शिक्षा परीक्षा सञ्चालन र बालबालिकाको शिक्षामा समतामुलक पहुँच र शैक्षिक गुणस्तर अभिबृद्धि गर्नका लागि सहयोग गर्ने खालका थुप्रै कार्यक्रमहरु सञ्चालन हुँदै आएको छ ।

नगरपालिकामा सञ्चालनमा रहेका सबै सामुदायिक विद्यालयहरूले आफ्नो विद्यालयको सुधार र रुपान्तरणको लागि विगतदेखि नै पाँच बर्षे विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्ने कार्य निरन्तर गरिरहेका छन् ।

Draft of ESP

साविकका चार वटा गाउँ विकास समिति र चार वटा सामुदायिक सिकाइ केन्द्र एवम् सामुदायिक विद्यालयहरुको नेतृत्वमा नगरपालिकाको साक्षरता दरमा समेत उल्लेख्य बृद्धि भई २०७० सालमा साक्षर नगरपालिका घोषणा भईसकेको अवस्था छ । विद्यालय शिक्षामा समतामूलक पहुँच, टिकाउ दरमा बृद्धि, भौतिक पूर्वाधारमा सुधारोन्मुख, विद्यालयमा सूचना प्रविधिको विस्तार, समावेशी र समतामूलक शिक्षा, बालमैत्री विद्यालय र विद्यालय शान्ति क्षेत्र जस्ता पक्षमा उल्लेख्य प्रगति भएको पाइन्छ ।

सबै बालबालिकाहरूका लागि सर्वाङ्गीण विकासमा केन्द्रित गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु योजनाको मुख्य उद्देश्य हो । यस योजनाले योजनावधिभर नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका तुल्याई अनौपचारिक, वैकल्पिक र खुला शिक्षाका माध्यमबाट जीवनपर्यन्त निरन्तर शिक्षाको अवसरहरूको सुनिश्चितता गर्ने र प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा सबैको समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्ने समेत उद्देश्य लिएको छ । विद्यालयलाई भय, विभेद र दूर्व्यवहारमुक्त तथा विविधताअनुकूल बनाई बालबालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्ने र आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने कार्य समेत यस योजनाको उद्देश्यमा समेटिएका छन् । ।

बदलिंदो परिवर्तन तथा परिस्थितिलाई मध्य नजर गर्दै शिक्षामा समयानुकूल परिवर्तन गर्न जरूरी छ भन्ने महशुसस गरेर विद्यालय तहको संरचनामा भएको परिवर्तन एवं आन्तरिक सुशासन, सुधार एवं दक्षतामा अभिवृद्धि गरी गुणात्मक परिवर्तनका कार्यक्रमहरू योजनामा समावेश गरिएका छन् । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुमा विकास गरी यसलाई सबै बालबालिकाका लागि अनिवार्य गर्ने र नक्साङ्कनका आधारमा नगरपालिका क्षेत्रभित्र विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्ने रणनीति योजनाले अगाडि सारेको छ । योजनाले अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेशागत नैतिकताको प्रबर्द्धन र लगानी अभिबृद्धिद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने, नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गरी निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्न आवश्यक पर्ने सहयोग प्रणाली लागु गर्ने र साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवम् व्यवसाय, सामाजिक जीवन र सहभागितासंग आबद्ध गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रहरूको कार्यक्षमतामा सबलीकरण गर्ने कार्यलाई प्राथमिकता दिएको छ । विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्नकालागि विद्यालयको नेतृत्व प्रणालीमा सुधार गरी सूचना प्रविधिमा आधारित व्यवस्थापन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गर्ने पाटो पनि योजनाको मुख्य रणनीतिका विषय बनेका छन् । त्यसैगरी योजनामा आापतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि विद्यालयको शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने संरचनागत एवम् मानवीय श्रोत व्यवस्थापन गर्ने र शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने कार्यसंग सम्बन्धित कार्यक्रमहरु पनि समावेश गरिएका छन् ।

Draft of ESP

संघ, सातवटै प्रदेश र प्रत्येक प्रदेशबाट तीनवटा स्थानीय तहको योजना निर्माण गर्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशको स्थानीय तह छनौटसम्बन्धी गरिएको निर्णयानुसार यस नगरपालिकाको १० बर्षे शिक्षा क्षेत्र योजना निर्माणको कार्य शुरुवात गरिएको थियो । शिक्षा क्षेत्रको १० बर्षे योजना तयारीको प्रारम्भिक कार्यको सुरुआतसँगै बजेट अभाव र कोभिड १९ को दोश्रो चरणको प्रकोप पुनः सुरु हुनाले यो प्रक्रियाले गति लिन केही समय लाग्यो । सिमीत श्रोत र साधनको प्रयोग गरेर तथा दूरीमा रही सञ्चार गर्ने विभिन्न वैकल्पिक माध्यमसमेत प्रयोग गरी योजना निर्माण प्रक्रियालाई अगाडि बढाउनका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा एघार सदस्यीय योजना निर्माण प्राविधिक समिति गठन गरी कार्य जिम्मेवारी समेत विभाजन गरिएको थियो । योजनाको तयारी तथा विकास कार्यको समग्र संयोजन नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट भएको थियो । योजनाको भर्चुअल तथा भौतिक उपस्थितिमा विभिन्न तहमा सरोकारवालाहरुसंग व्यापक छलफल र अन्तक्रिया गरिएको थियो । योजनालाई प्रधानाध्यापक बैठक, सामाजिक विकास समिति, नगर शिक्षा समिति र नगर कार्यपालिकाको बैठकमा समेत छलफल तथा स्वीकृतीको प्रक्रिया पूरा गरी प्राविधिक समितिबाट मस्यौदालाई अन्तिम रुप दिइएको थियो र अन्तमा नगर सभाबाट स्वीकृत गरिएको थियो ।

यस योजनाको अन्त्यसम्ममा सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने अपेक्षा गरेको छ । नगरक्षेत्रमा बसोबास गर्ने सबै नागरिकहरुले साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने योजनाले परिकल्पना गरेको छ । अपाङ्गता भएका बालबालिकाहरुले विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरु प्राप्त हुने र विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्यांकन प्रभावकारी र नतिजामूलक हुने समेत यस योजनाले अपेक्षा गरेको छ । यस योजनाको कार्यान्वयनका लागि पाँच बर्षको लागि ...........र दश बर्षको लागि ...............बजेट खर्च हुने अनुमान गरिएको छ ।

Draft of ESP

# परिच्छेद : एक

# परिचय (Introduction)

## १.१ पृष्ठभूमि (Background)

### १.१.१ अवधारणा (Concept)

नेपालको संविधानअनुसार संघीय गणतन्त्रात्मक प्रणाली सुरुवात भएसंगै संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारहरु क्रियाशील रहेका छन् । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकारहरुको स्थानीय तहका सरकारहरु कार्यान्वयनको अभ्यासमा छन् । संघीय शिक्षासम्बन्धी कानुनहरुसंग नबाझिने गरी भेरीगंगा नगरपालिकाले नगर शिक्षा ऐन, २०७५ समेत कार्यान्वयनमा ल्याएको छ । ऐनलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि आधा दर्जनजति निर्देशिका र कार्यविधिहरु निर्माण गरी प्रयोगमा आएको अवस्था छ । संविधानले प्रदत्त गरेका शिक्षासम्बन्धी हकहरुलाई सुनिश्चित गर्न आवश्यक पर्ने नीतिगत सुधारको पक्षहरुलाई नगरपालिकाले जोड दिएको छ ।

भेरीगंगा नगरपालिकामा हालसम्म शिक्षासम्बन्धी आवधिक योजना बन्न सकेको अवस्था छैन । दिगो विकासका १७ ओटा लक्ष्यहरुमध्ये लक्ष्य नं. ४ को गुणस्तरीय शिक्षा, पन्ध्रौं आवधिक योजना र राष्ट्रिय शिक्षा नीति, २०७६ लाई स्थानीयकरण गर्ने सन्दर्भमा हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास योजना (SSDP) २०७३-२०७८ को अवधि यही आर्थिक वर्षको अन्तसम्म मात्र रहेकोले परिवर्तित राज्यको संरचनाअनुकूल तीन वटै तहमा नयाँ शिक्षा योजनाको विकास गर्नु परेको छ । ज्ञान, विज्ञान तथा प्रविधिमा भएको आमूल परिवर्तनलाई सान्दर्भिकरणसहित आत्मसात गर्न र नवप्रवर्तनात्मक, योग्य तथा देशको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी जनशक्ति विकासका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि शिक्षामा नयाँ योजना आवश्यक देखिएको छ । भेरीगंगा नगरपालिका अन्तर्गतका क्षेत्रमा विभिन्न समयमा देखा पर्ने प्राकृतिक प्रकोप, महामारी तथा आपत विपतबाट समग्र शिक्षा क्षेत्रमा उत्पन्न हुने जोखिमलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील (Resilient) शिक्षा पद्धतिको विकासलाई समेत प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको छ ।

उल्लिखित सन्दर्भले यस नगरपालिकाको शिक्षा क्षेत्रको विकासका लागि नयाँ योजनाको आवश्यकता महसुस गरी यो शिक्षा क्षेत्रको योजना (Education Sector Plan–ESP) आगामी १० वर्षको शिक्षा विकासको दृष्टिकोणसहित तयार गरिएको छ । यस योजनाको पहिलो परिच्छेदमा योजनाका समग्र सन्दर्भहरू उल्लेख गरिएको छ भने उक्त

Draft of ESP

सन्दर्भका आधारमा यस नगरपालिकाको शिक्षा क्षेत्रका प्रमुख चुनौती तथा अवसरहरू पहिचान गर्नुका साथै अन्तिममा योजना नर्माणको प्रक्रिया पनि सङ्क्षेपमा उल्लेख गरिएको छ ।

## १.१.२ सन्दर्भ (Context)

नेपालको संविधान निर्माण भइसकेपश्चात भेरीगंगा नगरपालिकामा समेत जनताबाट निर्वाचित सरकार गठन भएर कानुनी तथा व्यवस्थापकीय संरचनासहित नगरपालिकाको शैक्षिक उन्नयनका सवालमा काम गरिरहेको छ । यस अवधिमा नगरपालिकाको समग्र अवस्थामा सुधार भएको देखिन्छ । कर्णाली प्रदेशकै द्वारमा रहेको यस नगरपालिकामा शिक्षा विकासमा सामाजिक, सांस्कृतिक र आर्थिक सन्दर्भ, भौगोलिक, जनसाङ्खिक र शासकीय स्वरूपको प्रभाव रहने भएकाले यो शिक्षा योजना निर्माणका क्रममा यी सन्दर्भहरूको सामान्य समीक्षा गरिएको छ ।

### १.१.२.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ (Social and Cultural Context)

भेरीगंगा नगरपालिका भित्र ब्राह्मण, क्षेत्री, ठकुरी, मगर, राजी, दलित आदि समुदायको बसोबास रहेको छ । सबैभन्दा बढी ब्राह्मण, क्षेत्री, ठकुरी करिब ५२ प्रतिशत र दलित समुदायका करिब ३३ प्रतिशत नागरिकहरु बसोबास गर्दछन् । करिब ११ प्रतिशत जनजातीको बाहुल्यता रहेको यस नगरपालिमा करिब ६ प्रतिशत अन्य जातजातीका मानिसहरु बसोबास गर्दछन् । धर्मका आधारमा जनसंख्याको वर्गीकरण गर्दा यस नगरपालिकामा हिन्दू, बौद्ध तथा क्रिश्चियन धर्मावलम्बीहरूको बसोबास भएको पाइन्छ । तीमध्ये ९६.८८ प्रतिशत हिन्दु धर्म मान्ने जनसंख्या रहेको छ । यस नगरपालिकाभित्र नेपाली भाषा बोल्ने मानिसहरु ९६.१४ प्रतिशत रहेका छन् । नगरपालिकाभित्र रहेका बिभिन्न उमेर समूहका मानिसहरुको जनसंख्यालाई अध्ययन गर्दा १५ देखि ४९ उमेर समूहका मानिसहरु ४७ प्रतिशत रहेको पाइन्छ ।

यस नगरपालिकामा  जातजातिगत, अपाङ्गता तथा क्षेत्रगत आधारमा परम्परादेखि सिर्जित भिन्नताले विभेद तथा बञ्चितीकरणमा परी विकासका अवसरहरूबाट बञ्चित भएका र सुविधाविहिन हुन पुगेका व्यक्ति तथा समुदाय पनि रहेका छन् । खास गरी जातजातीय, अपाङ्गता तथा लैङ्गिक आधारमा हुने भिन्नता तथा बञ्चितीकरणलाई न्यूनीकरण गर्ने विभिन्न प्रयासहरू भई केही सकारात्मक उपलब्धिहरू पनि प्राप्त भएका छन् तापनि सुधार गर्नुपर्ने पक्षहरू थुप्रै छन् । यस्ता विभेदहरू हटाउन विभिन्न लक्षित विकास कार्यक्रमहरू सञ्चालन गरिएका छन् भने विभिन्न क्षेत्रमा आरक्षण तथा विशेष प्रबन्ध पनि गरिएको छ । यसो हुँदाहुँदै पनि कतिपय सामाजिक व्यवहार परिवर्तन हुन नसक्दा कतिपय स्थान तथा समुदायमा यस्ता भिन्नता पूर्ण रूपमा हट्न सकेका छैनन् । यस्तो अवस्थामा एकातिर विविधतालाई सम्मान गर्ने दृष्टिकोण सहितका शैक्षिक नीति तथा कार्यक्रमहरू आवश्यक हुन्छन् भने अर्कोतिर सबैलाई समावेश गर्ने, समता अभिवृद्धि गर्ने, विभेदरहितताको वातावरण सृजना गर्ने र आवश्यकतानुसार थप तथा विशेष प्रबन्ध गरी समता र समावेशिता अभिवृद्धि गर्ने आवश्यकतालाई योजना निर्माणमा विशेष ध्यान दिनु जरुरी छ ।

### १.१.२.२ आर्थिक सन्दर्भ (Economic Context)

यस नगरपालिकाको मुख्य आम्दानीका श्रोतको रुपमा भेरी, डुंगीखोला र झिङनीखोलामा रहेको बालुवा, गिट्टी र ढुंगा हो । सिमित रुपमा उठ्ने घरबाहल कर तथा सम्पति करको थोरै हिस्साको रुपमा केही आम्दानीका श्रोत रहेकाले

Draft of ESP

संघीय र प्रदेश सरकारको आर्थिक सहयोगको अपेक्षा गरिरहनुपर्ने यहाँको बाध्यता हो । नेपालकै गौरवको बहुबर्षिय योजनाको रुपमा भेरी बबई डाइभर्सनको निर्माण कार्य समेत यस नगरपालिकाको पहिचान मात्र नभएर एउटा सहायक आर्थिक श्रोतको रुपमा हुन सक्दछ । पछिल्लो अवस्थामा निरन्तर रुपमा देखिएको कोभिड १९ को सङ्क्रमणले गरिबीको अवस्था झनै उकालो लागेको अनुभूति गर्न सकिन्छ ।

मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन रहेको यस नगरपालिकामा खेति योग्य जमिनको अंश भने केवल ४४.२४ प्रतिशत मात्र रहेको छ । यस नगरको अधिकांश भाग पहाडी क्षेत्रभित्र पर्ने भएकाले जमिनको बनावटको अधिकांश हिस्सा भिरालो रहेको पाइन्छ । नगरबासीहरूले अपनाउने पेशालाई कृषि र पशुपालन, नोकरी, व्यापार व्यवसाय, वैदेशिक रोजगारी अन्य गरी पाँच समूहमा विभाजन गरी विश्लेषण गर्दा सबैभन्दा बढी कृषि पेशा गर्ने जनसख्या ७४.४५ प्रतिशत रहेको पाइन्छ । नगरपालिकाको कृषि उत्पादनका सन्दर्भमा धान, गहुँ, मकै प्रमुख बालीको रुपमा रहेका छन् । यस नगर क्षेत्रभित्र पालिएका पशुधन तथा तिनीहरूबाट उत्पादन हुने दुध, मासु, अण्डा आदिलाई विश्लेषण गर्दा गाई तथा भैँसीमध्ये गाईको संख्या धेरै पाइएको छ । पालिएका पशुहरूको नश्ल हेर्दा धेरै स्थानीय जातको पाल्ने गरेको तथ्याङ्क देखिन्छ ।

यो क्षेत्र आँप र लिचिजस्ता फलफूल र आलु, धान, मकै, कोदो, गहुँ, अदुवा, वेसार, केरा, जडीबुटी लगायतको खाद्यान्न उत्पादनको पकेट क्षेत्र मानिन्छ । पशुपालन र मौरीपालनको उर्वर भूमीका रुपमा समेत यो क्षेत्रको पहिचान हुने गर्दछ । घरमा खाना पकाउन प्रयोग हुने इन्धनको प्रमुख स्रोतका रुपमा (६७.९० प्रतिशत) दाउराको प्रयोग गर्ने गरेको पाइन्छ ।

### १.१.२.३ भौगोलिक तथा जनसाङ्ख्यिक स्वरूप (Geographic and Demographic Nature)

सुर्खेत जिल्लाको सदरमुकामको रुपमा रहेको वीरेन्द्रनगर नगरपालिकासँगै जोडिएको पूर्वी क्षेत्रमा अवस्थित यो नगरपालिका जिल्लाको दोश्रो नगरपालिकाको रुपमा रहेको छ । वि.सं. २०७१ साल मंसीर १६ को नेपाल सरकारको निर्णयअनुसार साविक छिन्चु, रामघाट र मैनतडा गाउँ विकास समितिहरु मिलेर बनेको यस नगरपालिकामा राज्यको पुनर्संरचनासंगै साविकको लेखपराजुल गाउँ विकास समितिलाई पनि समेटिएको थियो । वि.सं. २०७३ भाद्र १३ गतेको स्थानिय तह पुनर्संरचना प्राविधिक सहयोग समिति सुर्खेतको बैठकबाट यसलाई १३ वटा वडामा विभाजन गरिएको हो । पूर्वमा बबई नदी र पश्चिममा भेरी नदीसम्म फैलिएको यो नगरपालिका जनसंख्याको हिसाबले सुर्खेत जिल्लाका नौ वटा स्थानिय तहमा चौथो र क्षेत्रफलको हिसाबले तेश्रो नगरपालिकाको रुपमा रहेको छ । कर्णाली प्रदेशको राजधानी बीरेन्द्रनगरदेखि ३२ कि.मी. को दूरीमा रहेको यस नगरपालिकाको पूर्वमा गुर्भाकोट नगरपालिका, पश्चिममा बराहताल, उत्तरमा बीरेन्द्रनगर र लेकबेसी नगरपालिका र दक्षिणमा बर्दिया जिल्ला सिमाना रहेको छ । यस नगरपालिकाको कुल क्षेत्रफल २५६.२० वर्ग किलोमिटर रहेको छ भने समुद्र सतहदेखि ५०० मिटरदेखि १४०० मिटरको उचाइमा रहेको यस नगरपालिकामा समसितोष्ण हावापानी पाइन्छ ।

२०६८ सालको जनगणनाअनुसार कुल जनसंख्या ४१ हजार ४ सय ७ रहेको यस नगरपालिकामा उद्योग, व्यापार, पर्यटन, व्यावसायिक कृषि पशुपालनको माध्यमबाट यस क्षेत्रका मानिसहरुले जिविकोपार्जन गरिरहेका छन् । नेपालगञ्ज सुर्खेत जोड्ने रत्न राजमार्गको अधिकतम खण्ड यसै नगरपालिका अर्न्तगत पर्ने र सुर्खेत जाजरकोट

सडक पनि यसै नगरपालिका हुँदै जाने भएकाले यो नगरपालिकालाई कर्णाली प्रदेशकै प्रवेश द्वारको रुपमा चित्रण गर्न सकिन्छ ।

### १.१.२.४ नगरपालिकाको शैक्षिक सन्दर्भ (Educational Context)

एक बर्षको प्रारम्भिक बालिवकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व नगरपालिकाको रहेको छ । नेपालको संविधान, पन्ध्रौं योजना, राष्ट्रिय शिक्षा नीति, २०७६, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षासम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७ आदि जस्ता शिक्षासम्बन्धी संघीय कानुनहरुले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेका छन् । शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका साथै गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य शिक्षाका संघीय नीति तथा योजनाहरुमा उल्लेख भएको देखिन्छ । यस नगरपालिकामा समेत संविधान र संघीय कानुनबमोजिम सम्पूर्ण बालबालिकाहरुलाई समता र न्यायमूलक ढंगले शिक्षामा पहुँच अभिबृद्धि गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नका लागि नगर शिक्षा ऐन, २०७५ ले समेत महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको अवस्था विद्यमान छ ।

शैक्षिक सत्र २०७७ को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्नादर ७६.७ प्रतिशत पुगेको छ । ५९ प्रतिशत बालबालिकाहरु प्रारम्भिक बाल विकास शिक्षाको अनुभव प्राप्त गरेर कक्षा १ मा प्रवेश गरेको पाइन्छ । आधारभूत शिक्षा (कक्षा १-५) मा खुद भर्नादर ९४.३ र आधारभूत शिक्षा (कक्षा १-८) ९४.१ प्रतिशत रहेको छ । ५ देखि १२ बर्ष उमेर समूहका ५.९ प्रतिशत बालबालिकाहरु अझैपनि विद्यालय बाहिर रहेको तथ्याङ्कले देखाएको छ । माध्यमिक शिक्षा (कक्षा ९-१२) मा जम्मा २६.७ प्रतिशत खुद भर्नादर भएको यस नगरपालिकामा अझैपनि ठूलो संख्यामा माध्यमिक तहका उमेर समूहका बालबालिकाहरु विद्यालय शिक्षाबाट बञ्चित रहेका छन् ।

भेरीगंगा नगरपालिकामा विद्यालय शिक्षामा तीन वटै तहका सरकारहरुको प्रत्यक्ष लगानी नभई अभिभावकबाट शुल्क लिएर सञ्चालन भएका नाफामूलक संस्थागत (निजी क्षेत्रबाट सञ्चालित) विद्यालयको उपस्थिति पनि केही संख्यामा छ । प्रारम्भिक बाल विकास शिक्षा प्रदान गर्ने संस्थाका रुपमा दुईवटा मन्टेश्वरी विद्यालय र दशवटा आधारभूत शिक्षा तथा ३ वटा माध्यमिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरु निजी क्षेत्रबाट सञ्चालनमा रहेका छन् । शैक्षिक सत्र २०७७ को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल १४८३, आधारभूत शिक्षामा ९५४६ र माध्यमिक शिक्षामा ३१३९ विद्यार्थीहरु अध्ययनरत् रहेका छन् भने समग्र विद्यालय शिक्षामा लैङ्गिक समता सूचक ०.९९ प्रतिशत पुगेको छ । त्यसै गरी दलित विद्यार्थीहरूको भर्ना दरमा पनि पर्याप्त सुधार भई प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत र माध्यमिक तहमा कुल भर्नामध्ये करिब ४१ प्रतिशतको हाराहारीमा दलित विद्यार्थीहरु भर्ना भई शिक्षा प्राप्त गरिरहेका छन् । विभिन्न किसिमका अपाङ्गता भएका सबै बालबालिकालाई समावेशी वातावरण सिर्जना तथा आवश्यकता अनुसारको प्रबन्धसहिको सहभागिता र सिकाइका लागि आवश्यक्ता रहने सन्दर्भमा यस नगरपालिकामा दृष्टिविहिन बालबालिकाहरुको लागि श्री शिखर मावि रामघाटमा श्रोतकक्षा

Draft of ESP

सञ्चालन भइरहेको छ भने अन्य प्रकृतिको अपाङ्गता भएका बालबालिकाहरुको सिकाइको लागि आवश्यक प्रबन्ध गर्न सकिएको छैन ।

## १.२ विद्यमान चुनौतिहरु (Challenges)

भेरीगंगा नगरपालिकाको सन्दर्भमा शिक्षा क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरू निम्नअनुसार पहिचान गरिएको छ :

१) सामुदायिक विद्यालयहरूमा न्यूनतम रुपमा शिक्षक व्यवस्थापन गर्ने,

२) सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र ⁄ कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन गर्ने,

३) नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी विद्यालय शिक्षामा सबै प्रकारका बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्ने,

४) विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिगमैत्री बनाउने,

५) आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास गर्ने,

६) शिक्षक विकास तथा तयारीलाई प्रभावकारी बनाउने र शिक्षक सहायता प्रणालीको व्यवस्था  शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र शिक्षा पद्धतिको कार्यकुशलता बृद्धि गर्ने,

७) माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन गर्ने,

८) सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने,

९) विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाई शैक्षिक गतिविधिलाई निरन्तरता दिने,

१०) विद्यालयमार्फत सम्पूर्ण विद्यार्थीहरुलाई दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा     शिक्षा प्रदान गर्ने,

११) छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका  बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी व्यवस्थापन गर्ने,

१२) विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने,

१३) साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा बृद्धि गर्ने र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्ने,

१४) विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रहरुको संस्थागत क्षमता विकास गरी सुशासन कायम गर्ने,

१५) सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्ने ।

Draft of ESP

## १.३ शिक्षा क्षेत्रका अवसरहरू (Opportunities)

भेरीगंगा नगरपालिका क्षेत्र अन्तर्गत विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरू उलपब्ध हुनेछन् :

१) विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वाधारका रूपमा रहन सक्ने,

२) आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको,

३) शिक्षामा भेरीगंगा नगरपालिकाका अतिरिक्त कर्णाली प्रदेश र संघीय सरकारहरुको लगानी बृद्धिका लागि राजनीतिक रूपमा सहमति देखिएको,

४) विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि नगरपालिकालाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको,

५) राष्ट्रिय शिक्षा नीति, २०७६ र राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको,

६) सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको,

७) नगरपालिकाले शैक्षिक विकासका लागि आवश्यक पर्ने नीतिगत एवम् कानुनी आधारहरु तयार गरेको,

८) नगरपालिकाको प्राथमिकता प्राप्त क्षेत्रमा शिक्षा अग्रस्थानमा रहेको,

९) विद्यालय भर्नादर, साक्षरता, लैङ्गिक समता सूचक, शिक्षामा समावेशीकरण जस्ता पक्षहरूमा उत्साहजनक सुधार हुनका साथै सामुदायिक विद्यालय सुधार प्रतिको चासो र जनअपेक्षा बढ्दै गएको,

१०) यस योजनाको प्रभावकारी कार्यान्वयनबाट नगरपालिकामा सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा बढ्न सहयोग पुग्न सक्ने अपेक्षा रहेको ।

## १.४ सुधार गर्नुपर्ने पक्षहरु (Aspects to be Improved)

नेपालको संविधानले तीन तहको शासकीय व्यवस्था, तीनै तहका सरकारहरूकाबीचमा समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा राखेको छ । नेपालको संविधानको अनुसूचि ८ मा आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय सरकारलाई तोकिएको छ । स्थानीय सरकार सञ्चाालन ऐन, २०७४ ले स्थानीय तहलाई प्राप्त शिक्षा सम्वन्धी अधिकारलाई नीति निर्माण, मापदण्ड तयार, सञ्चालन, व्यवस्थापन र नियमनका क्षेत्रमा जवाफदेही बनाउदै शैक्षिक सुशासन कायम गर्ने अभिष्ट राखेको छ । राजनीतिक, प्रशासनिक र वित्तिय संघीयतालाई संस्थागत गर्दै सबैको ध्यान नागरिकले अनुभूति गर्ने गरी विकास र समृद्धिको यात्रा तर्फ केन्द्रित भएको सर्न्दभमा शिक्षालाई व्यवहारिक, जीवनपयोगी र बैज्ञानिक बनाई परिवर्तनको वाहक शक्तिको रुपमा रुपान्तरण गर्नुपर्ने हुन्छ ।

विकासलाई भौतिक रुपमा मात्र शास्त्रीय रुपमा नबुझी, सामाजिक, मानवीय, आर्थिक लगायतका बहुआयमिक दृष्टिकोणले विश्लेषण गर्न थालिएको छ । शिक्षालाई नागरिकको मौलिक अधिकारको रुपमा संविधानमै व्यवस्था गरिनुले शिक्षा मागमा होईन अधिकारमा आधारित अवधारणामा अघि बढ्दै छ । विगतको केन्द्रीकृत सोचले तयार र

Draft of ESP

कार्यन्वयन भएका शैक्षिक योजनाहरूले नत स्थानीय तहका माग र आवश्यकतालाई सम्वोधन गर्न सके नत स्थानीयको सहभागिता, अपनत्व र दिगोपना कायम रह्यो । त्यसैले विश्वव्यापी रुपमा शिक्षाको क्षेत्रमा भित्रिएको नविनतम सोच, दिगो विकासका लक्ष्य, विश्व शिक्षा मञ्चको इन्चोन घोषणापत्र, पन्ध्रौ योजना, कर्णाली प्रदेशको आवधिक योजना, विद्यालय क्षेत्र विकास योजना, संघ र कर्णाली प्रदेशस्तरमा निर्माणको चरणमा अगाडि बढिरहेका शिक्षा क्षेत्र योजनाजस्ता शिक्षा क्षेत्रका रुपान्तरणकारी योजना तथा कार्यक्रमहरूलाई सैद्धान्तिक मार्गदर्शनको रुपमा यस योजनाले ग्रहण गरेको छ । यूनेस्को (२०१५) ले भनेझैं शिक्षा समग्र विकासको र दिगो विकासका लक्ष्यले अपेक्षा गरेको नतिजा हासिल गर्ने मुख्य उत्प्रेरक हो । यसै सन्दर्भमा भेरीगंगा नगरपालिकालाई सुर्खेत जिल्ला र कर्णाली प्रदेशको मात्र नभएर देशकै उत्कृष्ट शैक्षिक गन्तव्य बनाउनको लागि यो दश बर्षे शिक्षा क्षेत्र योजना मार्गदर्शनको रुपमा रहने परिकल्पना गरिएको छ ।

विद्यालय तथा विद्यार्थी भर्नामा बृद्धि तथा समताका सूचकहरूमा सुधार आए पनि सबै बालबालिकालाई विद्यालयमा ल्याई गुणस्तरीय सिकाइसहित विद्यालय तह पुरा गराउन थप प्रयास तथा सुधार आवश्यक छ । यसका लागि समग्र विद्यालय पद्धतिलाई बालमैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधारसिहतको सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको विकास आवश्यक हुन्छ । त्यसै गरी विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्न उनीहरूको कुशलताप्रति चासो बढाउन विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आवद्ध गरी व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ ।

शिक्षाको सबै तहमा सुशासन कायम गर्न र प्रभावकारी र गुणस्तरीय सेवा प्रवाहका लागि नेपालको संविधानअनुसार तीनै तहको सरकारको समन्वय. सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित उच्च गुणस्तरको शैक्षिक व्यवस्थापनका गर्न सक्ने गरी शासकीय तथा व्यवस्थापकीय प्रबन्ध गर्न आवश्यक छ । सार्वजनिक शिक्षामा न्यून पहुँच भएका दुर्गम गाउँका बालबालिका तथा युवाहरूका लागि शिक्षा प्रणालीमा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्न सेवा प्रदायक प्रणाली र शिक्षकको दक्षता सुधारसहित गुणस्तर अभिवृद्धि गर्नु आवश्यक छ । यस प्रयोजनका लागि हालसम्म कार्यान्वयन भएका योजनाहरूको समीक्षाका आधारमा विकास कार्यक्रमहरूको परिमार्जन तथा सेवा प्रदायक एकाइ तथा निकायहरूको क्षमता अभिवृद्धि गर्न जरूरी देखिएको छ ।

## १.५ योजना निर्माणका आधार (Plan Formulation Criteria)

यस योजनाको तर्जुमा गर्दा देहायका दस्तावेजहरुलाई मुख्य आधार लिइएको छ :

१) दिगो विकास लक्ष्य नं. ४ (SDG-4)

२) नेपालको संविधान (२०७२)

३) पन्ध्रौं योजना (२०७६/०७७- २०८०/०८१)

४) विद्यालय क्षेत्र विकास योजना (SSDP)

५) राष्ट्रिय शिक्षा नीति, २०७६

Draft of ESP

६)	राष्ट्रिय पाठ्यक्रमको प्रारुप, २०७६

७)	स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६

८)	कर्णाली प्रदेशको प्रथम पञ्चबर्षिय योजनाको आधारपत्र (२०७६/०७७- २०८०/०८१)

९)	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत अन्य संघीय कानुनहरु

१०)	नगर शिक्षा ऐन, २०७५

११)	शिक्षा सम्बन्धी नगरस्तरीय विभिन्न निर्देशिका र कार्यविधिहरु

१२)	संघीय र कर्णाली प्रदेशको शिक्षा क्षेत्र योजनाको मस्यौदा ।

## १.६ योजना निर्माण प्रक्रिया (Plan Formulation Process)

वि.सं. २०६५ देखि शिक्षा क्षेत्रमा शुरु हुँदै आएको विद्यालय क्षेत्र सुधार कार्यक्रम र हालको विद्यालय क्षेत्र विकास योजनाको समयावधि सम्पन्न हुन लागेको अवस्था छ । संघीयता र शिक्षा क्षेत्रको पुनर्संरचनासंगै तीन वटै तहहरुमा एउटै ढाँचा र एकैसाथ नया शिक्षा क्षेत्र योजना निर्माण गर्ने नेपाल सरकारको निर्णयानुसार योजना निर्माणको कार्य अगाडि बढेको छ । संघ, सातवटै प्रदेश र प्रत्येक प्रदेशबाट तीनवटा स्थानीय तहको योजना निर्माण गर्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको २०७७/३/१७ र सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशको प्रादेशिक शैक्षिक योजना तयारी प्राविधिक समितिको २०७७/८/३० को निर्णय र उक्त मन्त्रालयको २०७७/९/१ को शिक्षा क्षेत्र योजना तयार गर्न छनौट गरिएको पत्रानुसार नगरपालिकाको १० बर्षे शिक्षा क्षेत्र योजना निर्माणको कार्य शुरुवात गरिएको थियो ।

आर्थिक बर्ष २०७६/०७७ मा नगरपालिकाको पाँच बर्षे आवधिक शिक्षा योजना निर्माण गर्नका लागि केही बजेटसमेत विनियोजन गरेर नगरपालिका स्तरीय एक दिने कार्यशाला सञ्चालन गरिएको थियो । उक्त कार्यशालाबाट शिक्षा नीति र योजना निर्माणको लागि नगरपालिकाको शिक्षा शाखा प्रमुखको अध्यक्षतामा एक कार्यदल गठन गरिएको थियो । कार्यदलले काम अगाडि बढाइरहेको अवस्थामा २०७६ फाल्गुनदेखि कोभिड १९ को सङ्क्रमणका कारण लकडाउन भएकाले योजना निर्माण कार्य पूर्ण रुपमा प्रभावित भयो । कर्णाली प्रदेश सरकारबाट मिति २०७७ पौष महिनामा १० बर्षे शिक्षा क्षेत्र योजना निर्माण गर्नका लागि कर्णाली प्रदेशमा छनौट भएका तीनवटा स्थानीय तहहहरुमध्ये यो नगरपालिका एक रह्यो ।  शिक्षा क्षेत्रको १० बर्षे योजना तयारीको प्रारम्भिक कार्यको सुरुआतसँगै बजेट अभाव र कोभिड १९ को दोश्रो चरणको प्रकोप पुनः सुरु हुनाले यो प्रक्रियाले पुनः गति लिन केही समय लाग्यो । सिमीत श्रोत र साधनको प्रयोग गरेर तथा दूरीमा रही सञ्चार गर्ने विभिन्न वैकल्पिक माध्यमसमेत प्रयोग गरी २०७८ जेष्ठदेखि यस प्रक्रियाले पुनः गति लिएको थियो । नगरपालिकाको नगर सभा, कार्यपालिका तथा नगर शिक्षा समितिको विभिन्न समयमा वसेको बैठकहरुले सहमति प्रदान गरेअनुसार शिक्षा, युवा तथा खेलकुद

शाखाले योजना निर्माण गर्ने कार्यको नेतृत्व गरेको थियो । योजना निर्माण प्रक्रियालाई अगाडि बढाउन गठित प्राविधिक समितिको अध्यक्षता नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट भएको थियो । योजनाको तयारी तथा विकास कार्यको समग्र संयोजन नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट भएको थियो ।

यो योजना तयारीका क्रममा विभिन्न विषय शिर्षक हेर्ने गरी थिमगत ड्राफ्ट बनाउने गरी प्राविधिक समितिका पदाधिकारीहरुलाई कार्य विभाजन गरिएको थियो । विभिन्न समयमा भर्चुअल तथा भौतिक उपस्थितिका माध्यमबाट शिक्षा सरोकारवालाहरुसंग सम्बन्धित विषयमा अन्तरक्रिया गरी योजनाको पृष्ठपोषण प्राप्त गरिएको थियो । नगर कार्यपालिका, सामाजिक विकास समिति र नगर शिक्षा समितिका पदाधिकारीहरुबीच समेत पटक पटक गहन छलफल भएको थियो । नगरपालिकाको शिक्षा क्षेत्रसंग सम्बन्धित अगुवाहरु, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र, प्रदेश सरकारका निकायहरू, शिक्षा विकास तथा समन्वय इकाइ, राष्ट्रिय परीक्षा बोर्ड, गैर सरकारी संस्था र प्रधानाध्यापकहरुसंग समेत बृहत रुपमा अन्तरक्रिया गरी सुझावहरू लिइएको थियो ।

यो योजना तयारीका क्रममा समितिले निर्माण गरेको एघार ओटा अलग अलग विषयगत/थिमगत विज्ञहरु समेटिएको प्राविधिक समितिले देहायबमोजिम प्रतिवेदन तयार गरेर पेश गरेको थियो :

| क्र.सं. | नामथर | पद | कार्यालय | विषय शिर्षक/थिम |
|---|---|---|---|---|
| १ | जगतबहादुर वस्नेत | प्रमुख प्रशासकीय अधिकृत | भेरीगंगा नगरपालिका | दूरदृष्टि, लक्ष्य, उद्देश्यहरु तथा रणनीति |
| २ | जीतबहादुर शाह | प्रमुख | राष्ट्रिय परीक्षा बोर्ड, सुर्खेत | शिक्षक व्यवस्थापन र विकास |
| ३ | मानबहादुर ठाँडा | लेखा अधिकृत | भेरीगंगा नगरपालिका | बजेटसम्बन्धी व्यवस्था |
| ४ | गजेन्द्रकुमार जिसी | शाखा अधिकृत | भेरीगंगा नगरपालिका | संस्थागत संरचना र क्षमता विकास, लगानी र श्रोत व्यवस्थापन र कार्यान्वयन, अनुगमन तथा मूल्यांकन |
| ५ | डा.नरेशविक्रम ढकाल | जिल्ला संयोजक | EGRP/ITR | पाठ्यक्रम र पाठ्यसामग्री |
| ६ | धनसिंह खड्का | क्याम्पस प्रमुख | हिमशिखर बहुमुखी क्याम्पस | उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासंग सम्बन्ध |
| ७ | जितेन्द्रराज वली | प्रधानाध्यापक | श्री शारदा मावि छिन्चु | प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप |

Draft of ESP

| | | | | |
|---|---|---|---|---|
| ८ | यज्ञप्रसाद ढकाल | अध्यक्ष | पारिजात सामुदायिक सिकाइ केन्द्र | निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा |
| ९ | भुपेन्द्रबहादुर सिंह | अध्यक्ष | नेपाल शिक्षक संघ | गुणस्तरीय सार्वजनिक शिक्षा |
| १० | जयबहादुर खड्का | अध्यक्ष | नेपाल राष्ट्रिय शिक्षक संगठन | विद्यालय व्यवस्थापन (प्रधानाध्यापक व्यवस्थापन समेत) |
| ११ | प्रेमबहादुर थापा | अध्यक्ष | एकीकृत अखिल नेपाल शिक्षक संगठन | शिक्षामा कमजोर वर्गको पहुँच र समावेशी शिक्षा |
| १२ | डा. बाबुराम भुषाल | प्रधानाध्यापक | श्री छिन्चु इङ्लिस बोर्डिङ स्कुल | शिक्षा क्षेत्रमा सूचना र प्रविधि |
| १३ | धिरेन्द्रप्रसाद शर्मा | उपसचिव | भेरीगंगा नगरपालिका | प्रारम्भिक बाल विकास शिक्षा, आधारभूत र माध्यमिक शिक्षा तथा योजनाका अन्य विषय शिर्षकहरु |

प्रारम्भिक मस्यौदाकारहरुबाट तयार भएको प्रारम्भिक मस्यौदालाई आवश्यक परिमार्जन गरी निर्धारित ढाँचामा योजनाको खाका तयार गरी पहिलो पूर्ण मस्यौदा तयार गरिएको थियो । यस कार्यका लागि विज्ञसहित नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले काम गरेको थियो । विषय क्षेत्रसँग सम्बन्धित विभिन्न निकायका कर्मचारी तथा विज्ञहरूसँग आवश्यकतानुसार निरन्तर छलफल गरिएको थियो । यस क्रममा योजना नगरपालिकाको कार्यपालिका तथा नगर शिक्षा समिति एवम् योजना प्राविधिक समितिमा आवश्यक छलफल गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । यसरी तयार भएको पहिलो मस्यौदामा सम्बन्धित सरोकारवालाहरूबाट प्राप्त हुने सुझाव तथा पृष्ठपोषणलाई समेत ध्यान दिएर यो योजनाको अन्तिम मस्यौदा तयार गरिएको थियो । माथि उल्लेखित प्रक्रियाबाट तर्जुमा भएको यस नगरपालिकाको १० बर्षे शिक्षा क्षेत्र योजनाको अन्तिम मस्यौदा २०७८ असारमा क्रमशः नगर शिक्षा समिति, सामाजिक विकास समिति, नगर कार्यपालिका र नगर सभाबाट स्वीकृत भएको थियो ।

## १.७ विगत योजनाको समीक्षा (Review of Past Plan)

विद्यालयहरूले आफ्नो विद्यालयको सुधार र रुपान्तरणको लागि पाँच बर्षे विद्यालय सुधार योजना बनाउने सोहि आधारमा नगर क्षेत्रमा नगर शिक्षा योजना तयार पार्ने अभ्यास रही आएको थियो । फलस्वरुप प्राथमिक तहको खुद भर्नादर बृद्धि भएको छ भने साक्षरता दरमा समेत बृद्धि भई साक्षर नगरपालिका घोषणा भईसकेको अवस्था छ । विद्यालय शिक्षामा समतामूलक पहुँच, टिकाउ दरमा बृद्धि, भौतिक पूर्वाधारमा सुधारोन्मुख, विद्यालयमा सूचना प्रविधिको विस्तार, समावेशी र समतामूलक शिक्षा, बालमैत्री विद्यालय र विद्यालय शान्ति क्षेत्र जस्ता पक्षमा उल्लेख्य प्रगति भएको पाइन्छ । मुख्य विषयहरू अंग्रेजी, गणित र विज्ञान विषयमा विद्यार्थीहरूको सिकाइको स्तर ज्यादै न्यून

Draft of ESP

रहेको शैक्षिक गुणस्तर परीक्षण केन्द्रले पटक पटक प्रकाशन गरेको नासा प्रतिवेदनमा समेत उल्लेख गरेको पाइन्छ । निशुल्क र अधिकारमा आधारित शिक्षा भनेपनि विद्यालय शिक्षा पूर्णरुपमा निशुल्क अझै बनाउन सकिएको छैन । विद्यालयमा न्यूतम शिक्षक दरवन्दीको व्यवस्था, शिक्षण सिकाइ र नतिजाप्रति जवाफदेही संयन्त्रको विकास, भौतिक र शैक्षिक पूर्वाधार (प्रयोगशाला, कम्प्यूटर, सूचना प्रविधिको उपयोग), प्रभावकारी अनुगमन मूल्याङ्कन र नतिजामा आधारित प्रोत्साहन प्रणालीलाई अवलम्बन गर्दै तीनै तहका सरकारहरूको बीचमा सहकार्य र शिक्षक, अभिभावक, विद्यार्थी र विद्यालयका बीचमा समन्वय र सुधारका लागि वलियो प्रतिबद्धता आवश्यक देखिन्छ ।

## १.८ शिक्षा क्षेत्रको वर्तमान अवस्था विश्लेषण (Analysis of the Educational Status)

भेरीगंगा नगरपालिकामा शिक्षाको वर्तमान अवस्थालाई तल उल्लेख गरिएको छ ।

**क) सञ्चालित तहका आधारमा विद्यालयको विवरण**

| क.सं. | प्रकार | जम्मा | बालविकास/ पूर्वप्राथमिक | आधारभूत तह (कक्षा १-३) | आधारभूत तह (कक्षा १-५) | आधारभूत तह (कक्षा १-८) | माध्यमिक तह (कक्षा १-१०) | माध्यमिक तह (कक्षा १-१२) |
|---|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक | ५१ | ५६ | ५ | २३ | ८ | ११ | ४ |
| २ | संस्थागत | १५ | १५ | ५ | ३ | ३ | ३ | ० |
| जम्मा | | ६६ | ७१ | १० | २६ | ११ | १४ | ४ |

**ख) वडागत आधारमा विद्यालय (सामुदायिक विद्यालयतर्फ)**

| वडा नंवर | जम्मा | बालविकास/ पूर्वप्राथमिक | आधारभूत तह (कक्षा १-३) | आधारभूत तह (कक्षा १-५) | आधारभूत तह (कक्षा १-८) | माध्यमिक तह (कक्षा १-१०) | माध्यमिक तह (कक्षा १-१२) |
|---|---|---|---|---|---|---|---|
| १ | ५ | ५ | २ | २ | ० | १ | ० |
| २ | ८ | ८ | २ | २ | १ | ३ | ० |
| ३ | ४ | ४ | १ | १ | १ | १ | ० |
| ४ | ४ | ४ | ० | १ | २ | १ | ० |
| ५ | ६ | ७ | ० | ४ | १ | १ | ० |
| ६ | ५ | ५ | ० | ३ | १ | ० | १ |
| ७ | २ | २ | ० | १ | १ | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | ३ | ४ | ० | २ | ० | १ | ० |
| ९ | ३ | ३ | ० | २ | ० | ० | १ |
| १० | ३ | ३ | ० | १ | १ | १ | ० |
| ११ | ४ | ६ | ० | २ | ० | १ | १ |
| १२ | २ | २ | ० | १ | ० | ० | १ |
| १३ | २ | ३ | ० | १ | ० | १ | ० |
| **जम्मा** | ५१ | ५६ | ५ | २३ | ८ | ११ | ४ |

ग) वडागत आधारमा विद्यालय (संस्थागत विद्यालयतर्फ)

| वडा नंवर | जम्मा | बालविकास/ पूर्वप्राथमिक | आधारभूत तह (कक्षा १-३) | आधारभूत तह (कक्षा १-५) | आधारभूत तह (कक्षा १-८) | माध्यमिक तह (कक्षा १-१०) | माध्यमिक तह (कक्षा १-१२) |
|---|---|---|---|---|---|---|---|
| १ | ० | ० | ० | ० | ० | ० | ० |
| २ | १ | १ | ० | १ | ० | ० | ० |
| ३ | १ | १ | १ | ० | ० | ० | ० |
| ४ | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | २ | २ | ० | ० | २ | ० | ० |
| ७ | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | १ | १ | १ | ० | ० | ० | ० |
| ९ | १ | १ | ० | ० | ० | १ | ० |
| १० | १ | १ | ० | ० | ० | ० | ० |
| ११ | ४ | ४ | ० | १ | २ | ० | ० |
| १२ | ३ | ३ | ० | ० | १ | २ | ० |
| १३ | १ | १ | ० | १ | ० | ० | ० |

Draft of SP

| जम्मा | १५ | १५ | २ | ३ | ५ | ३ | ० |
|---|---|---|---|---|---|---|---|

**ग) सामुदायिक विद्यालयको विवरण**

| क.सं. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा |
|---|---|---|---|
| १ | श्री जनजागरण प्रावि तल्लो भञ्याङ | भेरीगंगा -१ | कक्षा १-३ |
| २ | श्री ने.रा. मावि भञ्याङ | भेरीगंगा -१ | कक्षा १-११ |
| ३ | श्री देउती बज्यै प्रावि साल्घारी | भेरीगंगा -१ | कक्षा १-५ |
| ४ | श्री ने.रा. प्रावि मनिरामकाँडा | भेरीगंगा -१ | कक्षा १-५ |
| ५ | श्री जनआस्था प्रावि टाँकुरी | भेरीगंगा -१ | कक्षा १-३ |
| ६ | श्री विश्वज्योति प्रावि देवस्थल | भेरीगंगा -२ | कक्षा १-५ |
| ७ | श्री जनज्योती मावि काल्पानी | भेरीगंगा -२ | कक्षा १-१० |
| ८ | श्री सामुदायिक मावि सनिमोर | भेरीगंगा -२ | कक्षा १-१० |
| ९ | श्री सामुदायिक मावि मोहटी | भेरीगंगा -२ | कक्षा १-११ |
| १० | श्री जनज्योती आवि थर्मुसे | भेरीगंगा -२ | कक्षा १-८ |
| ११ | श्री सिद्धचुली प्रावि चैते | भेरीगंगा -२ | कक्षा १-३ |
| १२ | श्री चन्द्रसूर्य प्रावि लेखपराजुल | भेरीगंगा -२ | कक्षा १-५ |
| १३ | श्री चन्द्रसूर्य प्रावि कुकुरफाले | भेरीगंगा -२ | कक्षा १-३ |
| १४ | श्री नवज्योती प्रावि कुटमिरे | भेरीगंगा -२ | कक्षा १-५ |
| १५ | श्री बालज्योती प्रावि सानोडुङ्गी | भेरीगंगा -२ | कक्षा १-३ |
| १६ | श्री ने.रा. आवि अवलपराजुल | भेरीगंगा -२ | कक्षा १-८ |
| १७ | श्री सरस्वती मावि डुङ्गीखोला | भेरीगंगा -२ | कक्षा १-१० |
| १८ | श्री दिपेन्द्र प्रावि बाहुनीचौर | भेरीगंगा -४ | कक्षा १-५ |
| १९ | श्री सूर्यज्योती आवि हर्रे | भेरीगंगा -४ | कक्षा १-९ |
| २० | श्री ने.रा. आवि मुरलीखोला | भेरीगंगा -४ | कक्षा १-८ |
| २१ | श्री ने.रा. आवि अमिलाचौर | भेरीगंगा -४ | कक्षा १-८ |
| २२ | श्री ने.रा. आवि तोलीखोला | भेरीगंगा -५ | कक्षा १-८ |
| २३ | श्री बालकल्याण प्रावि हात्तीखाल | भेरीगंगा -५ | कक्षा १-५ |
| २४ | श्री जनता प्रावि बबईहात्तिखाल | भेरीगंगा -५ | कक्षा १-५ |
| २५ | श्री भवानी आवि चिउरीगैरा | भेरीगंगा -५ | कक्षा १-९ |
| २६ | श्री ने.रा. प्रावि लामितडा | भेरीगंगा -५ | कक्षा १-५ |

Draft of ESP

| | | | |
|---|---|---|---|
| २७ | श्री सरस्वती प्रावि गेरुवानी | भेरीगंगा -५ | कक्षा १-५ |
| २८ | श्री हिमालय प्रावि लामाखाली | भेरीगंगा -६ | कक्षा १-५ |
| २९ | श्री ने.रा. प्रावि ठूलोखाली | भेरीगंगा -६ | कक्षा १-५ |
| ३० | श्री ने.रा. आवि घारीवन | भेरीगंगा -६ | कक्षा १-८ |
| ३१ | श्री जनज्योती मावि झिङ्नी | भेरीगंगा -६ | कक्षा १-१२ |
| ३२ | श्री नवज्योती प्रावि लेखझिङ्नी | भेरीगंगा -६ | कक्षा १-५ |
| ३३ | श्री ने.रा. आवि काठेघारी | भेरीगंगा -७ | कक्षा १-८ |
| ३४ | श्री ने.रा. प्रावि मुलपानी | भेरीगंगा -७ | कक्षा १-५ |
| ३५ | श्री भगवती प्रावि लोदे | भेरीगंगा -८ | कक्षा १-५ |
| ३६ | श्री ने.रा. मावि लोदे | भेरीगंगा -८ | कक्षा १-११ |
| ३७ | श्री देउती प्रावि चोखे | भेरीगंगा -८ | कक्षा १-५ |
| ३८ | श्री विद्यासागर प्रावि शान्तिपुर | भेरीगंगा -९ | कक्षा १-५ |
| ३९ | श्री प्रभात प्रावि ठूलोजात्री | भेरीगंगा -९ | कक्षा १-५ |
| ४० | श्री ने.रा. मावि सानोजात्री | भेरीगंगा -९ | कक्षा १-१२ |
| ४१ | श्री प्रभात मावि थानीचौर | भेरीगंगा -१० | कक्षा १-१० |
| ४२ | श्री ने.रा. प्रावि मदानीचौर | भेरीगंगा -१० | कक्षा १-५ |
| ४३ | श्री ने.रा. आवि तल्लो थानीचौर | भेरीगंगा -१० | कक्षा १-८ |
| ४४ | श्री शिखर मावि रामघाट | भेरीगंगा -११ | कक्षा १-१२ |
| ४५ | श्री गणेश प्रावि रामघाट | भेरीगंगा -११ | कक्षा १-५ |
| ४६ | श्री चन्द्रोदय मावि काशीपुर | भेरीगंगा -११ | कक्षा १-१० |
| ४७ | श्री सरस्वती प्रावि शान्तिपुर | भेरीगंगा -११ | कक्षा १-५ |
| ४८ | श्री शारदा मावि छिन्चु | भेरीगंगा -१२ | कक्षा १-१२ |
| ४९ | श्री ने.रा. प्रावि मसिना | भेरीगंगा -१२ | कक्षा १-५ |
| ५० | श्री लालीगुँरास मावि रामघाट | भेरीगंगा -१३ | कक्षा १-११ |
| ५१ | श्री ने.रा. प्रावि सीतापुर | भेरीगंगा -१३ | कक्षा १-५ |

**घ) संस्थागत विद्यालयको विवरण**

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा |
|---|---|---|---|
| १ | भिलेज टाउन बोर्डिङ स्कुल | भेरीगंगा -२ | कक्षा १-४ |
| २ | मानपुस्तका बोर्डिङ स्कुल | भेरीगंगा -३ | कक्षा १-२ |

Draft of ESP

| | | | |
|---|---|---|---|
| ३ | मोर्डन एकेडेमी | भेरीगंगा -६ | कक्षा १-६ |
| ४ | ब्राइट नेचर एकेडेमी | भेरीगंगा -६ | कक्षा १-७ |
| ५ | विद्यासागर एकेडेमी | भेरीगंगा -८ | कक्षा २ |
| ६ | सुर्खेत लिटिल फ्लावर मावि | भेरीगंगा -९ | कक्षा १-१० |
| ७ | स्वस्तिक चाइल्ड केयर एण्ड मन्टेश्वरी | भेरीगंगा -१० | मन्टेश्वरी/पूर्वप्राथमिक |
| ८ | जनज्योति एकेडेमी | भेरीगंगा -११ | कक्षा १-४ |
| ९ | सिम्रिक ज्ञानकुञ्ज इङ्लिस बोर्डिङ स्कुल | भेरीगंगा -११ | कक्षा १-६ |
| १० | रामजानकी इङ्लिस बोर्डिङ स्कुल | भेरीगंगा -११ | कक्षा १-८ |
| ११ | छिन्चु प्याराडाइज्ड मन्टेश्वरी | भेरीगंगा -१० | मन्टेश्वरी/पूर्वप्राथमिक |
| १२ | होप एकेडेमी | भेरीगंगा -१२ | कक्षा १-६ |
| १३ | देउती विद्यामन्दिर | भेरीगंगा -१२ | कक्षा १-१० |
| १४ | छिन्चु इङ्लिस बोर्डिङ स्कुल | भेरीगंगा -१२ | कक्षा १-१० |
| १५ | गोल्डेन चान्स बोर्डिङ स्कुल | भेरीगंगा -१३ | कक्षा १-५ |

## घ) क्याम्पसको विवरण

क्याम्पसको नाम : हिमशिखर बहुमुखी क्याम्पस भेरीगंगा ११, सुर्खेत

स्थापना : २०६९

सम्बन्धन : त्रिभुवन विश्वविद्यालय

सञ्चालित संकाय : व्यवस्थापन र शिक्षा

तह : स्नातक

### ङ) नगरपालिकाको शिक्षक दरबन्दी विवरण

| प्राथमिक तह | | | निम्न माध्यमिक तह | | | माध्यमिक तह | | | उच्च माध्यमिक तह | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्थायी | अस्थायी | राहत | स्थायी | अस्थायी | राहत | स्थायी | अस्थायी | राहत | अस्थायी | राहत | |
| १२८ | ४९ | २३ | २१ | २४ | ९ | ९ | ९ | ८ | ४ | २ | २८६ |

### च) विद्यार्थीको विवरण (सामुदायिक विद्यालयको मात्र)

Draft of ESP

| क्र.सं. | तह | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास | ६०३ | ६७७ | १२८० |
| २ | आधारभूत तह (१-५) | २७४९ | २८८८ | ५६३७ |
| ३ | आधारभूत तह (६-८) | १७२७ | १६९६ | ३४२३ |
| ४ | माध्यमिक तह (९-१०) | १०९२ | १०७३ | २१६५ |
| ५ | माध्यमिक तह (११-१२) | ५१५ | ३९२ | ९०७ |
| **जम्मा** | | ६६८६ | ६७२६ | १३४१२ |

**छ) सामुदायिक सिकाइ केन्द्रको विवरण**

| क्र.सं. | सामुदायिक सिकाइ केन्द्रको नाम | ठेगाना |
|---|---|---|
| १ | लेखपराजुल सामुदायिक सिकाइ केन्द्र | भेरीगंगा -२ |
| २ | मैनतडा सामुदायिक सिकाइ केन्द्र | भेरीगंगा -९ |
| ३ | पारिजात सामुदायकि सिकाइ केन्द्र | भेरीगंगा -१२ |
| ४ | शहिद सामुदायिक सिकाइ केन्द्र | भेरीगंगा -१३ |

**समग्रमा,** यस नगरपालिकाको शिक्षा क्षेत्रको वर्तमान अवस्था देहायको तालिकाबाट स्पष्ट हुन्छ :

| क्र.सं. | क्षेत्र | वर्तमान अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | जम्मा | |
| १ | विद्यालय | ५१ | १५ | ६६ | |
| २ | प्रारम्भिक बालविकास/पूर्वप्राथमिक कक्षा | ५६ | १५ | ७१ | |
| ३ | शिक्षक दरबन्दी | २८६ | - | २८६ | |
| ४ | नमूनाका लागि छनौट भएको विद्यालय | श्री जनज्योती मावि झिङ्नी | | | |

Draft of ESP

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | उच्च शिक्षा प्रदायक संस्था | हिमशिखर क्याम्पस रामघाट | | | |
| ६ | सामुदायिक सिकाइ केन्द्र | | | ४ वटा | |
| ७ | विद्यालय कर्मचारी | | | १२ | |
| ८ | विद्यालय सहयोगी | | | ५१ | |
| ९ | प्राविधिक शिक्षालय | - | २ | २ | |
| १० | विद्यार्थी संख्या | १३४१२ | प्राप्त नभएको | १३४१२ | शैक्षिक सत्र २०७७ |

Draft of ESP

# परिच्छेद : दुई
# शिक्षा क्षेत्र योजना (Education Sector Plan-ESP)

## २.१ सन्दर्भ (Context)

भेरीगंगा नगरपालिका कर्णाली प्रदेशको प्रवेश विन्दु हो । यस नगरक्षेत्रका शैक्षिक संस्थाहरूलाई गुणस्तरीय शिक्षा प्रदायक संस्थाका रुपमा विकास गरी नगर क्षेत्र तथा बाहिरका विद्यार्थी र आम अभिभावकहरूको पहिलो रोजाईको केन्द्र बनाउनेसँग यो योजना लक्षित रहेको छ । मुलुकको समृद्धि र समुन्नतिका लागि आवश्यक पर्ने सबै प्रकारको दक्ष जनशक्ति उत्पादन गर्ने संस्थाहरूको सञ्चालन र व्यवस्थापनमा शैक्षिक सुशासन कायम भएको हुनेछ । साधारण शिक्षा, प्राविधिक शिक्षा र सीपमुलक तालिमलाई एकीकृत र समन्वयात्मक ढंगले अघि वढाउदै भेरीगंगा नगरपालिका शिक्षाको लागि सबैको आर्कषणको केन्द्र बनाउने तर्फ यो योजना केन्द्रित रहनेछ ।

परिच्छेद एकमा उल्लेख गरिएको भेरीगंगा नगरपालिकाको शैक्षिक परिवेशको समीक्षासहित उठान गरिएका मुख्य चुनौती तथा अवसर र सम्भावनाहरूले यस नगरपालिकाको विद्यालय शिक्षाको आागामी १० वर्षको मार्ग पहिचानका लागि आधार सिर्जना गरेका छन् । यही सन्दर्भलाई दृष्टिगत गरी यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नगरपालिकाले वि. सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि, उद्देश्यहरु, रणनीतिहरु तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ ।

## २.२ योजनाको दूरदृष्टि (Vision)

नगरपालिकालाई गुणस्तरीय शिक्षाको गन्तव्यको रुपमा सुदृढीकरण

## २.३ लक्ष्य (Goal)

गुणस्तरीय शिक्षाको माध्यमबाट दक्ष, प्रतिस्पर्धी, श्रम र उत्पादन तथा राष्ट्रियताप्रति सकारात्मक, उन्नत सोच बोकेका नैतिकवान, नवपर्वतनशील तथा आफू भेरीगंगा नगरवासी भएकोमा गर्व गर्ने सक्षम जनशक्तिको विकास गर्ने ।

Draft of ESP

## २.४ उद्देश्य (Objectives)

१) सबै बालबालिकाहरूका लागि सर्वाङ्गीण विकासमा केन्द्रित गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु ।

२) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु ।

३) नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका तुल्याई अनौपचारिक, वैकल्पिक र खुला शिक्षाका माध्यमबाट जीवनपर्यन्त निरन्तर शिक्षाको अवसरहरूको सुनिश्चितता गर्नु ।

४) प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा सबैको समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु ।

५) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्नु ।

६) सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरुको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सबलीकरण गर्नु ।

७) नगरपालिकाको शिक्षा हेर्ने निकाय र सम्पूर्ण प्रकारका शैक्षिक संस्थाहरुमा सुशासन प्रबर्द्धन गरी बालबालिकाको  सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास गर्नु ।

८) शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पूरा गर्न नगरपालिकाको प्राथमिकताका आधारमा प्रयाप्तता, समन्यायीकता र  प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नु ।

९) विद्यालयलाई भय, विभेद र दूर्व्यवहारमुक्त तथा विविधताअनुकूल बनाई बालबालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्नु ।

१०) आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिशचित गर्नु ।

११) उच्च शिक्षा प्रदायक संस्थाहरुको संरचनागत तथा कार्यात्मक क्षमता विकास गर्न आवश्यक सहयोग गर्नु ।

## २.५ रणनीतहरू (Strategies)

नगरपालिकाको शिक्षा क्षेत्र योजनाको कार्यान्वयनका लागि निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१) प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुमा विकास गरी यसलाई सबै बालबालिकाका लागि अनिवार्य गर्ने ।

२) नक्साङ्कनका आधारमा नगरपालिका क्षेत्रभित्र विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्ने ।

३) अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न नगरपालिकाका सबै बालबालिकालाई विद्यालय भर्ना गराउने तथा भर्ना भएका सबैलाई अध्ययनमा निरन्तरता दिने र गुणस्तर अभिबृद्धिका लागि उत्प्रेरणामूलक उपायहरु अवलम्बन गर्ने ।

४) संघीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा नगरपालिकाको नेतृत्वमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तर प्रबर्द्धन गर्ने ।

Draft of ESP

५)	निःशुल्क माध्यमिक शिक्षामा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न संघ र प्रदेश सरकारसंगको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गर्ने ।

६)	अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेशागत नैतिकताको प्रवर्द्धन र लगानी अभिबृद्धिद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने,

७)	प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेटन विशेष सहुलियत दिने नीति अख्तियार गर्ने ।

८)	अपाङ्गता भएका बालबालिकाहरुको आवश्यकता र समावेशीकरणको सिद्धान्तको आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरु उपलब्ध गराउने ।

९)	बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको प्रबन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य र पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान गर्ने ।

१०)	नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्न आवश्यक पर्ने सहयोग प्रणाली लागु गर्ने ।

११)	साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवम् व्यवसाय, सामाजिक जीवन र सहभागितासंग आबद्ध गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रहरूको कार्यक्षमतामा सबलीकरण गर्ने ।

१२)	विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको पेसागत विकास र भरपर्दो सहयोग प्रणालीको सुनिश्चितता हुने आवश्यक संयन्त्रको निर्माण गर्ने ।

१३)	विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्नकालागि विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गर्ने ।

१४)	निजी लगानीका शिक्षण संस्थाहरुलाई नियमन गर्ने र स्तरीकरण गर्ने ।

१५)	सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अंगको रुपमा एकीकृत गर्दै प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाउने ।

१६)	शैक्षिक गुणस्तर अभिबृद्धिका लागि शिक्षण संस्थाहरुको प्रभावकारी अनुगमन, निरीक्षण तथा मूल्यांकनको व्यवस्था गर्ने ।

१७)	आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि विद्यालयको शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने संरचनागत एवम् मानवीय श्रोत व्यवस्थापन गर्ने ।

१८)	उच्च शिक्षा प्रदायक संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि आर्थिक एवम् व्यवस्थापकीय सहयोगको सुनिश्चितता प्रदान गर्ने ।

१९)	स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको निर्माण तथा विकास गरी प्रभावकारी कार्यान्वयनमा लैजाने ।

२०)	शिक्षा क्षेत्र योजनाका आधारमा शिक्षा क्षेत्रमा नगरपालिकाले लगानी गर्ने ।

२१)	प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा लागत साझेदारीको सिद्धान्तका आधारमा नगरपालिकाले श्रोत परिचालन तथा व्यवस्थापन गर्ने ।

Draft of ESP

२२)	शिक्षा, युवा तथा खेलकुद शाखाको सुदृढीकरण र सबलीकरण गरी शिक्षासंग सम्बन्धित संरचनाहरुलाई दक्षतापूर्ण, प्रभावकारी र नतिजामूलक बनाउने ।

२३)	संघीय र प्रदेश कानुनसंग नबाँझिने गरी शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

## २.६ अपेक्षित मुख्य उपलब्धि (Expected Major Outcomes)

योजनाको अन्त्यसम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

१)	सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने ।

२)	अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिबृद्धि हुने ।

३)	माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

४)	नगरक्षेत्रमा बसोबास गर्ने सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने ।

५)	शिक्षा प्रशासन सञ्चालन गर्ने निकाय तथा सबै विद्यालयहरुमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने ।

६)	राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने ।

७)	सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार हुने ।

८)	विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चत हुने ।

९)	बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइमा सुधार हुन सहयोग पुग्ने ।

१०)	आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने ।

११)	सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने ।

१२)	विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिक बनाउन सहयोग पुग्ने ।

१३)	प्राविधिक तथा व्यावसायिक शिक्षामा इच्छुक नागरिकको सहजै पहुँच पुग्ने ।

१४)	उच्च शिक्षा प्रदायक संस्थाहरुलाई संस्थाको सञ्चालन तथा व्यवस्थापनमा भरमग्दुर सहयोग र समन्वय प्राप्त हुने ।

१५)	अपाङ्गता भएका बालबालिकाहरुले विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरु प्राप्त हुने ।

१६)	विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्यांकन प्रभावकारी र नतिजामूलक हुने ।

१७)	विद्यालयमा कार्यरत शिक्षकहरुलाई पेसागत विकास र सहयोग प्राप्त हुने ।

१८)	संस्थागत विद्यालयहरुको प्रभावकारी र न्यायसंगत ढंगले नियमन हुने ।

१९)	सम्पूर्ण तहमा आवश्यक पर्ने न्यूनतम विषयगत शिक्षकको व्यवस्थापन हुने ।

२०)	नक्सांकनका आधारमा विद्यालयहरुको स्थापना, पूनर्वितरण तथा समायोजन हुने ।

Draft of ESP

२.७ प्रमुख उपलब्धि सूचक तथा परिमाणात्मक लक्ष्य **(Major Outcomes Indicators and Target)**

| **क.सं.** | **सूचकहरु** | **आधार बर्ष (२०७७) को अवस्था** | **लक्ष्य** | |
|---|---|---|---|---|
| | | | **२०८२** | **२०८७** |
| **१. प्रारम्भिक बाल विकास तथा शिक्षा** | | | | |
| १.१ | कुल भर्नादर | ७६.७ | ९० | १०० |
| १.२ | ४ बर्षका बालबालिकाको भर्ना अनुपात | ७६.९ | ९० | १०० |
| १.३ | न्यूनतम योग्यता पुगका शिक्षक प्रतिशत | ९५ | १०० | १०० |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ५ | ३० | ५० |
| १.५ | कक्षा १ मा नवप्रवेशीमध्ये प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ५९.० | ७५ | १०० |
| **२. आधारभूत शिक्षा** | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेश दर | ११५.६ | १०७ | १०२ |
| २.२ | कक्षा १ मा खुद प्रवेश दर | ९४.८ | ९९ | १०० |
| २.३ | कक्षा १-५ मा कुल भर्ना दर | १२१.१ | ११५ | ११० |
| २.४ | कक्षा १-५ मा खुद भर्ना दर | ९४.३ | ९९ | १०० |
| २.५ | कक्षा १-८ मा कुल भर्ना दर | ११३.९ | १०८ | १०५ |
| २.६ | कक्षा १-८ मा खुद भर्ना दर | ९४.१ | ९९ | १०० |
| २.७ | कक्षा १-८ मा खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९९ | १०० | १०० |
| २.८ | कक्षा ८ मा टिकाउ दर | ६७ | ७५ | ९० |
| २.९ | आधारभूत शिक्षा पूरा गर्ने दर | ७० | ७५ | ९० |
| २.१० | ५-१२ बर्ष उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाहरुको संख्या | ५.९ | १ | ० |

| | | | | |
|---|---|---|---|---|
| २.११ | कक्षा १-५ को उतीर्ण दर | ९२.०२ | ९५ | १०० |
| २.१२ | कक्षा १-८ को उतीर्ण दर | ९२.९० | ९५ | १०० |
| २.१३ | कक्षा १-५ को दोहोऱ्याउने दर | ५.१८ | ३ | ० |
| २.१४ | कक्षा १-८ को दोहोऱ्याउने दर | ४.३५ | ३ | ० |
| २.१५ | कक्षा १-५ को विद्यालय छाड्ने दर | २.७८ | १ | ० |
| २.१६ | कक्षा १-८ को विद्यालय छाड्ने दर | २.७३ | १ | ० |
| **३. माध्यमिक शिक्षा** | | | | |
| ३.१ | कक्षा ९-१० को कुल भर्ना दर | ११६.१ | ११० | १०५ |
| ३.२ | कक्षा ९-१० को खुद भर्ना दर | ६७.८ | ७६ | ८५ |
| ३.३ | कक्षा ९-१२ को कुल भर्ना दर | ९२.१ | ९७ | १०० |
| ३.४ | कक्षा ९-१२ को खुद भर्ना दर | २६.७ | ३५ | ५० |
| ३.५ | कक्षा ११-१२ को कुल भर्ना दर | ५२.९ | ६५ | ८५ |
| ३.६ | कक्षा ११-१२ को खुद भर्ना दर | २७.४ | ३४ | ५० |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | | | |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | | | |
| ३.९ | कक्षा १-१२ मा खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्ग | ०.९९ | १०० | १०० |
| ३.१० | कक्षा ९-१० को उतीर्ण दर | ९६.३४ | १०० | १०० |
| ३.११ | कक्षा ९-१० को दोहोऱ्याउने दर | ०.८३ | ०.५० | ० |
| ३.१२ | कक्षा ९-१० को विद्यालय छाड्ने दर | २.८१ | १ | ० |
| **४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | |
| ४.१ | ५ बर्ष माथिको साक्षरता दर | ८८.९७ | | |
| ४.२ | १५-२४ को साक्षरता दर | | | |
| ४.३ | १५ बर्ष माथिको साक्षरता दर | | | |

| | | | | |
|---|---|---|---|---|
| **५.महिला शिक्षक प्रतिशत** | | | | |
| ५.१ | आधारभूत तह | | | |
| ५.२ | माध्यमिक तह | | | |
| **६. प्राथमिकताप्राप्त न्यूनतम सक्षमता अवस्था (PMEC) पूरा गरेका विद्यालय प्रतिशत** | | | | |
| ६.१ | प्रारम्भिक बाल विकास तथा शिक्षा केन्द्र | ५ | ३० | ६० |
| ६.२ | आधारभूत विद्यालय | २० | ४० | ८० |
| ६.३ | माध्यमिक विद्यालय | १५ | ३० | ५० |
| **७. नगरपालिकाको बजेटमा शिक्षा क्षेत्रको बजेट प्रतिशत** | | १२ | १५ | २० |

## २.८ शिक्षा क्षेत्रको योजनामा परिवर्तनको सिद्धान्त (Change of Transformation in ESP)

नगरपालिकाले यस योजनाको विकास गर्दा परिवर्तनको सिद्धान्त (Change of Transformation) लाई आात्मसात गरेको छ । परिवर्तनको सिद्धान्तमा आधारित भएर योजना विकास गर्दा सर्वप्रथम हामी कहाँ छौं अर्थात् अवस्था केकस्तो छ, समस्या तथा चुनौतीहरू केके छन् भन्ने कुरा पहिचान वर्तमान अवस्थाको विश्लेषणका आधारमा गरिएको छ । वर्तमान अवस्थाको विश्लेषणका आधारमा अवस्था तथा समस्या र चुनौती पहिचान गरेपछि परिवर्तनको सिद्धान्त विकासको पहिलो चरणअनुसार योजनाको गन्तव्य वा अपेक्षित प्रभाव (Intended Impact) पहिचान गरिएको छ । योजनामा गन्तव्य पहिचान पश्चात गन्तव्यमा पुग्ने आवश्यक आधारका रूपमा पछिल्ला चरणहरू (Backward steps) क्रमशः उल्लेख गरिएको छ । पछिल्ला चरणहरूको पहिचानले गन्तव्यमा पुग्न केकस्ता उपलब्धि प्राप्त गर्नु पर्दछ भन्ने तय गरी क्रमशः पछिल्ला मार्गहरु समावेश गरिएको छ । पहिचान गरिएका उपलब्धिहरू प्राप्त भए नभएको वा केकति मात्रामा उपलब्धि प्राप्त भए भन्ने कुरा निर्धारण गर्नका लागि योजनामा उपलब्धि सूचकहरू तयार गरिएको छ । यसरी योजनाले नगरपालिकाको शैक्षिक अवस्थालाई वर्तमान अवस्थाबाट अपेक्षित गन्तव्यमा केकसरी पुग्ने भन्ने मार्गको परिकल्पना गरी परिवर्तनको सिद्धान्तलाई सिद्धान्तलाई आत्मसात गरेको छ ।

Draft

# परिच्छेद : तीन

# शिक्षाका क्षेत्रहरु (Scopes of Education)

## परिचय (Introduction)

यस नगरपालिकाको विद्यालय क्षेत्र योजना (सन् २०२१-२०३०) परिच्छेद दुईमा पहिचान गरिएका विद्यालय शिक्षाका दृष्टिकोण तथा उद्देश्यहरूका आधारमा प्रमुख क्रियाकलापहरू निर्धारण र लक्ष्यहरू आँकलन गरी पहिलो पाँच वर्षका अर्थात् सन् २०२१-२०२५ लागि लागत अनुमानसहित योजनाको खाका तयार गरिएको छ। यस परिच्छेदमा शिक्षाका विभिन्न क्षेत्रहरु : प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ भने पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापनजस्ता सबैजसो क्षेत्रसँग अन्तर विषयहरूको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ। यसमा प्रत्येक क्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू सामना गरी उद्देश्य प्राप्तिका लागि आवश्यक क्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ।

नेपालको संविधानले निर्देशित गरेका दृष्टिकोण, मौलिक अधिकार, नीति, संरचना इत्यादि, शिक्षासम्बन्धी नीति, विभिन्न शिक्षा तथा अधिकारसम्बन्धी कानुनी प्रबन्ध, संयुक्त राष्ट्रसंघीय दिगो विकासका लक्ष्य तथा दिगो विकासका लक्ष्य ४ सम्बन्धी नेपालको कार्ययोजना, अन्तरराष्ट्रिय सन्धि, सम्झौता तथा नेपालका प्रतिबद्धता, नेपालको पन्ध्रौँ योजना, स्थानीय सरकार सञ्चालन ऐनका सम्बन्धित पक्षलाई यस योजनाका प्रमुख सन्दर्भका रूपमा लिइएको छ। त्यसै गरी हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमलगायत विद्यालय शिक्षाको हालसम्मको प्रगति तथा अन्तरका आधारमा क्षमताको आँकलन गरिएको छ भने विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप

२०७६ को कार्यान्वियनका लागि आवश्यक संरचना तथा तयारीलाई पनि क्षेत्रगत योजना निर्माणको एउटा महत्त्वपूर्ण आधार मानिएको छ ।

Draft of ESP

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा (Early Childhood Development and Education)

### ३.१.१ परिचय (Introduction)

गर्भावस्थादेखि ८ वर्षसम्मको उमेरलाई प्रारम्भिक बालविकास उमेर भन्ने जनाउँदछ । त्यसैगरी यस उमेर समूहका बालबालिकाहरुको सर्वाङ्गीण (शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक एवम् भाषिक पक्षहरुको समुचित) विकासका लागि स्वास्थ्यकर्मी, शिक्षक, सहयोगी कार्यकर्ताहरु, अभिभावक तथा बालबालिकालाई लक्षित गरिएको नीति तथा कार्यहरुलाई प्रारम्भिक बालविकास कार्यक्रम भन्ने जनाउँदछ । प्रारम्भिक बालविकासको मुख्य उद्देश्य गर्भावस्थादेखि ८ वर्षसम्मका सम्पूर्ण बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि अति आवश्यक तत्वहरु राम्रो स्वास्थ्य, पर्याप्त पोषण, सुरक्षा तथा संरक्षण उत्प्रेरणा तथा सिकाइ एवम् संवेदनशील स्याहार, उचित पालनपोषण आदिजस्ता अवसरहरु प्रदान गर्नु हो । प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो ।

दीगो विकासका १७ ओटा लक्ष्यहरु मध्ये ११ ओटा लक्ष्यहरु प्रत्यक्षरुपमा प्रारम्भिक बालविकाससँग सम्बन्धित रहेकोले सबै नीति तथा कार्यक्रमले ती लक्ष्यहरुलाई प्राप्त गर्न आपसी समन्वय र सहकार्यमा काम गर्ने वातावरण बन्नुपर्ने देखिन्छ । शिक्षा ऐन, २०२८ अनुसार ४ वर्ष उमेर पूरा भएका बालबालिकालाई दिइने शिक्षालाई प्रारम्भिक बाल शिक्षा भन्ने बुझिन्छ । ऐनको आठौं संशोधनले वाल विकास केन्द्रलाई विद्यालय संरचनामा एकीकरण गरेपछि आधारभूत शिक्षाको परिभाषामा प्रारम्भिक बाल शिक्षालाई समेत समावेश गराइएको छ । यस नगरपालिकाको शिक्षा ऐन, २०७५ ले समेत एक बर्षे पूर्व प्राथमिक शिक्षामा जोड दिएको छ । चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने नीतिगत प्रबन्ध चालू पन्ध्रौं याजना, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६, राष्ट्रिय शिक्षा नीति, २०७६ र प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति २०७७-०८८ मा समेत उल्लेख गरिएको अवस्था छ ।

प्रारम्भिक बालविकास शिक्षा औपचारिक शिक्षाको लागि पूर्व तयारी र सर्वाङ्गीण विकासको मुल आधार हो भन्ने कुरा दिगो विकास लक्ष्यको ४.२ मा उल्लेख गरिएको छ। कक्षा १० उत्तीर्ण गरेको व्यक्ति प्रारम्भिक बालविकास केन्द्रको शिक्षक हुनसक्ने कानुनी प्रावधान रहेको छ । शैक्षिक सत्र २०७७ मा मुलुकभर ३०२०२ सामुदायिक र ६५१० संस्थागत गरी जम्मा ३६७१२ बाल विकास केन्द्र/पूर्व प्राथमिक कक्षाहरु सञ्चालनमा रहेका छन् (आर्थिक सर्वेक्षण २०७७/०७८ को प्रतिवेदन) । प्रारम्भिक बालविकास केन्द्रको कुल भर्नादर ८७.६ प्रतिशत पुगेको छ । पूर्व प्राथमिक शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिकाको संख्या ७०.२ प्रतिशत पुगेको छ ।

भेरीगंगा नगरपालिकाको सन्दर्भमा नेपाल सरकारबाट अनुदान प्राप्त हुने गरी ५० वटा प्रारम्भिक बालविकास कक्षाहरु सामुदायिक विद्यालयमा सञ्चालनमा छन् । चारवटा विद्यालयहरुमा दुई दुई वटा र अपुग रहेका ६ वटा विद्यालयहरुमा नगरपालिकाको श्रोतबाट व्यहोर्ने गरी नगरपालिकाका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा प्रारम्भिक बाल विकास र कक्षाहरु सञ्चालनमा रहेका छन् । नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका १३ वटा संस्थागत विद्यालयहरुमा नर्सरी र केजीको नाममा र दुईवटा मन्टेश्वरी विद्यालयहरु स्थापना भई सञ्चालनमा रहेका छन् ।

### ३.१.२ चुनौती तथा अवसरहरु (Challenges and Opportunities)

लक्षित उमेर समूहका सबै बालबालिकाहरू विशेष गरी सीमान्तकृत तथा भौगोलिक विकटता भएका क्षेत्र र अपाङ्गता भएकाहरूलाई प्रारम्भिक बालविकास र शिक्षामा पहुँच पुर्‍याउनु, सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरुमा संस्थागत र संरचनागत संयन्त्र निर्माण तथा व्यवस्थापन गरी न्यूनतम मापदण्ड पुरा गर्नु र प्रारम्भिक बालविकास तथा शिक्षाका शिक्षकहरूको न्यूनतम पारिश्रमिकको व्यवस्थापन तथा उनीहरुको पेसागत क्षमता विकास गर्नु प्रारम्भिक बाल विकास तथा शिक्षाका प्रमुख चुनौतिहरु हुन् । प्रयाप्त लगानी तथा स्रोत व्यवस्थापन गर्नु, अनुगमन तथा मुल्याङ्कनको चुस्त संयन्त्र विकास गर्नु, बालबालिकाका अभिभावकहरुलाई अभिभावक शिक्षा प्रदान गर्नु र बालबालिकाको स्वास्थ्य, सुरक्षा र पोषणको उचित व्यवस्थापन सहायक चुनौतिहरु हुन् ।

सुनौला हजार दिन, बहुक्षेत्रीय पोषण कार्यक्रम, अभिभावक शिक्षा, दिवा शिशु स्याहार केन्द्र, शिशु स्याहारकेन्द्र, नर्सरी विद्यालय, किण्डर गार्टेन विद्यालय, विद्यालय तथा समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्र र पूर्व प्राथमिक कक्षा आदि नामबाट विभिन्न कार्यक्रमहरू, विभिन्न सरकारी निकाय, गैर सरकारी सघंसंस्थाहरू र निजी क्षेत्रको संलग्नतामा सञ्चालन हुनु, नेपालको संविधानले प्रारम्भिक बालविकास र सहभागिताको हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको र प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हकको प्रत्याभूत गर्नु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, बालबालिकासम्बन्धी ऐन, २०७५, पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१), बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, विद्यालय क्षेत्र विकास योजना (२०७३-२०८०), बहुक्षेत्रीय पोषण योजना, दोस्रो (२०७५/७६-२०७९/८०) र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ समेतमा प्रारम्भिक बालविकास सम्बन्धी कानुनी प्रावधानहरू समेटिनु, नेपालमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गत गर्भवती महिला, नवजात शिशु तथा बालबालिकाको स्वास्थ्य स्थितिमा आवश्यक सुधार ल्याउन स्वास्थ्य तथा पोषणसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन हुनु, बालबालिकाको सुरक्षा र संरक्षणका लागि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नु आदि प्रारम्भिक बाल विकास तथा शिक्षाका अवसरहरु हुन् ।

Draft of ESP

### ३.१.३ लक्ष्य (Goal)

सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रीत प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउने ।

### ३.१.४ उद्देश्यहरु (Objectives)

यस योजनाको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको मुख्य उद्देश्य सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु रहेको छ । यसका लागि योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्यहरू राखेको छ :

१) चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु ।

२) प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु ।

३) सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु ।

### ३.१.५ रणनीतिहरू (Strategies)

यस योजनाका प्रारम्भिक बालविकास तथा शिक्षासंग सम्बन्धित उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छ :

१) संघीय सरकारले निर्धारण गरेको मापदण्ड, नर्म्स र ढाँचाअनुसार निश्चित अनुदान र प्रदेश सरकारसंगको समन्वय र सहजीकरणका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

२) प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यक भएमा नयाँ स्थानमा केन्द्र स्थापना गरी प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूहका सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा सेवा उपलब्ध गराइने छ ।

३) नगरपालिकाको वडा नं. १ देखि ६ सम्मको भौगोलिक क्षेत्रमा बसोबास गर्ने ४ वर्षका बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका विभिन्न नमुनाहरू विकास गरी पहुँच सुनिश्चित गरिने छ ।

४) प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारीता बृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइने छ ।

५) नगरपालिकाले प्रारम्भिक बालविकास र कक्षा सञ्चालन तथा व्यवस्थापनका लागि न्यूनतम मापदण्ड निर्धारण गरी सो बमोजिम कक्षा सञ्चालन गर्न आवश्यक पर्ने संरचनागत तथा मानवश्रोतसंग सम्बन्धित पूर्वाधार निर्माण गरिनेछ ।

६) स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षामा एकीकृत पद्धतिबाट विद्यालयमा बालबालिकाका लागि बहुक्षेत्रीय प्रारम्भिक बाल विकास कार्यक्रम संचालन गरिनेछ ।

७) संघीय सरकारबाट अनुदान प्राप्त प्रारम्भिक बाल विकास र कक्षाबाहेक अन्य विद्यालय र समुदायमा आवश्यकता र औचित्यताका आधारमा उक्त कक्षा सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

### ३.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results and Main Activities and Target)

Draft of ESP

**क) उपलब्धि (Outcomes)**

योजनावधिमा नगरपालिका क्षेत्रमा बसोबास गर्ने चार बर्ष उमेर समूहका सबै बालबालिकाले प्रारम्भिक बाल विकास शिक्षाको अनुभव हासिल गरेका हुनेछन् । विद्यालय तथा समुदायमा सञ्चालन हुने बाल विकास केन्द्रहरुमा न्यूनतम मापदण्ड हासिल भएको हुनेछ । सबै विद्यालयहरुमा कम्तिमा एउटा प्रारम्भिक बाल विकास केन्द्र वा पूर्व प्राथमिक कक्षा सञ्चालन भएको हुनेछ ।

**ख) प्रमुख नतिजाहरू (Key results)**

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा  सहज पहुँच हुने ।

२. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने ।

३. सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारीसहित केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेका हुने ।

४. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय सेवा सुनिश्चित हुने ।

५. नगरपालिकाको वडा नं. १ देखि ६ मा रहेका तथा अपाङ्गता भएका  बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित, जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र (उद्योग, कलकारखाना) तथा घुम्ती प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका नमुनाहरू विकास हुने ।

६. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा संघीय र कर्णाली प्रदेश सरकार, परिवार, समुदाय, गैरसरकारी संघ संस्था र विद्यालयहरूको सयुक्त जिम्मेवार हुने ।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Target)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा कक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि नगरपालिकास्तरको न्यूनतम मापदण्डहरू विकास, प्रबोधीकरण तथा कार्यान्वयन | पटक | १ | १ | १ | | | १ | २ | |
| २ | आवश्यकता र औचित्यताका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको नक्साङ्कन गरी पुनर्वितरण, स्थापना तथा विस्तार | नगरपालिका | १ | १ | | | | | | |
| ३ | नगरपालिकामा कार्यक्षेत्र भएका विकासका साझेदार, गैर सरकारी संस्था, निजी क्षेत्र तथा | नगरपालिका | १ | √ | √ | √ | √ | १ | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | समुदायलाई प्रारम्भिक बालविकास तथा शिक्षामा समन्वय, सहयोग, सहकार्य तथा लगानी बढाउन प्रोत्साहन | | | | | | | | | |
| ४ | सुरक्षित तथा अपाङ्गमैत्री शौचालय सहितको कम्तिमा एउटा अलग्गै कक्षा कोठाको व्यवस्था | ECD प्रतिशत | २० | २० | २० | २० | २० | १०० | १ | |
| ५ | बालबालिकाको अभिलेखीकरण | ECD प्रतिशत | १०० | | | | | | १०० | |
| ६ | बालबालिकाका लागि पोषणयुक्त दिवा खाजाको व्यवस्था | ECD प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | | १०० | |
| ७ | मापदण्डले तोकेअनुसार पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री आदिको व्यवस्थापन | ECD प्रतिशत | २० | २० | २० | २० | २० | १०० | १ | |
| ८ | बालबालिकाको मासिकरुपमा स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, बृद्धि अनुगमन गरी कुपोषण भएका बालबालिकाका लागि आवश्यक प्रबन्ध गर्ने | ECD प्रतिशत | ३० | ३० | १०० | १०० | १०० | | १०० | |
| ९ | विद्यालय व्यवस्थापन समितिका सदस्यहरू, वर्तमान तथा भावी अभिभावक तथा सरोकारवालाहरूका लागि प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी नियमित अभिमुखीकरण | ECD प्रतिशत | ५० | ५० | | | | १०० | | |
| १० | कम्तीमा माहिनाको एक पटक अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने | ECD प्रतिशत | ३० | ३० | १०० | १०० | १०० | | १०० | |
| ११ | शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षाको व्यवस्था गर्ने र आवश्यकताको आधारमा मनोसामाजिक परामर्शदाता वा संस्थासँग समन्वय गर्ने | ECD प्रतिशत | २० | २० | २० | २० | २० | १०० | | |
| १२ | शिक्षकको पेसागत विकासका | पटक | १ | १ | १ | १ | १ | १ | १ | |

Draft of ESP

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम सञ्चालन | | | | | | | | | |
| १३ | सबै प्रकारका प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई अनिवार्य रुपमा एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली (IEMIS) मा दर्ता | नगरपालिका | १ | १ | १ | १ | १ | १ | १ | |
| १४ | प्रारम्भिक बालविकास कक्षाको सञ्चालन तथा व्यवस्थापनका लागि कम्तिमा एकजना शिशु स्याहारकर्ताको व्यवस्थापन | ECD प्रतिशत | | | ५० | ५० | | १०० | | |
| १५ | प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७ अनुसार सिकाइ सहजीकरण | ECD प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | | | |
| १६ | प्रत्येक वडामा कम्तिमा एक वटा नमुना प्रारम्भिक बाल विकास तथा कक्षा स्थापना तथा सञ्चालन | विद्यालय | | | १ | | | १ | २ | |
| १७ | नगरपालिकास्तरमा प्रारम्भिक बाल विकास केन्द्रका लागि आवश्यक पर्ने सामग्रीको प्रदर्शन केन्द्र | नगरपालिका | | | | | १ | १ | २ | |
| १८ | बाल प्रतिभा पहिचान कार्यक्रम सञ्चालन | नगरपालिका | १ | १ | १ | १ | १ | ५ | १ | |
| १९ | बाल उद्यान निर्माण | नगरपालिका | | | | १ | | १ | २ | |
| २० | सिकाइ सामग्री व्यवस्थापन | ECD प्रतिशत | २० | २० | २० | २० | २० | १०० | | |
| २१ | उत्कृष्ट प्रारम्भिक बाल विकास कक्षालाई प्रोत्सहान अनुदान कार्यक्रम व्यवस्थापन | प्रारम्भिक बाल विकास संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |

Draft of ESP

## ३.२ आधारभूत शिक्षा (Basic Education)

### ३.२.१ परिचय (Introduction)

विद्यालय शिक्षाको सुरुवाती र माध्यमिक शिक्षाको जगको रुपमा आधारभूत तहको शिक्षालाई लिने गरिन्छ । उमेर समूहका हिसावले ४ देखि १२ बर्षका बालबालिकाहरूलाई समेटछ । शिक्षा ऐन २०२८ को आठौं संशोधन पछि प्रारम्भिक बालविकासलाई समेत विद्यालय तहको औपचारिक संरचनामा समावेश गरेको छ । आधारभूत तह विद्यालय शिक्षाको जग भएकोले यसको गुणस्तर अभिवृद्धिका लागि शिक्षक, शिक्षण सिकाइका लागि स्रोत सामग्री र सिकाइ अनुकूलको वातवरणमा जोड दिनुपर्ने हुन्छ ।

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक  समायोजनमा सहयोग गर्दछ । यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहभागी हुने  अवसर प्रदान गर्दछ । नेपालको संविधानले आधारभूत शिक्षालाई व्यक्तिको मौलिक अधिकारका रूपमा लिएको हुनाले आधारभूत शिक्षामा समतामूलक पहुँच पुऱ्याई गुणस्तर  सुनिश्चित गर्नु राज्यको दायित्व हो । प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र निःशुल्क पाउने हक हुने संविधानमा उल्लेख छ । संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र राखेको छ ।

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी तीनवटै तहका सरकारहरुको हुने र आधारभूत  शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ ।

भेरीगंगा नगरपालिकामा आधारभूत शिक्षा प्रदान गर्नका लागि सामुदायिकतर्फ कक्षा १-३ सञ्चालन भएका ३, कक्षा १-५ सञ्चालन भएका २५, कक्षा १-८ सञ्चालन भएका १० गरी जम्मा ३८ र संस्थागततर्फ ११ वटा विद्यालयहरु गरी जम्मा ४९ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् ।  आधारभूत तहमा अध्ययन गर्ने उमेर समूहका बालबालिकाहरू १०,३४० रहेका छन (शैक्षिक तथ्याङ्क, २०७७) । हाल सामुदायिकतर्फ ५६ बालविकास केन्द्र (५५ विद्यालयमा आधारित र १ समुदायमा आधारित) र संस्थागततर्फ १५ गरी जम्मा ७१ वटा प्रारम्भिक बालविकास कक्षा/पूर्व प्राथमिक कक्षाहरु सञ्चालनमा रहेका छन । प्रारम्भिक बालविकास कक्षा अपुग भएका ६ वटा विद्यालयमा शैक्षिक सत्र २०७६ देखि नगरपालिकाको अनुदानमा प्रारम्भिक बाल विकास र शिक्षाको सञ्चालन तथा व्यवस्थापन हुँदै आएको छ ।

### ३.२.२ चुनौति तथा अवसरहरु (Challenges and Opportunities)

निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा प्रदान गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधारसहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु,  शैक्षिक सेवा प्रवाहमा सुधार ल्याउनु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिबृद्धि गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाइ सहज पहुँचको व्यवस्था गर्नु, विद्यालय शिक्षालाइ प्रकोप संकट तथा महामारी लगायतका परीस्थितिप्रति उत्थानसिल बनाउनुका साथै समग्र शिक्षा प्रद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु, विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्नु,

सामुदायिक तथा नीजि विद्यालयबीचको खाडल कम गर्नु, शैक्षिक सरोकारवालाहरुको क्षमता अभिबृद्धि गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी विद्यार्थीको सिकाइ उपलब्धि अभिबृद्धि गर्नु, गुणस्तरको सुनिश्चिततासहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिबृद्धि गर्नु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्बितरण गर्नु, विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रुपमा विकास गर्नु आधारभूत शिक्षासंग सम्बन्धित प्रमुख चुनौतिहरु हुन् ।

शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्दै अधिकार र जिम्मेवारी सहित स्थानीय तहलाई जिम्मेवार गराउने संवैधानिक आधार भएकाले शिक्षामा सहभागीता र पहुँचमा बृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, देशमा संघीयताको कार्यान्वयनसंगै सरोकारवालाहरुमा सार्वजनिक विद्यालयहरुप्रतिको चासो र चिन्ता बढ्नु, शिक्षकका पेशागत संघ संस्था, राजनीतिक दल, नागरिक समाज आदिवाट शैक्षिक सुधारमा सकारात्मक प्रतिवद्धता प्राप्त हुनु, निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता प्रदान गर्ने तथा साक्षरता घोषणा अभायान संस्थागत रुपमा सवै तहका सरकारले अगाडी बढ्नु, शिक्षामा पहुँच र गुणस्तर अभिबृद्धिमा गैर सरकारी र नीजि क्षेत्रको भूमिका पनि महत्वपूर्ण बन्दै जानु, विद्यालयमा आधारभूत तहको खुद भर्नादर र लैंगिक समता सूचकांकमा प्रगति देखिएको हुनु, शिक्षा तीन वटै तहका सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा आधारभूत शिक्षामा प्रयाप्त लगानी अभिबृद्धि गर्न सकिनु र यस नगपालिकाको क्षमता विकास हुँदै आधारभूत शिक्षाको व्यबस्थापनलाई प्रभाकारी तुल्याई शैक्षिक सेवा प्रवाहमा सुधार गर्न सकिने अवसर रहेको छ । विद्यार्थीहरूको सिकाइ उपलब्धि न्यून र कक्षागत रुपमा घट्दो क्रममा रहेको,

### ३.२.३ **लक्ष्य (Goal)**

सबैका लागि आधारभूत शिक्षालाई अधिकारका रुपमा स्थापित गर्दै विद्यालयमा बालमैत्री वातावरणमा ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाहरुका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता गर्ने ।

### ३.२.४ उद्देश्यहरु (Objectives)

१) सबै बालबालिकालाई आधारभूत शिक्षामा अनिवार्य तथा निशुल्क रुपमा पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु ।

२) आधारभूत शिक्षा प्रदायक विद्यालयहरुमा न्यूनतम् सक्षमताको अवस्था सुनिश्चित गर्न स्थानीय तहहरुसँग साझेदारी गर्नु ।

३) सामाजिक-सांस्कृतिक विविधतामा सामाञ्जस्य र राष्ट्रिय अर्थतन्त्रप्रति अभिमुख गरी आधारभूत तहमा अध्ययन गर्ने बालबालिकामा जीवनोपयोगी सीप तथा मूल्यमा आधारित शिक्षा हासिल गराउनु ।

४) वैकल्पिक तथा लचिला मोडका शिक्षा कार्यक्रम मार्फत औपचारिक शिक्षालाई सहयोग पुऱ्याउनु ।

५) विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय पबवन्धमा क्रमिक सुधार गरी विद्यालय संचालन पद्धतिलाई विविधता अनुकुल उत्थानशील र जवाफदेही बनाउनु ।

### ३.२.५ रणनीतिहरु (Strategies)

१) सबै बालबालिकाहरुलाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा उपलव्ध गराउन संघ, प्रदेश र विभिन्न गैर सरकारी संस्था लगायतका निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

२) नगरपालिका क्षेत्रभित्र विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुको यथार्थ विवरण संकलन गरी उनीहरूको आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाई विद्यालयमा भेरीगंगा नगरपालिकालाई पूर्णरुपमा निःशुल्क र अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता भएको घोषणा गरिनेछ ।

३) संघीय मापदण्डअनुसार नगरपालिकाकाले विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित हुने गरी विद्यालयहरुलाई पुनर्वितरण तथा समायोजन गर्ने कामलाई निरन्तरता दिइनेछ ।

४) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न संघीय तथा कर्णाली प्रदेशको कानुनसंग नबाँझिने गरी आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाइनेछ ।

५) आधारभूत तहमा विद्यार्थीहरुलाई न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई नगरपालिकाप्रति जवाफदेही हुने प्रणाली विकास गरिने छ ।

६) आधारभूत तहको शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरुलाई प्रविधिसहितको भौतिक पूर्वाधार सम्पन्न गर्ने तथा बहुप्रकारका विपद्प्रति संवेदनशील र अपांगमैत्री बनाउने कार्यमा समन्वय, सहयोग र सहजीकरण गरिनेछ ।

७) शिक्षण सिकाइ विधिमा समेत आवश्यक परिमार्जन गर्दै कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गरिने छ । यसका लागि आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने छ ।

८) नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको कार्यकारी समिति र सामाजिक परीक्षण समितिका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिने छ ।

९) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न सामाजिक विकास शाखा तथा नगरपालिकामा कार्यरत संघसंस्थाहरु संगको सहकार्यमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

१०) विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइने छ ।

११) स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई थप व्यवस्थित गर्न संघ र प्रदेश सरकारसंग सहकार्य गरिनेछ र विद्यालयले दिवा खाजा व्यवस्थापन गर्ने छन् ।

१२) विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१३)	विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गरिने छ ।

१४)	स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ बमोजिम स्थानीय पाठ्यक्रमको विकास गरी पूर्णरुपमा कार्यान्वयन गरिनेछ ।

१५)	संघीय सरकारले विद्यार्थी शिक्षक अनुपातमा निर्धारण र पुनरावलोकन गरेको शिक्षक दरबन्दी आवश्यकतानुसार पुनर्वितरण तथा समायोजन गर्न आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।

१६)	सबै विद्यालयहरुमा विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाई स्थानीय स्रोतसाधन परिचालन गरी कार्यान्वयन गर्न सहजीकरण गरिनेछ ।

१७)	विद्यालय र विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई निश्चित मापदण्डका आधारमा प्रोत्साहन गराइनेछ ।

१८)	आधारभूत तहको प्रारम्भिक कक्षामा लागू भएको प्रारम्भिक कक्षा पढाइ कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहजीकरण गरिनेछ ।

१९)	आधारभूत तह सञ्चालन भएका विद्यालयको नतिजामुलक सूचक निर्धारण गरी अनुगन तथा सुपरिवेक्षण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

२०)	संस्थागत विद्यालयहरुको नियमनलाई प्रभावकारी बनाउँदै संस्थागत विद्यालयबाट प्रदान गरिने शिक्षालाई सेवामूलक बनाउदै लगिनेछ ।

२१)	सबै विद्यालयमा कार्यसम्पादनको सुधारसहित सुशासन कायम भएको हुनेछ ।

२२)	आधारभूत विद्यालयहरुले शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीको समय र आवश्यकतानुसार अद्यावधिक र प्रयोग गरेका हुनेछन् ।

### ३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results and Main Activities and Target)

**क) उपलब्धि (Outcomes)**

१)	आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुने ।

**ख) प्रमुख नतिजाहरू (Key results)**

१)	नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने सबै बालबालिकाहरु आधारभूत शिक्षाको पहुँचमा आएको हुने ।

२)	आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि ७० प्रतिशतभन्दा माथि पुगेको हुनेछ ।

३)	सबै विद्यालयहरुमा न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने ।

४)	विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने ।

५)	आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।

६)	विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने ।

७)	विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने ।

८)	शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Target)**

| क.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | | | | १ | १ | संघ, प्रदेश र नगरपालिकाको समन्वय र सहकार्यमा |
| २ | शिक्षक र विद्यार्थी संख्याको अनुपातमा दरवन्दी मिलान, शिक्षक व्यवस्थापन र कार्यान्वयन | नगरपालिका | १ | | | | | १ | १ | संघीय सरकारसंगको समन्वय र सहकार्यमा |
| ३ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | ९९ | ९९ | १०० | संघ, प्रदेश र नगरपालिकाको समन्वय र सहकार्यमा |
| ४ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजा घर आदि) | विद्यालय | १० | ११ | १० | १० | १० | ५१ | ५१ | संघ र प्रदेश सरकारसंग को समन्वय र सहकार्यमा |
| ५ | उत्कृष्ट विद्यालय अनुदान कार्यक्रम | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० | कक्षा १-५ र ६-८ सञ्चालन भएका कुनै एक एक वटा विद्यालय |
| ६ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी | योजना तयारी पटक | १ | | | | | १ | २ | संघ र प्रदेश सरकारसंग को समन्वय र सहकार्यमा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन | | | | | | | | |
| ७ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा बृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय प्रतिशत | ३० | ३५ | ४० | ४५ | ५० | ५० | १०० | संघ र प्रदेश सरकारसंगको समन्वय र सहकार्यमा |
| ८ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | विद्यार्थी प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | संघीय सरकारसंग को साझेदारीमा |
| ९ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि पाठ्यपुस्तक | विद्यार्थी प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | संघीय सरकारको बजेट |
| १० | आधारभूत तहमा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित बनाउने | पटक | १ | १ | १ | १ | १ | १ | १ | |
| ११ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको कार्यकारी समितिका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण | विद्यालय प्रतिशत | ५० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १२ | आधारभूत तह (कक्षा ५ सम्म) सञ्चालन भएका विद्यालयहरुलाई क्रमशः कक्षा ८ सम्म विस्तार गरिने | विद्यालय संख्या | ० | १ | १ | १ | १ | ५ | १० | |
| १३ | आधारभूत तह (कक्षा ३ सम्म) सञ्चालन भएका विद्यालयहरुलाई क्रमशः कक्षा ५ सम्म विस्तार गरिने | विद्यालय प्रतिशत | ० | ० | ० | ० | १ | १ | २ | |
| १४ | प्रत्येक वडामा कम्तिमा एउटा वटा नमूना आधारभूत विद्यालय स्थापना तथा सञ्चालन गरिने | विद्यालय | ० | १ | १ | १ | १ | ४ | ८ | |
| १५ | पढ्नका लागि सिक्ने तथा सिक्नका लागि पढ्ने प्रक्रियालाई प्रोत्साहित गर्न विद्यालयमा उचित प्रयोगशाला र पुस्तकालय तथा सिकाई कुनाको व्यवस्था | विद्यालय प्रतिशत | २५ | २५ | २५ | २५ | ० | १०० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था, कक्षा शिक्षण पद्धति मार्फत पढाई सीप प्रवर्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसाम्रगी, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्थापन लगायतको व्यवस्था | विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | |
| १७ | प्रधानाध्यापकसँग नतिजामा आधारित कार्यसम्पादन करार गर्ने र निर्धारित लक्ष्य हासिल गर्न व्यवस्थापनमा स्वायत्तता दिँदै अनुगमनलाई नतिजामूलक बनाउदै लगिने । | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | | | |
| १८ | विपद्का वेला समेत उपयोगी हुने गरी नियमित विद्यालय सञ्चालनका अतिरिक्त बैकल्पिक सिकाइका उपायहरू (रेडियो, इन्टरनेट, भर्चुअल कक्षा आदि) को समेत प्रयोग गर्न सक्ने गरी स्रोतसाधन र क्षमता विकास गरिने । | विद्यालय प्रतिशत | २० | २० | २० | २० | २० | १०० | | |
| १९ | नगरपालिकाले अनिवार्य र निःशुल्क शिक्षासम्बन्धी कानुन तर्जुमा गरिने । | नगरपालिका | १ | | | | | | | |
| २० | गरिब, विपन्न, दलित र विशेष आवश्यकता भएका बालबालिकाहरूको आधारभूत शिक्षाको सुनिश्चितताका लागि | नगरपालिका | ० | १ | १ | | | १ | २ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नगरपालिका तहमा नगर प्रमुख तथा उपप्रमुख विद्यार्थी कल्याणकारी कोष तथा वडा तहमा वडा अध्यक्ष विद्यार्थी कल्याणकारी कोषको व्यवस्था गरिने । | | | | | | | | | |
| २१ | संस्थागत विद्यालयहरूको वर्गीकरण, शुल्क निर्धारण र छात्रवृत्ति वितरणका आधारहरूलाई पारदर्शी बनाउदै प्रभावकारी नियमनका माध्यमले सेवामूलक मार्गमा लैजान उत्प्रेरित गरिने । | विद्यालय प्रतिशत | ५० | ५० | | | | १०० | | |
| २२ | विभिन्न सघं संस्था, अभिभावक, चन्दादाताहरूको सहयोगमा विद्यालयस्तरमा विद्यालय विकास कोषको स्थापना र व्यवस्थापन गर्न प्रोत्सहान गरिने । | विद्यालय प्रतिशत | १० | ३० | ५० | १० | | १०० | | |
| २३ | शिक्षकहरूको कक्षा प्रवेश पूर्वको योजना तयारी र सामग्री प्रयोग अनिवार्य गर्दै शिक्षकले कक्षाकोठामा शिक्षणमा खर्च गर्ने समयलाई अभिवृद्धि गरिने । | शिक्षक प्रतिशत | ३० | ३० | ४० | | | १०० | | |
| २४ | विद्यार्थी प्रतिभा पहिचानका लागि सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन | नगरपालिका | १ | १ | १ | १ | १ | ५ | १० | |
| २५ | पढाइ उत्सव सञ्चालन गर्ने | विद्यालय प्रतिशत | ६५ | ६५ | १०० | १०० | १०० | १०० | १०० | |

## ३.३ माध्यमिक शिक्षा (Secondary Education)

### ३.३.१ परिचय (Introduction)

शिक्षा ऐन, २०२८ (संशोधन सहित) अनुसार कक्षा ९ देखि १२ सम्म दिइने शिक्षालाई माध्यमिक शिक्षाका रुपमा परिभाषित गरिएको छ । आधारभूत शिक्षा र उच्च शिक्षालाई जोड्ने सेतुका रुपमा माध्यामिक शिक्षाले कार्य गर्दछ । यो उच्च शिक्षा र कामको संसारमा प्रवेश गर्नका लागि आधार प्रदान गर्ने शिक्षा हो । खासगरी माध्यामिक शिक्षाको प्राप्ति पश्चात ठूलो संख्या कामको संसारमा प्रवेश गर्दछ भने मेधावी सानो संख्या उच्च शिक्षामा प्रवेश गर्दछ । नेपालको संविधानमा माध्यामिक तहसम्मको शिक्षा कानुन अनुसार निशुल्क प्रदान गरिने व्यवस्था गरिएको छ र संविधानको अनूसुची ८ मा आधारभूत तथा माध्यामिक तहसम्मको शिक्षालाई स्थानीय तहको एकल कार्यसूचिमा समावेश गरिएको छ । अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा ऐन, २०७५ मा पनि माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा प्रदान गरिने कानुनी व्यवस्था गरिएको छ । पन्धौं आवधिक योजनाले पनि माध्यमिक शिक्षामा सर्वसुलभ पहुँच कायम गर्न विभिन्न नीतिगत व्यवस्था गरेको छ । शिक्षा नीति, २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहूँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने नीति लिएको छ ।

श्रमप्रति सकारात्मक भावना भएका सीपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, प्राविधिक तथा व्यावसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यन्वयन सँगै कक्षा ९-१२ मा प्राविधिक तथा व्यवसायिक धारको सुरुवाती गरिएको छ । पछिल्ला बर्षहरूमा माध्यमिक तहमा भर्ना दर, लैङ्गिक समतादर, पढाई चक्र पूरा गर्ने दर आदिमा सकारात्मक संकेतहरू देखापरिहेको अवस्थामा पछिल्लो समय देखा परेको कोभिड १९ को दोश्रो चरणले प्रभावित पारेको अवस्था छ । माध्यमिक शिक्षा परीक्षा (एस.इ.इ.) र कक्षा १२ को समेत शैक्षिक गतिविधिहरु प्रभावित भएको देखिन्छ ।

शैक्षिक सत्र २०७७ को शैक्षिक तथ्यांक अनुसार भेरीगंगा नगरपालिकामा १५ वटा सामुदायिक र ३ वटा संस्थागत गरी जम्मा १८ वटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन् जसमध्ये ८ वटा विद्यालयहरुमा मात्र कक्षा ११ र १२ का कक्षाहरु सञ्चालनमा रहेका छन् । श्री शारदा मावि छिन्चुमा पशु विज्ञान र श्री शिखर मावि रामघाटमा बाली विज्ञानका तीन बर्षे प्राविधिक तथा व्यवसायिक शिक्षाको कार्यक्रम सञ्चालनमा रहेको छ । पछिल्लो तथ्यांक अनुसार यस नगरपालिकामा जम्मा ३१३९ विद्यार्थीहरु अध्ययनरत् रहेका छन् । दुईवटा विद्यालय बाहेक अन्यत्र योग्यता पुगेको प्रधानाध्यापकको अभावमा निमित्तको भरमा विद्यालय सञ्चालान भएका छन । शून्य दरवन्दी भएका ६ वटा विद्यालयहरूमा शैक्षिक सत्र २०७६ देखि नगरपालिकाको अनुदानमा एक एक वटा स्वयम् सेवक शिक्षकहरूको

व्यवस्थापन गरिएको छ । कक्षा १० को अन्त्यमा लिइने एस.इ.ई. परीक्षाको नतिजा अपेक्षित रुपमा सन्तोषजनक हुन सकेको छैन । तल्लो तहको जिपिए (१.६-२.५) प्राप्त गरेका विद्यार्थीहरुको संख्या अधिक छ । योजना निर्माणको आधार बर्षमा उच्च जिपिए श्रेणी हासिल गर्ने विद्यार्थी संख्या ज्यादै न्यून रहेको अवस्था छ ।

### ३.३.२ चुनौति तथा अवसरहरु (Challenges and Opportunities)

संबैधानिक व्यवस्था भएबमोजिमस सबै बालबालिकाहरुका लागि निशुल्क माध्यमिक शिक्षा सुनिश्चित गर्नु, माध्यमिक तहमा गुणस्तरीय रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्नु, शिक्षक विद्यार्थी अनुपात तथा विषयगत रुपमा शिक्षक दरवन्दीको व्यवस्था गर्नु, विद्यालयमा न्यूनतम सक्षमताको अवस्था सुनिश्चित गर्नु, सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार, शिक्षकको दक्षतामा बृद्धि र सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गरी सिकाइ सुधार तथा डिजिटल डिभाईडलाई कम गरी भौतिक रुपमा संचालन गरिने शिक्षण सिकाइको विकल्प स्वरुप अनलाईन/भर्चुअल/ खुल्ला सिकाइको अवसर सिर्जना गर्नु, माध्यमिक शिक्षालाई व्यवहारिक, प्रयोगात्मक, रचनात्मक, सिर्जनशील, स्वावलम्वी र रोजगारमूलक बनाउनु तथा संविधानले स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाको समग्र व्यवस्थापनको अधिकार प्रदान गरेको सन्दर्भमा स्थानीय तहलाई उक्त अधिकार वा जिम्मेवारीलाई प्रभावकारी रुपमा सम्पादन गर्न सक्षम बनाउनु प्रमुख चुनौतिका रुपमा रहेको देखिन्छ । निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्ने र माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेको ठूलो सङ्ख्यालाई विद्यालयमा ल्याउनु, विपन्न बालबालिका, विभिन्न किसिमका अपाङ्गता भएका बालबालिका, दुर्गम क्षेत्रका महिला, दलित, पिछडिएका वर्ग र लोपोन्मुख समुदायका बालबालिका, कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु, माध्यमिक तहमा प्राविधिक तथा ब्यावसायिक व्यवस्थित गर्नु, सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउनु र विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनुपनि यस तहको शिक्षामा देखिएका सवालका विषयहरु हुन् ।

नेपालको संविधानले माध्यमिक तहसम्मको निशुल्क शिक्षाको व्यवस्था गरी यस तहसम्मको शैक्षिक अधिकार स्थानीय तहलाई प्रदान गर्नु, स्थानीय तहसम्म शिक्षा सेवाका कर्मचारीहरु समायोजन भई कार्यसम्पादनमा संलग्न रहनु, अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा निर्माण भई कार्यान्वयनमा आउनु, प्रत्यक बर्ष शिक्षा तर्फको बजेटमा बृद्धि हुदै जानु, शिक्षामा सूचना र प्रविधिको प्रयोगमा बृद्धि हुदै जानु, शैक्षिक विकासमा ३ तहका सरकार बिच समन्वय र सहकार्य हुनु र विद्यार्थी तथा अभिभावकमा शैक्षिक जागरण वृद्धि हुन गई शिक्षालाई अधिकारको रुपमा आत्मसाथ गर्नु प्रमुख अवसरका रुपमा रहेका छन् ।

### ३.३.३ लक्ष्य (Goal)

स्तरयुक्त जीवनोपयोगी माध्यमिक शिक्षामा सबै बालवालिकाको निःशुल्क पहुँच सुनिश्चित गर्दै प्रयोगात्मकता, सिर्जनशिलता, रोजगारमुलकता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणयुक्त स्वाबलम्बी, प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनमुखी जनशक्ति तयार गर्नु ।

### ३.३.४ उद्देश्यहरु (Objectives)

१) सबै बालबालिकाको गुणस्तरीय माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशिलता, अन्वेषणात्मकता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको सीपयुक्त, उत्पादनशील/प्रतिस्पर्धी जनशक्ति तयार गर्नु ।

२) माध्यमिक शिक्षा पूरा गरेका सबै बालबालिकाहरूलाई दैनिक जीवन, रोजगारी र निरन्तर सिकाइका लागि तयार बनाउनु ।

३) विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

४) विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु ।

५) सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन मार्फत सार्वजनिक शिक्षा प्रणालीको विस्तार र रुपान्तरण गर्नु,

६) माध्यमिक शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पूरा गर्नका लागि शिक्षा सरोकारवाला निकाय र व्यक्तिहरुको क्षमता अभिबृद्धि गर्नु,

७) माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षामार्फत विद्यार्थीको आधारभूत सीप प्राप्तिको सुनिश्चित गरी किशोर किशोरीहरूलाई विभिन्न सीप हासिल गर्न सहयोग गर्नु ।

### ३.३.५ रणनीतिहरु (Strategies)

१) सबैका लागि निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चित गर्न संघ र कर्णाली प्रदेशसंग समन्वय र सहकार्य गरी बजेट तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ ।

२) संघ, प्रदेश र नगरपालिकाबाट सामुदायिक विद्यालयका लागि विनियोजित अनुदान वितरण गर्दा कार्य सम्पादनमा आधारित बनाइनेछ ।

३) माग, आवश्यकता र औचित्यताको आधारमा माध्यमिक विद्यालयको स्थापना, पुनर्वितरण तथा समायोजन गरिनेछ ।

४) विद्यालय शिक्षामा गुणस्तरीयता बृद्धि गर्न नगरपालिका स्तरमा कम्तीमा दुई वटा नमूना माध्यमिक विद्यालयहरू स्थापना गरी सञ्चालन गर्ने,

५) आर्थिक सामाजिक हिसाबले कमजोर पृष्ठभूमि भएका विद्यार्थीहरुलाई लक्षित गरी आवश्यकतामा आधारित छात्रवृति प्रदान गरी माध्यमिक शिक्षाको पहुँचमा सुनिश्चितता गरिनेछ ।

६) सुरक्षित विद्यालय, सुरक्षित समुदायको अवधारणा र मापदण्ड तयार गरी सबै सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरूले सोको अनिवार्यरुपमा कार्यान्वयन गरी भुकम्प प्रतिरोधी तथा विभिन्न प्रकारका प्रकोपबाट पुर्ण सुरक्षित विद्यालय पुर्वाधारको विकास गरिनेछ ।

७) माध्यमिक शिक्षालाई प्रविधियुक्त र प्रतिस्पर्धी बनाउन विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग र गणित (STEM) विषयको शिक्षण सिकाइमा विशेष जोड दिनका लागि विद्यालयमा आवश्यक पर्ने पुर्वाधार विकास गरिनेछ ।

८) विद्यालयमा शैक्षिक सुशासनको सुनिश्चितता गर्न विद्यालय सञ्चालनमा तथा विद्यार्थी सिकाइमा जवाफदेहिता, उत्तरदायित्व, पारदर्शिता कायम गर्न कार्यसम्पादन करार, कार्यसम्पादन परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन जस्ता संयन्त्रहरुको विकास गरिनेछ ।

९) माध्यमिक शिक्षामा मानव मूल्य प्रवर्द्धन गर्न, परम्परागत संस्कृति, आचरण र अनुशासनको पालना, योग अभ्यास लगायतका विषयको शिक्षण सिकाइ गर्न प्रोत्सहान गरिनेछ ।

१०) सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणका लागि विद्यालयका सरोकारवालाहरूको सक्रिय सहभागितामा सुनिश्चित गर्दै अल्पकालीन तथा दीर्घकालीन रुपमा लक्ष्य समेत किटान गरी सामुदायिक एवं सार्वजनिक शिक्षा प्रणालीको शुद्धिकरण तथा सवलीकरण अभियान सञ्चालन गरिनेछ ।

११) विद्यालय अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण प्रक्रियालाई नतिजामुलक तथा उपचारात्मक गराई निरीक्षक एवम् अनुगमनकर्ताबाट प्राविधिक सहायता प्रदान गर्ने पद्धतिको विकास गरिनेछ ।

१२) माध्यमिक शिक्षामा शैक्षिक गुणस्तर अभिबृद्धिका निम्ति शिक्षा क्षेत्रमा गरिने लगानीलाई बृद्धि गरिनेछ ।

१३) शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी संघ संस्था, सहकारी र अन्य सामुदायिक संस्थाहरुसंग नगरपालिकासंगको समन्वयमा साझेदारी गरी कार्यक्रम सञ्चालन गर्ने पद्धतिको विकास गरिनेछ ।

१४) अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराई भौतिक पूर्वाधार, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रणालीलाई समावेशी एवम् अपाङ्गमैत्री बनाउन सहजीकरण गरिनेछ ।

१५) शिक्षा सरोकारवालाहरुमा अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेशागत नैतिकताको प्रवर्द्धन, लगानी अभिबृद्धि र प्रविधिको उच्चतम प्रयोगद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गरिनेछ ।

१६) सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापनप्रति प्रधानाध्यापकलाई उत्तरदायी बनाइनेछ ।

१७) विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

## ३.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results and Main Activities and Target)

### क) उपलब्धि (Outcomes)

१) माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

### ख) प्रमुख नतिजाहरू (Key results)

१) सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा बृद्धि हुने ।

२) सबै माध्यमिक विद्यालयले पूर्वाधारका आधारभूत मापदण्ड पुरा गरेको हुने ।

३) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम, तथा पाठ्यसामग्रीमा परिमार्जन, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने ।

४) माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।

५) माध्यमिक शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने ।

६) विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने ।

७) शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।

८) राष्ट्रिय पाठ्यक्रमको प्रारुप, २०७६ बमोजिम नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने ।

९) नगरपालिकामा कम्तिमा एउटा नमुना विद्यालयहरुको विकास भएको हुने ।

१०) तीन वटै तहको आपसी सहकार्य र समन्वयमा प्रत्येक विद्यालयमा आवश्यक पर्ने न्यूनतम विषयगत शिक्षकहरुको व्यवस्थापन भएको हुने ।

११) सबै विद्यालयहरूमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्यूटर ल्याबको प्रबन्ध मिलाइएको हुने ।

१२) डिजिटल र भर्चुअल सिकाइ पद्धतिलाई प्रबर्धन गरिएको हुने ।

१३) नगरस्तरमा नगर प्रमुख/उपप्रमुख विद्यार्थी कल्याणकारी कोष र सबै विद्यालयहरुमा विद्यालय विकास कोषको स्थापना भएको हुने ।

### ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Main Activities and Target)

| क.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | | | | १ | १ | |
| २ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन कालागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | १ | | | | | १ | १ | |
| ३ | शिक्षक र विद्यार्थी संख्याको अनुपातमा दरवन्दी मिलान, शिक्षक व्यवस्थापन र कार्यान्वयन | नगरपालिका | १ | १ | | | | १ | १ | संघीय सरकारसंगको समन्वय र सहकार्यमा |
| ४ | माध्यमिक तहका बालबालिकालाई विद्यालयमा भर्ना गर्ने | प्रतिशत | ५० | ५५ | ६० | ७० | ८० | ८० | १०० | |
| ५ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकताअनुसारको प्रबन्ध गर्ने | नगरपालिका | १ | | | | | १ | १ | संघ र प्रदेश सरकारसंगको समन्वय र सहकार्यमा |
| ६ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजा घर आदि) | विद्यालय प्रतिशत | २० | २० | २० | २० | २० | १०० | १०० | संघ र प्रदेश सरकारसंगको समन्वय र सहकार्यमा |
| ८ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार | योजना तयारी पटक | १ | | | | | १ | १ | |
| ९ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा बृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय प्रतिशत | ३० | ३५ | ४० | ४५ | ५० | ५० | १०० | संघ र प्रदेश सरकारसंगको समन्वय र सहकार्यमा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि पाठ्यपुस्तक वितरण | विद्यार्थी प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ र प्रदेश सरकारसंगको समन्वय र सहकार्यमा |
| ११ | माध्यमिक तहका विभिन्न कक्षामा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित बनाउन सहजीकरण | नगरपालिका | १ | १ | १ | १ | १ | १ | १ | संघ र प्रदेश सरकारसंगको समन्वय र सहकार्यमा |
| १२ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको कार्यकारी समितिका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण | विद्यालय प्रतिशत | ५० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १३ | माध्यमिक तह (कक्षा १० सम्म) सञ्चालन भएका विद्यालयहरुलाई क्रमशः कक्षा १२ सम्म विस्तार गरिनेछ । | विद्यालय संख्या | ४ | ० | ० | १ | १ | ६ | ८ | |
| १४ | कम्तिमा एउटा नमुना माध्यमिक विद्यालयको विकास | विद्यालय संख्या | | १ | | | | १ | २ | |
| १५ | सबै माध्यमिक विद्यालयहरुमा पुस्तकालय, विज्ञान प्रयोगशाला र सूचना प्रविधि प्रयोगशाला स्थापना | विद्यालय प्रतिशत | ५० | १० | १० | १० | २० | १०० | १०० | |
| १६ | नगरपालिकाको वडा नं. ४, ५ र ७ कम्तिमा एउटा माध्यमिक विद्यालय स्थापना | विद्यालय संख्या | २ | | १ | | | ३ | ३ | |
| १७ | नगर प्रमुख/उपप्रमुख विद्यार्थी कल्याणकारी कोष र सबै विद्यालयहरुमा विद्यालय विकास कोषको स्थापना | नगरपालिका /विद्यालय | | १/ ५१ | | | | १/ ५१ | | |
| १८ | उम्दा र क्षमतावान विद्यार्थीहरूका लागि नगरपालिका र जनज्योति मावि भिङ्नीको साझेदारीमा विद्यालय आवासको स्थापना तथा सञ्चालन | विद्यालय | | १ | १ | | | १ | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | हाल सञ्चालित माध्यमिक विद्यालयहरू भौगोलिक दूरी, विद्यालयका कार्यक्रम, विद्यार्थी संख्या र अध्ययन हुने विषय लगायतका आधारमा पुर्नमिलान भएको अवस्थामा नगरपालिकाले प्रोत्साहन एकमुष्ट अनुदान उपलव्ध गराइने । | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | निरन्तर | |
| २० | प्रधानाध्यापकसँग नतिजामा आधारित कार्यसम्पादन करार गर्ने र निर्धारित लक्ष्य हासिल गर्न व्यवस्थापनमा स्वयत्तता दिँदै अनुगमनलाई नतिजामूलक बनाउदै लगिने । | विद्यालय | ५१ | ५१ | ५१ | ५१ | ५१ | | | |
| २१ | उच्च विद्यार्थी चाप भएका माध्यमिक विद्यालयहरूमा आधारभूत तह (कक्षा १-५)) को अलग्गै व्यवस्थापन गरिने कार्यलाई प्राथमिकता दिइने । | विद्यालय | | १ | १ | १ | १ | ४ | ७ | |
| २२ | समग्र विद्यालय सञ्चालन तथा व्यवस्थापनको क्षेत्रमा सुशासन कायम गरिने । | विद्यालय | ६६ | ६६ | ६६ | ६६ | ६६ | | ६६ | |
| २३ | शिक्षकहरूको कक्षा प्रवेश पूर्वको योजना तयारी र सामग्री प्रयोग अनिवार्य गर्दै शिक्षकले कक्षामा शिक्षणमा विताउने समयको प्रभावकारीता अभिवृद्धि गरिने । | विद्यालय | ६६ | ६६ | ६६ | ६६ | ६६ | | ६६ | |
| २४ | नतिजाप्रति शिक्षकलाई जिम्मेवार बनाई कार्यसम्पादन र प्राप्त नतिजाका आधारमा प्रोत्साहन अनुदानको व्यवस्था गरिने । | विद्यालय | १ | १ | १ | १ | १ | ५ | | |
| २५ | उत्कृष्ट नतिजा हासिल गराउने | शिक्षक | ५ | ५ | ५ | ५ | ५ | २५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षक र विद्यालयहरूलाई सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिने । | | | | | | | | | |
| २६ | हालको अपुग शिक्षक दरबन्दीलाई क्रमशः स्वयम् सेवक शिक्षक परिचालन मार्फत व्यवस्थापन गरिने । | विद्यालय | ७ | ७ | १४ | १४ | १४ | | २१ | |
| २७ | सबै माध्यमिक विद्यालयहरुमा गणित ल्याब स्थापना गरिने । | विद्यालय | २ | २ | ३ | ३ | ३ | १३ | १३ | |
| २८ | विद्यार्थी प्रतिभा पहिचानका लागि सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन | नगरपालिका | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.४.उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासंग सम्बन्ध (Higher Education and its relation with Secondary Education)

### ३.४.१ परिचय (Introduction)

उच्चस्तरीय दक्ष र समालोचक, सर्जक, अनुसन्धानमूलक तथा विचारक जनशक्ति उत्पादन गर्ने शिक्षा उच्च शिक्षा हो । आजको विज्ञान र प्रविधिको युगमा अत्याधुनिक प्रविधिको उपयोग गरी दिगो विकासका लक्ष्यलाई हासिल गर्दै समृद्ध भेरीगंगा, सुखारी भेरीगंगावासीको मूल मर्मलाई आत्मसात गर्ने योग्य नागरिक उत्पादनका लागि प्राज्ञिक उत्कृष्टताको केन्द्र निर्माण गर्ने उच्च शिक्षाको मर्म हो । एकातिर उच्च शिक्षालाई गुणस्तरीय बनाई समतामूलक पहुँच सुनिश्चित गर्नु र आधुनिक ज्ञान, विज्ञान, कला, सीप एवम् प्रविधिमा दक्ष, प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस तहको शिक्षाको समय सापेक्ष रूपमा विकास र विस्तार गर्नु आवश्यक छ भने अर्कोतिर देशको उच्च शिक्षालाई माध्यमिक शिक्षाको जगमा विकास गर्नुपर्ने अपरिहार्यता त्यत्तिनै रहेको अवस्था छ । नेपालको संविधानले केन्द्रीय विश्वविद्यालयसम्बन्धी अधिकार संघ र उच्च शिक्षासम्बन्धी शासकीय अधिकार प्रदेश सरकारले सुनिश्चित गरेतापनि साझा अधिकारको सूचिमा रहेको शिक्षाले स्थानीय तहले समेत माध्यमिक शिक्षाको उच्च शिक्षासंग सम्बन्ध राखी आफ्नो क्षेत्रमा रहेका उच्च शिक्षा प्रदायक संस्थाको विकासमा भूमिका निर्वाह गर्न सक्दछ र गर्नुपर्दछ ।

नेपालको शिक्षाको संरचनामा कक्षा १२ उतीर्ण गरेको जनशक्तिलाई प्रदान गरिने उच्च स्तरको मानव संशाधनको विकास गर्नका लागि चार तहको उच्च शिक्षा प्रदान गर्ने नीतिगत प्रावधान रहेको छ । देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ्य, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वाबलम्बी, रोजगारन्मुख तथा मूल्य उन्मुख उच्च तहको जनशक्ति उत्पादन गर्नु यो तहको शिक्षाको प्रमुख ध्येय हो । लागत आपुरण, निजी क्षेत्रको लगानी, सामुदायिक सहभागिता, मागमा आधारित कार्यक्रम सञ्चालन र विश्व विद्यालयबाट आय स्रोतको परिचालन जस्ता नमुना विकास गर्नका लागि तीनै तहका सरकारहरु, समुदाय र निजी क्षेत्रलाई समेत उच्च शिक्षा विकास साझेदारका रूपमा सहभागी हुने अवसर खुला गरिनुपर्दछ ।

नेपालमा ११ वटा विश्वविद्यालय तथा ६ वटा राष्ट्रिय प्रतिष्ठान (मानित विश्वविद्यालय) हरु स्थापना भई १४०७ वटा कलेजहरु जसमध्ये ९८ वटा आंगिक, ५३२ वटा सामुदायिक र ७७७ वटा निजी शैक्षिक संस्थाहरु सञ्चालनमा रहेकोमा

भेरीगंगा नगरपालिकामा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेको हिमशिखर बहुमुखी क्याम्पसमा शिक्षाशास्त्र र व्यवस्थापन संकायमा स्नातक तहका कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । श्री शारदा मावि छिन्चुमा पशु विज्ञान र श्री शिखर मावि रामघाटमा बाली विज्ञानका डिप्लोमा तहका कार्यक्रमहरु सञ्चालित अवस्थामा रहेका छन् ।

### ३.४.२ चुनौति तथा अवसरहरु (Challenges and Opportunities)

उच्च शिक्षामा आर्थिक रुपले विपन्न र भौगोलिक रुपमा पिछडिएका र माध्यमिक तह पुरा गरेका नागरिकको समेत सहभागिता गराउनु, माध्यमिक शिक्षाको उच्च शिक्षासंग सम्बन्ध कायम राख्नु, भौगोलिक विकटता, भौतिक पूर्वाधार र आर्थिक लगानीको सुनिश्चितता गर्नु, दक्ष र योग्य जनशक्तिको अभाव हुनु र युग अनुकुलको गुणस्तरीय तथा प्राविधिक उच्च शिक्षा प्रदान गर्ने संस्थाको विकास गर्नु उच्च शिक्षाका प्रमुख चुनौतिका विषयहरु हुन् । उच्च शिक्षालाई व्यवसायिक, व्यवहारिक र जीवनोपयोगी बनाई शैक्षिक बेरोजगारी न्यूनीकरण गर्नु, नगरपालिकाको समग्र अवस्थाको अध्ययन, अध्यापन र अनुसन्धान गर्ने संस्थाको रुपमा व्यवस्थापन गर्नु र उच्च शिक्षा प्राप्त गरेका जनशक्तिहरूलाई स्थानीय तहमानै रोजगार सिर्जना गर्नु जस्ता सवालहरुलाई समेत उच्च शिक्षाका सहायक चुनौतिका रुपमा लिन सकिन्छ ।

नेपालको संविधानमा उच्च शिक्षा तीनवटै तहको साझा अधिकारक्षेत्रभित्र रहनु, नगरपालिका क्षेत्रभित्र एउटामात्र उच्च शिक्षा प्रदायक संस्था सञ्चालन हुनु, क्याम्पसको सेवाक्षेत्र फराकिलो रहनु, नगरपालिकाका सबै सरोकारवाला, राजनीतिक दल तथा जनप्रतिनिधिहरुमा क्याम्पसको थप प्रभावकारी सञ्चालन तथा व्यवस्थापनमा एकमत रहनु, नगरपालिकाका दुईवटा माध्यमिक विद्यालयहरुमा पशु र बाली विज्ञानका डिप्लोमा तहका कक्षाहरु सञ्चालन हुनु, कर्णाली प्रदेश सरकारले समेत क्याम्पसलाई निरन्तर सहयोग गर्नु, कृषि तथा वन विज्ञान विश्वविद्यालयको आंगिक क्याम्पस गराउनका लागि प्रक्रिया अगाडि बढाइनु आदिलाई यस नगरपालिकाको उच्च शिक्षाको अवसरको रुपमा लिन सकिन्छ ।

### ३.४.३ लक्ष्य (Goal)

प्राज्ञिक उत्कृष्टता तथा उन्नयनका लागि अध्ययन तथा अनुसन्धान गर्ने उच्च शिक्षा प्रदायक संस्थामार्फत उच्चस्तरीय प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी जनशक्ति उत्पादन गर्नका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

### ३.४.४ उद्देश्य (Objectives)

१) पहुँच र गुणस्तर अभिबृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रर्वतनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउदै ज्ञानमा आधारित अर्थतन्त्र निर्माण गर्न सहयोग गर्नु ।

२) उच्च शिक्षालाई नगरपालिकाको समग्र सामाजिक र आर्थिक रुपान्तरणको लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित प्राविधिक, व्यावसायिक र उद्यमशील मानव संसाधन विकास गर्न सहजीकरण गर्नु ।

३) माध्यमिक शिक्षाको उच्च शिक्षासंग सुमधुर सम्बन्ध कायम रहने गरी उच्च शिक्षा प्रदायक संस्थाको विकास र सञ्चालन गर्नमा भूमिका निर्वाह गर्नु ।

## ३.४.५ रणनीतिहरु (Strategies)

१) नगरपालिकाभित्र सञ्चालनमा रहेको उच्च शिक्षा प्रदायक संस्थाको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाउन संघ र प्रदेश तहको सरकारसंग समन्वय र सहकार्य गरी आवश्यक कानूनी तथा संस्थागत संयन्त्रको निर्माण गर्न सहजीकरण गरिनेछ ।

२) नगरपालिमा सञ्चालन रहेको उच्च शिक्षा प्रदायक संस्थामा समतामूलक पहुँच र गुणस्तर अभिबृद्धि गरी उच्च शिक्षालाई प्राविधिक तथा व्यवसायिक शिक्षाको मार्गमा लैजान सहयोग र सहजीकरण गरिनेछ ।

३) नगरपालिकामा उच्च तहको प्राविधिक शिक्षाको व्यवस्थापन गर्नका लागि बहुप्राविधिक शिक्षालय स्थापना गर्नमा आवश्यक सहयोग गरिनेछ ।

४) नगरपालिकामा बसोबास गर्ने विपन्न महिला, युवा, अल्पसङ्ख्यक, लोपोन्मुख, पिछडिएका बर्ग, क्षेत्र, समुदाय र जनजातिहरूलाई निश्चित मापदण्डका आधारमा उच्च तहको प्राविधिक तथा व्यवासायिक शिक्षा अध्ययन, अनुसन्धानका अवसर सिर्जना गर्न लगानी गरिनेछ ।

५) अनौपचारिक मार्गबाट उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीहरुको उच्च शिक्षामा पहुँच अभिबृद्धि गर्नका लागि खुला एवम् दूर शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्न उत्प्रेरित गरिनेछ ।

६) नगरपालिकाका विभिन्न क्षेत्रमा आवश्यक पर्ने उच्च तहको जनशक्ति आपूर्ति गर्न सक्ने गरी उच्च शिक्षाका कार्यक्रमहरुलाई अगाडि बढाउन आवश्यक सहयोग गरिनेछ ।

७) ज्ञानमा आधारित अर्थतन्त्रमा टेवा पुऱ्याउन सक्ने जनशक्ति उत्पादन गर्न तथा रोगजार प्रबर्द्धन गर्न नवीनतम खोज र अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गर्न आवश्यक सहयोग गरिनेछ ।

८) शिक्षा क्षेत्रको विभिन्न विषयमा अनुसन्धान गर्नका लागि अनुसन्धान हबको रुपमा विकास गर्न क्याम्पसलाई उत्प्रेरित गरिनेछ ।

९) विपद्, महामारी र संकटको समयमा समेत शैक्षिक गतिविधिहरुलाई निरन्तरता प्रदान गर्नकालागि आवश्यक पर्ने प्रणाली स्थापना गर्न सहयोग, समन्वय र सहजीकरण गरिनेछ ।

१०) उच्च तहको प्राविधिक तथा व्यावसायिक शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्न दिगो लगानी सुनिश्चित गरिनेछ ।

११) माध्यमिक शिक्षाको उच्च शिक्षासंग सुमधुर सम्बन्ध कायम रहने गरी उच्च शिक्षा प्रदायक संस्थाको विकास र सञ्चालन गर्नमा भूमिका निर्वाह गरिनेछ ।

## ३.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results and Main Activities and Target)

**क) उपलब्धि (Outcomes)**

१) उच्च शिक्षामा सबै पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**ख) प्रमुख नतिजाहरू (Key results)**

१) नगरपालिकामा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाबाट सञ्चालन हुने उच्च शिक्षाका कार्यक्रमहरूमा समयानुकूल सुधार र स्तरोन्नति भएको हुनेछ ।

२) नगरपालिकामा उपलब्ध जल, जमिन, जङ्गल, जडीबुटी र जैविक बिबिधता, पर्वतीय पर्यावरण, मौलिक कला संस्कति र सभ्यताको अध्ययन, अध्यापन र अनुसन्धान सुरुवात भएको हुनेछ ।

३) उच्च शिक्षालाई व्यावसायिक, व्यावहारिक र जीवनोपयोगी बनाई उत्पादन र आर्थिक उपार्जनसँग जोडेर स्वरोजगारी सिर्जना र आत्मनिर्भर प्राबिधिक र व्यवसायिक जनशक्ति उत्पादन भएका हुनेछन् ।

४) उच्च शिक्षालाई उद्यम र व्यवसायसँग जोडेर जनताको आर्थिक समृद्धि र विकासको साधक प्राविधिक र व्यवसायिक जनशक्ति उत्पादन गर्न एक बहुप्राविधिक शिक्षालय स्थापना तथा सञ्चालन गरिएको हुनेछ ।

५) विपद्, महामारीको समयमा समेत शैक्षिक गतिविधिहरुलाई निरन्तरता प्रदान गर्नकालागि आवश्यक पर्ने प्रणाली स्थापना भएको हुनेछ ।

६) क्याम्पसको सञ्चालन तथा व्यवस्थापनलाई नतिजामुलक बनाउनका लागि लगानीमा अभिबृद्धि हुनेछ ।

७) उच्च तहको प्राविधिक तथा व्यावसायिक शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्न दिगो लगानी सुनिश्चित हुने ।

### ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Target)

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | बहुप्राविधिक शिक्षालय स्थापना गर्न सहयोग तथा सहजीकरण गर्ने | पटक | | | १ | | | १ | १ | |
| २ | अनुसन्धान केन्द्रको स्थापना गर्न आवश्यक सहयोग गर्ने | पटक | | १ | | | | १ | १ | |
| ३ | स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुलाई शिक्षक संख्या कम भएका विद्यालयहरुमा स्वयम् सेवक शिक्षकको रुपमा परिचालन गर्ने | विद्यार्थी | ५ | १० | २० | २० | २० | ७५ | १५० | क्याम्पस संगको समन्वय र सहकार्यमा |
| ४ | उच्च शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकताअनुसारको समन्वय र सहजीकरण गर्ने | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | निरन्तर | संघ र प्रदेश सरकार संगको समन्वय र सहकार्यमा |
| ५ | उच्च शिक्षा प्रदायक संस्थामा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजा घर आदि) विकास गर्न सहयोग गर्ने | क्याम्पस | १ | १ | १ | १ | १ | | | संघ र प्रदेश सरकार संगको समन्वय र सहकार्यमा |
| ६ | उच्च शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका | योजना | १ | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिस्थितिप्रति उत्थानशील बनाउन नगरपालिकास्तरको योजना तयार गरी कार्यान्वयन गर्न सहयोग गर्ने | तयारी पटक | | | | | | | | |
| ७ | उच्च शिक्षाको खुला एवम् दूर शिक्षा प्रणालीको स्थापना गर्न सहजीकरण एवम् सहयोग गर्ने | क्याम्पस | | | | १ | | | १ | |
| ८ | विद्यार्थीहरुको अध्ययन अनुसन्धान कार्यमा सहयोग गर्न इ-पुस्तकालयको स्थापना गर्न सहयोग गर्ने | क्याम्पस | | | १ | | | १ | १ | |

## ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम (Technical and vocational education and skill development)

### ३.४.१ परिचय (Introduction)

वि. सं. २०७२ को संविधान सँगसँगै “समृद्ध नेपाल, सुखी नेपाली” भन्ने राष्ट्रिय आकांक्षा पुरा गर्नका लागि राष्ट्रिय योजना आयोगले नौ वटा राष्ट्रिय लक्ष्य अन्तर्गत उच्च र दीगो उत्पादन तथा उत्पादकत्व तय गरेको र त्यसको लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरिएको छ । सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दीगो विकास लक्ष्यले पनि प्रत्येक व्यक्तिलाई गरि खाने शिक्षामा समावेशी, समतामूलक र समन्यायिक ढंगमा दिने अवसरलाई व्यापक बनाउन जोड दिएको छ । यस प्रकारको शिक्षाको विकासले यस नगरपालिकामा सीपयुक्त दक्ष जनशक्ति उत्पादन हुने र रोजगार एवम् स्वरोजगारको अवसरहरु सृजना भई विदेशिने युवाहरु आत्मनिर्भर बन्ने अवस्था सिर्जना हुनेछ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको पछिल्लो तथ्याङ्क अनुसार नेपालमा ५७ वटा आङ्गिक पोलिटेक्निक/शिक्षालयहरु, १७ वटा साझेदारीमा सञ्चालित पोलिटेक्निक/शिक्षालयहरु, ४३४ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२९ वटा सम्बन्धन प्राप्त शिक्षालयहरु र ५८७ प्राविधिक एस.एल.सी. तहका कार्यक्रम र ६१४ डिप्लोमा तहका कार्यक्रम सञ्चालनमा रहेका छन् (*प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एकीकृत बार्षिक प्रतिवेदन, २०७६*)।

कर्णाली प्रदेशमा ४ वटा आङ्गिक, २ वटा साझेदारी, १०४ वटा सामुदायिक विद्यालयहरु, १८ वटा निजी संस्थाहरु रहेका छन् भने भेरीगंगा नगरपालिकामा २ वटा सामुदायिक विद्यालयहरु शारदा माध्यमिक विद्यालय छिन्चुमा डिप्लोमा कृषि पशु विज्ञान र प्रि डिप्लोमा कृषि विज्ञान, शिखर माध्यमिक विद्यालय रामघाटमा डिप्लोमा कृषि बाली विज्ञान र १

निजी विजयलक्ष्मी प्राविधिक शिक्षालय छिन्चुमा प्रि डिप्लोमा इलेक्ट्रिकल, सब इन्जिनियर र कृषि विषय यस प्रकारको शिक्षा दिने गरी सञ्चालनमा रहेका छन् ।

### ३.४.२ चुनौति र अवसरहरु (Challenges and Opportunities)

संघीय संरचनामा विद्यालयको शिक्षासँगसँगै प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका लागि स्थानीय तहमा नीति, कार्यक्रम, समन्वय, सहयोग तथा व्यवस्थापन गर्ने संरचना र जिम्मेवारीको संयन्त्र विकास गर्नु, सार्वजनिक निजी साझेदारीको माध्यमबाट प्राविधिक तथा व्यावसायिक शिक्षाको , बजारको माग र तालिम प्राप्त जनशक्तिको मेल हुने प्रणाली स्थापित गर्नु प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको मुख्य चुनौति हो । त्यसै गरी कर्णाली प्रदेशमा बहुव्यावसायिक प्रशिक्षण केन्द्र, उच्च तहको प्राविधिक शिक्षा प्रदान गर्ने संस्था, प्राविधिक तथा व्यावसायिक शिक्षामा दीगो, प्रभावकारी एवम् उपयुक्त स्रोत व्यवस्थापन, ५० देखि ६० प्रतिशतसम्मको शिक्षा प्राविधिक तथा व्यावसायिक शिक्षा हुनुपर्ने, प्रशिक्षकहरुको विकास र उत्प्रेरणा, प्रयोगशाला, पाठ्य सामग्री, कक्षा ९ देखि नै प्राविधिक तथा व्यावसायिक शिक्षा दिने विद्यालयहरु सञ्चालन हुनु पनि यस क्षेत्रका चुनौतिका विषयहरु हुन् ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, ऐन, नियमका साथै माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको संरचना, कार्यक्रम र कार्यान्वयन हुनु, सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरुको पुहँच विस्तार, छात्रवृत्ति लगायतका सहायता प्रणालीको व्यवस्थापन, निजी क्षेत्रको संलग्नता बढ्नु, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले प्राविधिक तथा व्यावसायिक शिक्षालाई समेटिनु, स्थानीय पालिकाहरुका कृषि, पशु, स्वास्थ्य जस्ता पूर्वाधार विकास शाखाहरुको सक्रियता केही अवसरहरु हुन् ।

### ३.४.३ लक्ष्य (Goal)

गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासलाई पहँच पुऱ्याई सीपयुक्त एवम् उत्पादनशील जनशक्ति विकास गरी उत्पादन बढाउने ।

### ३.४.४ उद्देश्य (Objectives)

१) नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको नियमन, व्यवस्थापन र दिगो स्रोत व्यवस्थापनका लागि संयन्त्र विकास गर्ने ।

२) लक्षित समुह तथा युवाहरुलाई समतामूलक, समावेशी र समन्यायिक रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिममा पहुँच पुऱ्याउने ।

३) बजारमुखी प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको प्रत्यक्ष अवसर प्रदान गर्ने ।

### ३.४.५ रणनीति (Strategies)

१) लक्षित समूह तथा युवालाई छात्रवृत्ति लगायतका सहायता प्रणालीबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा आकर्षित गरिनेछ ।

२) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई समतामूलक, समावेशी र समन्यायिक रुपमा विस्तारका लागि नगरपालिकाको कुनै एउटा सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम लागु गरिनेछ ।

३) नगरपालिका अन्तर्गत एउटा बहुप्राविधिक शिक्षालय स्थापना र विकास गरिनेछ ।

४) माग तथा आवश्यकतामा आधारित सीप विकासका तालिम कार्यक्रमहरु नियमित रुपमा सञ्चालन र विस्तार गरिनेछ ।

५) इञ्जिनियरिङ्ग, नर्सिङ्ग, स्वास्थ्य सहायक (एच. ए.) जस्ता कार्यक्रमहरु सञ्चालन गर्नका लागि प्राविधिक शिक्षा सम्बद्ध शिक्षण संस्थाहरुलाई प्रोत्सहान गरिनेछ ।

६) तालिम प्राप्त प्रशिक्षकहरुलाई आकर्षण गर्नका लागि विभिन्न सेवा सुविधामा बढोत्तरी तथा पेशामा स्थायित्वको नियमनकारी व्यवस्थापन गरिनेछ ।

७) प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासलाई गुणस्तरीय र प्रभावकारी विकास र विस्तारका लागि नगरपालिकास्तरमा नीति र योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

८) सञ्चालनमा रहेका प्राविधिक शिक्षालय तथा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रमलाई प्रभावकारी, गुणस्तरीय साधन स्रोत सम्पन्न रुपमा व्यवस्थापन गर्न आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिनेछ ।

### ३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्षहरु (Outcomes, Key Results and Main Activities and Target)

**क) उपलब्धि (Outcomes)**

लक्षित समूह तथा युवाहरुलाई समतामूलक, समावेशी र समन्यायिक रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिममा पहुँच पुऱ्याउने ।

**ख) प्रमुख नतिजाहरू (Key results)**

१) छात्रवृत्ति लगायतका सहायता प्रणालीबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा लक्षित तथा युवा वर्गको भर्ना तथा चक्र पूरा गर्ने दरमा बृद्धि हुने ।

२) सञ्चालनमा रहेका प्राविधिक शिक्षालय तथा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रमलाई प्रभावकारी, गुणस्तरीय र साधन स्रोत सम्पन्न रुपमा व्यवस्थापन हुने ।

३) नगरपालिकामा कम्तिमा एउटा सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम सञ्चालन हुने ।

४)	नगरपालिका अन्तरगत एउटा बहुप्राविधिक शिक्षालय स्थापना र विकास हुने ।

५)	माग तथा आवश्यकतामा आधारित सीप विकासका तालिम कार्यक्रमहरु नियमित रुपमा सञ्चालन र विस्तार हुने ।

६)	इञ्जिनियरिङ्ग, नर्सिङ्ग, स्वास्थ्य सहायक (एच. ए.) जस्ता कार्यक्रम प्रदायक प्राविधिक शिक्षालय स्थापना हुने ।

७)	तालिम प्राप्त प्रशिक्षकहरुलाई आकर्षण गर्नका लागि विभिन्न सेवा सुविधामा बढोत्तरी तथा पेशामा स्थायित्वको नियमनकारी व्यवस्थापन हुने ।

८)	प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासलाई गुणस्तरीय र प्रभावकारी विकास र विस्तारका लागि एक संयन्त्रको व्यवस्थापन गरी नीति र योजना कार्यान्वयनमा आउने ।

९)	स्थानीय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारको माग तथा आवश्यकता अनुसार विभिन्न सीप विकासका तालिमहरु नियमित रुपमा सञ्चालन हुने,

१०)	छोटो अवधिका तालिमहरु सञ्चालनका लागि सरकारी निजी साझेदारी अनुसार सञ्चालन हुने ।

११)	स्थानीय प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम नीति तथा योजना विकास र कार्यान्वयन हुने ।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Main Activities and Target)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रयोगशाला व्यवस्थापनमा सहयोग | विद्यालय | | २ | | | | २ | २ | संघ र प्रदेशसंगको समन्वय र सहकार्यमा |
| २ | श्री शारदा मावि छिञ्चुमा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | | | १ | | | १ | १ | संघ र प्रदेशसंगको समन्वय र सहकार्यमा |
| ३ | श्री शिखर मावि रामघाटमा बहु प्राविधिक शिक्षालय स्थापना तथा सञ्चालन | वटा | | | १ | | | १ | १ | संघ र प्रदेशसंगको समन्वय र सहकार्यमा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | छोटो अवधिका सिपमूलक तालिमहरु सञ्चालन | वटा | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | संघ र प्रदेशसंगको समन्वय र सहकार्यमा |
| ५ | प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी नगरस्तरीय नीतिको तर्जुमा | पटक | | १ | | | | १ | १ | |
| ६ | बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपलाई खोजी, प्रमाणिकरण र उपयोग गर्ने कार्य सञ्चालन गर्न सहजीकरण | जना | ० | १० | १० | १० | १० | ४० | ४० | संघ र प्रदेशसंगको समन्वय र सहकार्यमा |
| ७ | युवाहरूलाई खोज र नवप्रर्वतनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन | संख्या | | २० | २० | २० | २० | ८० | ८० | |
| ८ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाई उद्यमशिलता विकासको लागि सहयोग | संख्या | | ५ | ५ | ५ | ५ | २० | २० | |
| ९ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ३.६. पाठ्यक्रम, पाठ्यसामग्री तथा मूल्याङ्कन (Curriculum, Curricular Materials and Evaluation)

### ३.६.१.परिचय (Introduction)

पाठ्यक्रम विकास, परिवर्तन र परिमार्जन निरन्तर भइरहने प्रक्रिया हो । नेपालको संविधानको धारा ३१ को व्यवस्था र मर्म, विश्वमा भइरहेका नवीनतम् शैक्षिक प्रवर्धन, प्रयोग तथा उपलब्धिहरु, राज्यको पुनर्संरचनासँगै शैक्षिक रुपान्तरण अपरिहार्य भई पाठ्यक्रम विकास केन्द्रको नेतृत्वमा विद्यालय तहका पाठ्यक्रम २०७७ देखि परिवर्तन तथा कार्यान्वयन प्रारम्भ गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले तयार गरेको विद्यालय क्षेत्रको पाठ्यक्रमलाइ आधार तथा मार्गचित्रका रुपमा लिई सामाजिक न्याय, सकारात्मक रुपान्तरण र विश्व प्रतिश्पर्धी सक्षम नागरिक तयार गर्ने लक्ष्य केन्द्रित पाठ्यक्रम कार्यान्वयन गर्नु संघीय, प्रादेशिक र स्थानीय सरकारको प्रमुख जिम्मेवारी रहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले स्थानीय पाठ्यक्रम निर्माणका लागि स्थानीय तहलाई जिम्मेवारी दिएको छ भने प्रथम पटक पाठ्यक्रममा कार्यघण्टा र पाठ्यघण्टाको ब्यवस्था गरिएको छ ।

यसै सन्दर्भमा, भेरीगंगा नगरपालिकाले पनि १० वर्षे शिक्षा क्षेत्र योजना निर्माणको अभिन्न अङ्गकारुपमा पाठ्यक्रमलाई उच्च महत्व दिएको छ । स्थानीय तहमा पाठ्यक्रम निर्माण गर्ने स्वायत्त अङ्ग नभएको अवस्थामा यस शिक्षा योजनाले स्थानीय तहका लागि पाठ्यक्रम सम्बन्धी स्वायत्त संस्थागत संरचना मार्गदर्शन गर्ने अपेक्षा लिइएको छ । पाठ्यक्रमका अभिन्न अङ्गहरुमध्ये शिक्षण सामग्री पनि यस योजनाको महत्वपूर्ण पक्षका रुपमा समावेश भएको छ । त्यस्तै, सिकाइएका ज्ञान, व्यबहारकुशल सीप, प्रविधि र मानवीय मान्यताहरुको परीक्षण गर्ने मूल्याङ्कनका विधि, तरिका र साधनहरु पनि यसका अभिन्न क्षेत्र बनाइएको छ । यस योजनाले पनि विद्यालय तहको शिक्षाका लागि संघीय तहमा रहेको पाठ्यक्रम विकास केन्द्रको नीतिगत ब्यवस्थालाई कार्यान्वयन गराउन र स्थानीय स्तरका शिक्षाका क्षेत्राधिकारभित्र रहेर योजना र कार्यक्रम तयार गरी कार्यान्वयन र सहजीकरण गर्ने ध्येय लिएको छ ।

परीक्षा विद्यार्थीहरूले सिकेका ज्ञान, सीपहरूको मापन गर्ने साधन हो । हामी अझैपनि परम्परागत रुपमा चलिआएको Paper Pencil Test को माध्यमले विद्यार्थीहरूको सिकाइ उपलव्धि परीक्षण गर्दै आइरहेको अवस्था छ । परीक्षणका साधनहरूमा जती विविधता अपनाउन सक्यो मूल्याङ्कन त्यती नै विश्वासनिय र वैध हुन्छ । कक्षा १– ३ सम्म लिखित

परीक्षा सञ्चालन नगर्ने, ४ र ५ मा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत आवधिक परीक्षा, कक्षा ६ र ७ मा ४० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ६० प्रतिशत आवधिक परीक्षाका माध्यमले मूल्याङ्कन गर्ने व्यवस्था पाठ्यक्रमले गरेको छ । निरन्तर विद्यार्थी मूल्याङ्कनमा हाजिरी, कक्षा कार्य, परियोजना कार्य, कक्षा सहभागिता, विद्यार्थीको रचनात्मक र सृजनात्मक कार्यजस्ता विविध पक्षहरूलाई आधार मान्ने गरिएको छ । आधारभूत तहको परीक्षा सञ्चालन र व्यवस्थापनको अधिकार स्थानीय तहको कार्यक्षेत्रभित्र रहेको छ । परीक्षा व्यवस्थापनका समग्र पक्षहरूमा विश्वासनियता र बैधता कायम गर्दै सिकाइको मूल्याकनवाट सिकाइका लागि मूल्याङ्कन तर्फको सुरुवाती गर्नु आवश्यकता छ ।

भेरीगंगा नगरपालिकाको सन्दर्भमा कक्षा आठको आधारभूत शिक्षा परीक्षा सञ्चालन गर्नका लागि नगरपालिकाले आधारभूत शिक्षा परीक्षा सञ्चालन कार्यविधि, २०७६ निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । अन्य विद्यालय तहका परीक्षा सञ्चालन र व्यवस्थापनको लागि स्थापित लुज फोरम मार्फत एकरुपता ल्याउने प्रयास गरिएको छ ।  शैक्षिक सत्र २०७६ मा कोभिड १९ को कारणले विद्यार्थी मूल्यांकन कार्य प्रभावित नभएपनि शैक्षिक सत्र २०७७ मा कक्षा ६ देखि माथिको विद्यार्थी मूल्यांकनको अन्तिम कार्य केही प्रभावित बन्यो । पाठ्यक्रममा गरिएको परिमार्जनले विगतमा प्रयोग गरिएको निरन्तर विद्यार्थी मुल्याङ्कन प्रणालीका समस्या तथा कठिनाइहरुको अनुभवका आधारमा मूल्याङ्कन साधनहरुलाई सहज र व्याहारिक बनाई नतिजालाई अक्षराङ्कन पद्धतिमा अभिलेखीकरण गर्ने  प्रावधान शुरुवात गरिएको छ ।

### ३.६.२. चुनौति र अवसरहरु (Challenges and Opportunities)

नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि सरकोवाकारवालाको क्षमता विकास र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु, सबै शिक्षकलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण गर्नु तथा अपाङ्गता भएका बालबालिकाकाहरूका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा पर्याप्त विकल्पहरू प्रदान गरी अपाङ्गताको प्रकृतिअनुसार लचकता प्रदान गर्नु पाठ्यक्रम तथा पाठ्यसामग्रीसंग सम्बन्धित प्रमुख चुनौतिहरु रहेका छन् । पाठ्यपुस्तकलाई शैक्षिक सत्रको शुरुमा नै विद्यार्थीको हातमा प्रदान गर्नु, शिक्षक निर्देशिकालगायत विद्यार्थीका लागि मुद्रित तथा डिजिटल सन्दर्भ सामग्री प्रदान गर्नु, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने, परीक्षा पद्धतिलाई उच्च तहको संज्ञान तथा सिप परीक्षण गर्ने गरी कार्यान्वयन र विद्यार्थीको कार्यसम्पादन स्तरलाई मूल्याङ्कनको नतिजाले स्पष्ट गर्न सक्ने बनाउनु, सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग गर्नु पाठ्यक्रम तथा पाठ्यसामग्रीसंग सम्बन्धित थप चुनौतिका विषयहरु रहेका छन् ।

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ को निर्माण, विद्यालय शिक्षाको सम्पूर्ण कक्षाको पाठ्यक्रम तथा मूल्यांकनको क्षेत्रमा परिमार्जन र कार्यान्वयन गर्दै जानु, आधारभूत र माध्यमिक तहका सबै बालबालिकाहरुलाई निःशुल्क पाठ्यपुस्तक प्रदान गरिनु, पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्रीको विकासमा प्रभावकारी भूमिका निर्वाह गर्नु आदि यससंग सम्बन्धित अवसरहरु हुन् ।

### ३.६.३ उद्देश्य (Objectives)

यस योजनाले पाठ्यक्रम, पाठ्यसामग्री तथा मूल्यांकन सम्बन्धी निम्न लिखित उद्देश्यहरु राखेको छ :

१) पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी रुपमा कार्यान्वयन गरी सक्षम, सृजनशिल तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु ।

२) खोज, अनुसन्धान र व्यवहारिक जीवनमा आधारित स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न सहयोग गर्नु ।

३) बालिवालिकालाई आधुनिक विज्ञान र प्रविधिमा आधारित समाजमा अनुकूल बनाउन पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई प्रविधियुक्त कार्यान्वयनलाई जोड दिनु ।

४) पाठ्यक्रम, पाठ्यसामग्री तथा अतिरिक्त कार्यकलाप कार्यान्वयन गर्दा विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्नका पक्षलाई समावेश गर्नु ।

५) शिक्षालाई दैनिक जीवनका आयामहरुसँग जोडी सम्बन्धित बिषयवस्तुलाई अर्न्तसम्वन्धित गरी सिकाइ क्रियाकलाप संचालन गर्नु सहयोग गर्नु ।

६) पाठ्यक्रममा आधारित शिक्षण सिकाईद्धारा स्थानिय र आधुनिक परिवेश अनुसार सिकारुमा ज्ञान, सिप तथा व्यवहार विकासमा सहजिकरण गर्नु ।

७) सिकारुको सिकाइलाई समस्या समाधानउन्मुख गराई निरन्तर, आवधिक, स्तरिकृत र प्रमाणमा आधारित मूल्यांकन पद्धतीको कार्यान्वयन गर्न सहयोग गर्नु ।

### ३.६.४ रणनीतिहरु (Strategies)

योजनाका उद्देश्यहरु हाँसिल गर्न निम्नलिखित रणनितिहरु अवलम्बन गरिनेछ :

१) राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ र तद्नुसारका पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि सहजीकरण गरिनेछ ।

२) ज्ञानमा आधारित समाज, सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग एवम् यस नगरपालिकाको शैक्षिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक अवस्था र स्थानीय आवश्यकताकाा आधारमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन गरिनेछ ।

३) पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई प्रभावकारी कार्यान्वयन गर्न शिक्षक तथा अन्य सरोकारवालालाई प्रबोधीकरण गरिनेछ ।

४) राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्दिष्ट गरेअनुसार विद्यालय तहको पाठ्यक्रम कार्यान्वयन गर्न शिक्षकको सक्षता विकास गरी जिम्मेवार बनाईनेछ ।

५) राष्ट्रिय र स्थानीय दुबै प्रकारका पाठ्यक्रमको प्रभाकारी कार्यान्वयनका लागि आवश्यक पर्ने संरचनागत तथा नीतिगत प्रबन्ध गरी कार्यान्वयनमा ल्याइनेछ ।

६) पाठ्यक्रममा आधारित शिक्षण सिकाइलाई सूचना, सञ्चार र प्रविधिको उचित प्रयोग गर्न सहभागीतामुलक, खोजमुलक तथा समस्या समाधानकेन्द्रित शिक्षण विधिको प्रयोग गर्नका लागि आवश्यक सहजीकरण गरिनेछ ।

७) सबै सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षण सिकाइका लागि अत्यावश्यक पुर्वाधार विकास तथा उचित प्रयोग गर्न सक्ने क्षमता विकास गरी कक्षागत वा तहगत रुपमा प्रविधिमा आधारित शिक्षक सिकाइलाई प्राथमिकता दिइनेछ ।

८) सबै माध्यमिक विद्यालयहरुमा पुस्तकालय र सूचना तथा सञ्चार प्रविधि ल्याब तथा आधारभूत विद्यालयमा सिकाइ कुना र सूचना तथा सञ्चार प्रविधि ल्याब को व्यवस्थापन गरी सो को प्रयोगको लागि शिक्षकहरुको क्षमता विकास गरिनेछ ।

१०) स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि समन्वयात्मक अनुगमन तथा पृष्ठपोषण कार्यलाई व्यवस्थित गरिनेछ ।

११) अपांगता भएका बालबालिकाहरुको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर बृद्धि गर्न पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई ब्रेल लिपि, सांकेतिक भाषा, श्रव्यदृष्य सामग्रीको विकास तथा प्रयोगलाई उच्च प्राथमिकता दिई सबै बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चितता गरिनेछ ।

१२) सिकाइ उपलब्धिप्रति शिक्षकलाई जिम्मेवार तथा जवाफदेही बनाई शिक्षकको वृतिविकाससँग पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्ने व्यवस्था मिलाइनेछ ।

१३) कक्षा ८ को आधारभूत शिक्षा परीक्षालाई थप प्रभावकारी र व्यवस्थित गर्दै लगिनेछ ।

१४) शिक्षकलाई पूर्णरुपमा विद्यार्थीको सिकाइ उपलब्धिप्रति जिम्मेवार बनाउने संयन्त्र निर्माण गरिनेछ ।

१५) विद्यालय तहको परीक्षा तथा मूल्यांकन पद्धतिलाई क्रमशः सुधार गर्दै लगिनेछ ।

### ३.६.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results and Main Activities and Target)

#### क) उपलब्धि (Outcome)

१) विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्यांकन प्रणाली प्रभावकारी भई आवश्यक आधारभुत सक्षमता सहित सकारात्मक सोंच, सृजनशिल, निरन्तर सिकाईप्रति प्रतिवद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न सहयोग हुने ।

#### ख) नतिजा Result

१) राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार विद्यालय तहको पाठ्यक्रम कार्यान्वयन हुने ।

२) कक्षा १ देखि ३ मा व्यवहारकुशल सिप सहित अर्न्तबिषयक तथा बहुबिषयक ढाँचाको एकिकृत पाठ्क्रम कार्यान्वयन हुने ।

३) विद्यालय तहको स्थानिय पाठ्यक्रम विकास तथा समायोजन र कार्यान्वयन हुने ।

४) आधारभुततहसम्म आवश्यकता अनुसार मातृभाषा, स्थानिय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाई सहजिकरण हुने ।

५) पाठ्यक्रम विकास केन्द्रले विकास गरेको बहुपाठ्यपुस्तक कार्यान्वयन हुने ।

६) विद्यालयतहको सार्वजनिक परिक्षाले विद्यार्थिको क्षमाताको सहि व्याख्या गरेको हुने ।

७) पाठ्यक्रम विकास केन्द्रद्धारा निर्माण गरिएका सामग्रीहरु अपांगमैत्री तथा भौगोलिक सापेक्षतामा प्रयोग हुने ।

८) सिकाई क्रियाकलाप बालमैत्री, सान्दर्भमिक तथा प्रभावकारी हुने

९) पाठ्यक्रम कार्यान्वयनका लागि विद्यार्थिको सिकाईमा आधारीत उत्तरदायित्व वहन हुने ।

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Main Activities and Target)

| क.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को कार्यान्वयन र अनुगमन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | विद्यालय तहका पाठ्यक्रम तथा पाठ्यसामग्री अभिमुखीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | परम्परागत ज्ञान, सिप र प्रविधिलाई स्थानीय पाठ्यक्रममा समायोजन, परिमार्जन र विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | निर्देशिका, कार्यविधि, तथा मार्गदर्शन अभिमुखीकरण तथा प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | सबै तहका विद्यार्थीका लागि समावेशी डिजिटल पाठ्यसामग्री | कक्षा | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | निर्माण | | | | | | | | | |
| ६ | विभिन्न किसिमका अपांगता भएका बालबालिकाहरुका लागि उपयुक्त समावेशी पाठ्यसामग्रीको विकास र वितरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | पाठ्यक्रम विकास केन्द्रद्वारा सञ्चालन गरिने पाठ्यक्रमको अनुसन्धान तथा मूल्यांकनलाई सहजीकरण तथा सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | १ | |
| ८ | अभिभावक शिक्षाको पाठयक्रम को विकास र कार्यान्वयन | पटक | | १ | | | | १ | १ | |
| ९ | घर तथा समुदायमा पढाई संस्कार प्रबर्धन गर्न समुदायमा आधरित सार्वजनिक पुस्तकालयको स्थापना | संख्या | | | | १ | १ | २ | २ | |
| १० | स्टेम शिक्षासम्बन्धी अभिमुखीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ११ | स्थानियस्तरमा उपलब्ध शैक्षिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १२ | विपत्को र संकटको समयमा विद्यालय तहमा प्रयोग गर्न सकिने सामग्रीको विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १३ | शाखामा सानो पुस्तकालयको स्थापना | पटक | १ | | | | | १ | १ | |

## ३.७ शिक्षक व्यवस्थापन र विकास (Teacher Management and Development)

### ३.७.१ परिचय (Introduction)

शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक एक जीवन्त स्रोत हो । यही जिवन्त स्रोतको क्रियाशिलतामा शिक्षण सिकाइमा अरु स्रोतहरुले गति लिने गर्दछन् । शिक्षकमा भएको पेशाप्रतिको समर्पण र उत्साह, विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । हाम्रो जस्तो मुलुकमा शिक्षामा विनियोजित बजेटको करिब ७० प्रतिशत बजेट शिक्षकको तलव भत्तामा खर्च हुनुले पनि गुणस्तरीय शिक्षामा शिक्षकको महत्वलाई प्रमाणित गर्दछ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

वर्तमान अवस्थामा शिक्षक तयार गर्ने काम विश्वविद्यालयहरू तथा विद्यालयहरू (उच्च मावि) ले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

शिक्षक व्यवस्थापन र विकासका क्षेत्रमा भेरीगंगा नगरपालिकाको वर्तमान अवस्था र समसामयिक सवालहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

#### (क) शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति (Attraction and Appointment)

शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नका लागि शिक्षाको राष्ट्रिय नीति, २०७६ ले सबै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्थापन गर्दै उनीहरुको उत्प्रेरणा, पेशागत नैतिकता र सक्षमता अभिबृद्धि गर्नुका साथै शिक्षकको कार्य सम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने नीति अघि सारेको छ । नेपालको पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) ले यस पेसामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेसामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पुरा गर्नुपर्ने र पेसाको सुरक्षा लगायतका कारणले शिक्षण पेसालाई समाजमा प्रतिष्ठित पेसाका रूपमा लिइने अवस्थामा सुधार हुँदै गएको छ ।

शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरू र त्यसमा पनि महिलाहरुको उल्लेख्य उपस्थितिले यस सेवाप्रति शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ । आगामी दिनहरूमा निरन्तर शिक्षक पेसागत विकास तथा सहयोग, पूर्वानुमानयोग्य सरुवा र बढुवा प्रणाली, कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा, दण्ड र पुरस्कारसम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली, विश्वविद्यालयमा सर्वोत्कृष्ट स्थान ल्याउन सफल मिहिनेती, मेधावी तथा प्रतिभावान व्यक्तिहरूलाई शिक्षक पदमा कुल रिक्त पदको निश्चित प्रतिशत छुट्याई सोझै प्रवेश गराउन सकिने गरी कानुनी तथा प्रक्रियागत व्यवस्थाको सुनिश्चिततामार्फत शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गराउन आवश्यक देखिएको छ ।

शिक्षक सेवा आयोगबाट आधारभूत तह (कक्षा १-५), आधारभूत तह  (कक्षा ६-८) र माध्यमिक तहमा रिक्त शिक्षक दरबन्दीमा पदपूर्तिका लागि परीक्षा सञ्चालन गर्ने कार्य भइरहेको छ । शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ । विद्यालय र कक्षाकोठालाई नैतिक आचरण, कम्प्यूटर सम्बन्धी दक्षता, बालबालिका प्रति सकारात्मक प्रवृत्ति र आर्थिक प्रलोभन भन्दा पनि सामाजिक प्रतिष्ठा र सम्मानलाई महत्व दिने स्वभावको शिक्षकको आवश्यकता भए तापनि शिक्षक सेवा आयोगको पाठ्यक्रमले त्यस प्रकारको शिक्षक छनौटका लागि योगदान गर्न नसकेको देखिन्छ ।

### (ख) शिक्षक तयारी (Preparation)

नेपालमा विद्यालयको शिक्षा शास्त्रको उच्च माध्यमिक तह र विश्वविद्यालयहरूले सञ्चालन गर्दै आएका बी.एड., एम.एड.लाई नै शिक्षक तयारी कोर्स वा प्राज्ञिक योग्यता र व्यावसायिक योग्यता दुवै मानिएको छ । यस्ता कार्यक्रमहरुमा विद्यार्थी भर्नाका आधारहरु न्यूनतम ग्रेड तोकिएको हुँदा यसकै परिणामस्वरुप विश्वविद्यालयका यी कार्यक्रमहरुमा उत्तीर्ण दर पनि न्यून रहेको देखिन्छ । दृष्टान्त दिएर भन्नुपर्दा सन् २०१८/०१९ मा भर्ना भई परीक्षामा सहभागी भएका परीक्षार्थीहरूमध्ये १६.६५ प्रतिशत विद्यार्थी नियमिततर्फ उत्तीर्ण भएको देखिन्छ । शिक्षक सेवा आयोग

नियमावली, २०५७ बमोजिम शिक्षाशास्त्रबाट कक्षा १२ उत्तीर्ण एवम् विश्वविद्यालयबाट बी.एड. वा एम.एड.गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ ।

शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली, २०४९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्थाअनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे बी.एड.गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ । यसैगरी माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ ।

पन्ध्रौं योजनाले शिक्षकको न्यूनतम् शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक रूपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिने उल्लेख गरेको भए पनि यो कार्य हुन सकेको छैन । राष्ट्रिय शिक्षा नीति, २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गरिने उल्लेख गरेको छ । यही मापदण्डका आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरूबिचको सहकार्यबाट विश्वविद्यालयहरूले शिक्षक तयारी कोर्स विकास गरी कार्यक्रम सञ्चालन आवश्यक देखिएको छ ।

### (ग) शिक्षण सिकाइ क्रियाकलाप (Teaching Learning Activities)

विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ ले पनि शिक्षणसिकाइलाई विद्यार्थीकेन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूहकार्यमा आधारित र सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा एकीकृत गर्दै प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाउने उल्लेख गरेको छ । मूलतः बालबालिकाको सिकाइ उपलब्धि कक्षाकोठामा सञ्चालन गरिने शिक्षणसिकाइ क्रियाकलापमा निर्भर रहने हुँदा नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षणसिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरूप विद्यालयको शिक्षणसिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता प्रयास भए तापनि अपेक्षित उपलब्धि हासिल भएको अवस्था देखिदैन ।

पन्ध्रौ योजनाले शिक्षणसिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था, कक्षाशिक्षण पद्धतिमार्फत पढाइ सिप प्रवर्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोत सामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्थामा जोड दिएको छ । विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४-२०७७/०७८) ले शैक्षणिक अभ्यासको सुधारमार्फत नै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुन्छ भन्ने मान्यता बोकेको पाइन्छ । यस योजनाले बालकेन्द्रित तथा अन्तर्क्रियात्मक शिक्षण विधिका साथै सक्रिय सिकाइका तौरतरिकाको प्रयोगमा जोड दिएको पाइन्छ । यसमा बालकेन्द्रित शिक्षण विधिलाई छुट्टै पद्धतिका रूपमा नभई गुणस्तरीय शिक्षाका लागि गरिने सबै खाले प्रयत्नको अभिन्न अङ्ग बनाइने उल्लेख छ ।

विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थीकेन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित कष्टमाइज्ड तालिमहरू सञ्चालन गरी शिक्षणसिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो । यत्ति हुँदा पनि हाम्रा शिक्षकहरुलाई एकातिर कक्षाकोठाका शिक्षण सिकाइ क्रियाकलापहरुमा रमाउनका लागि उपयुक्त वातावरणको सिर्जना गर्न नसकेको अवस्था छ भने अर्कोतिर शिक्षण सिकाइ क्रियाकलापमा रमाउने स्वभावका शिक्षकहरु छनौट गरेर कक्षा कोठामा लिन नसकेको अवस्था पनि त्यत्तिकै खट्किएको देखिन्छ । कतिपय विद्यालयको कमजोर भौतिक पूर्वाधार, उच्च गतिको इन्टरनेट सुविधाको कमी, स्रोतको कमी, विषयगत दक्ष, योग्य र उत्प्रेरित शिक्षकको कमी, शैक्षणिक सामग्रीको कमी, उपयुक्त कार्य वातावरणको कमी आदिका कारणले कक्षाकोठाको शिक्षणसिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ ।

### (घ) शिक्षक पेसागत सहयोग पद्धति (Teacher Professional Support System)

नेपालमा शिक्षक पेसागत सहयोगका लागि वि.स. २०२८ मा लागु भएको राष्ट्रिय शिक्षा पद्धति योजनाले लिडर र फिडर विद्यालय (Leader and Feeder School) को अवधारणा अघि पनि सारेको थियो । यसैगरी विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक र माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको थियो । ग्रामीण विकासका लागि सेती परियोजना (१९८१-१९९१) हुदै नेपालको शिक्षा सुधारका लागि निरन्तर रुपमा धेरै परियोजना र कार्यक्रमहरू कार्यान्वयनमा आए । अध्ययन गर्दा ती सबैले शिक्षकको पेसागत सहयोगलाई महत्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएका देखिन्छ ।

ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेसागत सहयोगका लागि स्रोत केन्द्रहरू स्थापना भएर क्रमशः तिनको सङ्ख्या विस्तार गरी १०५१ स्रोत केन्द्रहरूमार्फत शिक्षक पेसागत सहयोग प्रदान हुँदै आइरहेको थियो । संघीय संरचनाको कार्यान्वयनसँगै हाल आएर स्रोत केन्द्र पद्धति विघटन भएको हुँदा स्रोतकेन्द्रबाट सम्पादन हुने कार्यहरुमा गतिरोध भएको अवस्था छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको तयारी प्राप्ति विकास र उपयोग प्रणालीमा सुधार गरी विद्यालय शिक्षाको गुणस्तरमा अभिबृद्धि गर्ने एवम् स्थानीय तहमा सेवा निवृत्त शिक्षकहरूलाई अध्ययन अनुसन्धान, शिक्षक सहायता, अनुगमन आदिमा प्रयोग गर्ने उल्लेख गरेपनि यस तर्फ आवश्यक कानून र कार्यक्रमको व्यवस्था मिलाउन सकिएको छैन । दिगो विकास लक्ष्य (२०१६-२०३०) अनुसार सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि गठन भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूबिच सञ्जाल विकास गर्न अति कम विकसित मुलुकका लागि दिइएको सुविधाको उपयोग हुन सकेको छैन ।

शिक्षाका पुराना संरचनाहरु विघटन भएको र नयाँ सरचनाको विकास पनि नभइसकेको अवस्थामा राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा झै यस नगरपालिकामा पनि शिक्षक पेसागत सहयोगका विभिन्न उपागमहरू जस्तै- कक्षा अवलोकन र छलफल, मेन्टरिङ, नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान, शिक्षकहरूको सिकाइ सञ्जाल, कन्फरेन्स, सहपाठीसँगको अन्तक्रिया, प्रतिविम्बित अभ्यास आदि दिशाविहीन भएको अवस्था छ ।

### (ङ) शिक्षक क्षमता विकास कार्यक्रम (Capacity Development Programme)

पेसागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षणसिकाइमा सुधार आउन सक्छ । यसै कुरालाई आत्मसात गरी पन्ध्रौं योजनाले विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन गरिने र सार्वजनिक माध्यमिक विद्यालयमा क्रमशः अलग्गै प्रधानाध्यापकको व्यवस्था गरी सबै प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरिने उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गर्ने उल्लेख छ । यसैगरी आधारभूत तहका शिक्षकले विषयगत शिक्षण, बहु कक्षा शिक्षण, कक्षा शिक्षण पद्धतिसम्बन्धी ज्ञान र सिप हासिल गरी पठनपाठनमा सो को प्रभावकारी प्रयोग गर्न सक्नेगरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिने व्यवस्था गरेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले स्थानीय तहले विद्यालयलाई केन्द्रविन्दु बनाएर शिक्षकको निरन्तर पेसागत विकास कार्यक्रमहरू, जस्तैः कष्टमाइज्ड तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण, प्रतिविम्बन, शिक्षक नेटवर्क, सहकार्यात्मक रूपमा गरिने अनुसन्धान (Collaborative Research) मेन्टरिङ, कोचिङ आदि सञ्चालन गरिने व्यवस्था गरेको छ । साथै सो नीतिमा सूचना तथा सञ्चार प्रविधिको विकासमा भएको तीव्र विकाससँगै तालिम दिने पद्धतिमा समेत परिमार्जन गरी आमने सामने, विद्यालयमा आधारित, मिश्रित, अनलाइन तथा भर्चुअल पद्धतिबाट तालिम सञ्चालन गरिने उल्लेख छ ।

मुलुक संघीय संरचनामा गएसँगै शिक्षकको पेशागत विकासमा अग्रणी भूमिका निर्वाह गरिरहेको साविकको शैक्षिक जनशक्ति विकास केन्द्र साविकको शिक्षा विभागमा गाभिन गई सो विभाग हाल शिक्षा तथा मानव स्रोत विकास केन्दमा रुपान्तरण भएको छ । शैक्षिक जनशक्ति विकास केन्द्र गाभिएसँगै मुलुकभरि रहेको २९ वटा तालिम केन्द्रहरु पनि गाभिएर ७ वटा प्रदेशस्तरीय शिक्षा तालिम केन्द्रमा रुपान्तरण भएका छन् । शिक्षक पेसागत विकासका कार्यक्रमहरू सञ्चालनका लागि मापदण्ड बनाउने, प्रारूप बनाउने, तालिम पाठ्यक्रम विकास गर्ने र प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट हुँदै आएको छ । शिक्षकको पेसागत विकासका लागि सात ओटा प्रदेशस्तरीय शिक्षा तालिम केन्द्रहरूले अनलाइन तथा अफलाइन विधिबाट एक महिने प्रमाणीकरण शिक्षक तालिम (दुई चरणमा) र कष्टोमाइज्ड शिक्षक तालिम सञ्चालन गर्दै आएको अवस्था छ । हाल सञ्चालनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमले पनि शिक्षकको पेसागत विकासलाई जोड दिएको अवस्था छ ।

विद्यालय क्षेत्र विकास योजनावधिमा आधारभूत र माध्यमिक तहमा अध्यापन गर्ने विज्ञान, गणित र अङ्ग्रेजी विषयका शिक्षकहरूको शिक्षण क्षमता विकासका लागि टिपिडि तालिम सञ्चालनलाई प्राथमिकतामा राख्ने कार्य भइरहेको छ तापनि विद्यमान सात ओटा शिक्षा तालिम केन्द्रहरूबाट मात्र ठूलो सङ्ख्यामा शिक्षकहरूलाई प्रमाणीकरण तालिम प्रदान गर्न कठिन भएको अवस्था छ । यसैगरी शिक्षक तालिमलाई वास्तविक आवश्यकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञान तथा सिपको कक्षाकोठामा प्रयोगमा समस्या देखिएको विभिन्न अध्ययन प्रतिवेदनहरूले औँल्याएका छन् ।

पेशागत विकासको एउटा प्रचलित मोडल भनेको १०-२०-७० मोडल हो । यस मोडलका अनुसार कुनै पनि व्यक्तिले पेशागत विकासका लागि आवश्यक पर्ने कुल सिप र दक्षातामध्ये दश प्रतिशत सिप र दक्षता विद्यालय र विश्वविद्यालयका कक्षाहरुबाट आर्जन गर्दछ । बीस प्रतिसत सिप र दक्षता पेशासँग सम्बन्धित तालिम गोष्ठी र अन्तरक्रियाहरुबाट सिक्दछ भने बाँकी सत्तरी प्रतिसत सिप र दक्षता उसले आफ्नो कार्य सम्पादनको क्रममा सिक्दछ । यसका लागि पेशामा काम गर्ने व्यक्ति पेशाप्रति मन, बचन र कर्मले समर्पण भावका साथ जुटेको हुनुपर्दछ । हाम्रो मुलुकका सार्वजनिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको व्यवस्थापनको क्रममा देखा परेका विविध समस्याहरुको न्यायोचित किसिमले सम्बोधन हुन नसक्दा हाम्रो पेशागत विकासको सत्तरी प्रतिशत खण्ड प्यारालाइज्ड भएको अवस्था छ ।

### (च) शिक्षक उत्तरदायित्व (Responsibility)

राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार विद्यार्थीहरूले परीक्षामा हासिल गरेको परिणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षकहरूलाई जिम्मेवार र जवाफदेही बनाइनेछ र शिक्षकको सक्षमता, विद्यार्थीको सिकाइ उपलब्धि, सिकाइ क्रियाकलाप सम्बन्धमा गरिएका अनुसन्धान, शैक्षिक सामग्री निर्माण, नवप्रवर्तनात्मक कार्य, अतिरिक्त र सहक्रियाकलाप सञ्चालन, पेसागत जिम्मेवारी तथा

जवाफदेहिता बहन जस्ता स्पष्ट र पारदर्शी सूचकका आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने व्यवस्था गरिनेछ उल्लेख छ । यसका साथै नीतिले शिक्षकलाई प्रशासनिक रूपमा प्रधानाध्यापकप्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावकप्रति जवाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ र विद्यालय व्यवस्थापनका लागि विद्यार्थी, अभिभावक र स्थानीय तहप्रति जवाफदेही बनाउनुपर्ने कुरामा जोड दिएको छ ।

यस नगरपालिकाको सन्दर्भमा थुप्रै सामुदायिक विद्यालयहरूले राम्रा अभ्यास प्रस्तुत गरेका छन् । पर्याप्त विद्यार्थीहरू भएका, नियमित पठनपाठन हुने र विद्यार्थीको सिकाइ उपलब्धि पनि उच्च भएका केही विद्यालयहरूका अभ्यासलाई नमुनाका रूपमा पनि लिन सकिन्छ । शिक्षक सेवा आयोग नियमावली, २०५७ ले शिक्षकको बढुवालाई अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिसँग जोड्ने काम गरेर उत्तरदायी बनाउने प्रयास गरे पनि यो औपचारिक मात्र हुनगई यसबाट कुनै योगदान भएको देखिदैन । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले राष्ट्रिय स्तरमा गरेको विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण (NASA) को प्रतिवेदनबाट विद्यार्थीहरूको सिकाइ उपलब्धि कमजोर रहेको सहजै अनुमान गर्न सकिन्छ । पन्ध्रौं योजनाले शिक्षकले कक्षाकोठामा बिताउने समयलाई नियमित पठनपाठनसँग आबद्ध गर्दै शिक्षकहरूलाई पेसाप्रति समर्पित बनाई शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहमा उत्प्रेरणाका कार्यक्रम सञ्चालन गरिने व्यवस्था गरेको छ ।

### (छ) शिक्षकको आपूर्ति र वितरण (Supply and Distibution)

शिक्षा नियमावली, २०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरेको छ । पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६-८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ । नियमावली अनुसार नेपालमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेकमा १:३०, पहाडी भेकमा १:४० र तराई तथा काठमाडौं उपत्यकामा १:५० रहेको छ ।

यही अनुपातलाई आधार मानेर शिक्षक सङ्ख्या कम भएका विद्यालयमा स्थानीय तहबाट नियुक्त भएका शिक्षकहरूका लागि नेपाल सरकारले शिक्षक सहायता अनुदान रकम प्रदान गर्दै आएको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अभिलेखअनुसार प्रदेश, जिल्ला र विद्यालयपिच्छे शिक्षक विद्यार्थी अनुपात फरक फरक छ । तराईमा शिक्षक विद्यार्थी अनुपात उच्च रहेको पाइन्छ भने हिमाली भेकमा यो अनुपात न्यून रहेको छ ।

भेरीगंगा नगरपालिकाको सवालमा शैक्षिक सत्र २०७७ लाई आधार मानी कुरा गर्दा यस नगरपालिकामा विद्यालय र शिक्षक अनुपात प्राथमिक तह, निम्न माध्यमिक तह, माध्यमिक तह र उच्च माध्यमिक तहमा क्रमशः ३:३३, १:९, १:५ र २ रहेको, प्राथमिक तह निम्न माध्यमिक तह र माध्यमिक तह र उच्च माध्यमिक तहमा विद्यार्थी र विद्यालय

अनुपात प्राथमिक देखि उच्च माध्यमिक तहसम्म क्रमशः ९५ जना, ७३:६ जना, ११५:९ र ९६:५ र शिक्षक विद्यार्थी अनुपात प्राथमिक देखि उच्च माध्यमिक तहसम्म क्रमशः २८:५१, ७३:६६, ११५:९४ र ९६:५  रहेको देखिन्छ ।

भेरीगंगाको भूगोल विकट छ । बस्ती पातलो छ । एउटा बस्तीबाट अर्को बस्तीको दुरी एक घण्टा देखि दुई घण्टासम्म लाग्ने गर्दछ । विद्यालयहरु बस्ती बस्तीमा हुने होइन भने बिद्यार्थीहरुले अध्ययन छोड्नु पर्ने अवस्था छ । त्यसकारण पनि निम्न माध्यमिक तहसम्मका विद्यालयहरु विद्यार्थीहरुको अध्ययनलाई निरन्तरता दिनका लागि समेत विद्यालयहरु स्थापना गरिएको अवस्था छ । निम्न माध्यमिक माध्यमिक र उच्च माध्यमिक तहमा त विषयगत शिक्षकको मुख देख्नु भनेको त्यहाँका विद्यार्थीहरुका निम्ति एकादेशको कथा हो । कतिपय विद्यालयहरुमा त सम्बन्धित तहको शिक्षक बिनै पनि त्यो तहको निशुल्क शिक्षा सञ्चालन भइरहेको छ । नगरपालिकाको आफ्नो स्रोतबाट प्राथमिक तह निम्न माध्यमिक तह र माध्यमिक तहमा क्रमशः २६ जना ११ जना र ६ जनाका दरले गरिएको शिक्षक व्यवस्थापनले कतिपय विद्यालयहरुलाई थोरै भए पनि राहत मिलेको अवस्था छ ।  कक्षा १० को अंग्रेजी, गणित र विज्ञान विषयको भर्चुअल सिकाइले समेत शिक्षक व्यवस्थापनमा केही हदसम्म सहयोग गरेको अवस्था छ ।

### ३.७.२ चुनौति र अवसरहरु (Challgenges and Opportunities)

शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नु एवम् शिक्षण पेसालाई रोजाइको पेशा बनाएकालाई शिक्षण पेशामा प्रवेश गराउनु, कक्षाकोठाको आवश्यक्ता र पाठ्यक्रमको मर्म एवम् बालबालिकाको रुचिअनुसारको शिक्षकको आपूर्तिका निम्ति शिक्षक सेवा आयोगको परीक्षा र पाठ्यक्रमलाई समसामयिक बनाउनु, विद्यालय तहको पाठ्यक्रम र शिक्षण आवश्यकतालाई सम्बोधन हुने गरी विश्वविद्यालयका शिक्षक तयारी कोर्स वा शिक्षक शिक्षा कार्यक्रमहरूलाई समायोजन गर्नु, सक्षम शिक्षक आपूर्तिका लागि विश्वविद्यालयमा शिक्षा संकायमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रिया सुधार गरी व्यवस्थित बनाउनु, कक्षाकोठालाई पेशागत विकास र सिकाइको थलोको रुपमा विकास गर्नु, पुरष्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले कार्यान्वयन गरिनु, विद्यालयहरुमा तहगत रुपमा न्यूनतम विषयगत शिक्षक दरबन्दिको व्यवस्थापन गर्नु, नपुग शिक्षकको आपूर्ति नगरपालिकाले आफ्नै लगानीबाट गर्नेगरी स्रोतको व्यवस्थापन गर्नु र शिक्षकको सरुवा र बृत्ति विकासलाई पारदर्शी निष्पक्ष न्यायोचित र विद्यार्थीको सिकाइ उपलब्धिमा आधारित बनाउनु शिक्षक व्यवस्थापन तथा विकासका क्षेत्रमा देखिएका मुख्य चुनौतिहरु हुन् ।

पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थीकेन्द्रित बनाउन शिक्षण विधि तथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउनु, शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु, शिक्षकलाई राजनीतिक गन्ध आउने थरिथरिका पेशागत संस्थातिर नभई विशुद्ध पेशाको उन्नयनमा सहयोग पुऱ्याउने सबैको साझा पेशागत संस्थाप्रति प्रतिबद्ध बनाउनु, शिक्षकको पेसागत विकासको अवसर विस्तार र प्रभावकारीतामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध गर्नु, विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा उपलब्ध शिक्षकहरूको औचित्यपूर्ण वितरण गर्नुका साथै आवश्यक

विषयगत विशिष्टतासहित आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु शिक्षक व्यवस्थापन तथा विकासका क्षेत्रमा देखिने सवालहरु हुन् ।

शिक्षक सेवा आयोगले निरन्तर रुपमा स्थायी शिक्षकको पदपूर्ति गर्नु, बढुवाका नियमित कार्यहरु प्रभावकारी रुपमा अगाडि बढाउनु, नेपाल सरकारले शिक्षक दरबन्दी मिलान गर्नका लागि कार्यदल निर्माण गरी प्राप्त प्रतिवेदनअनुसार दरबन्दी मिलानका कार्यहरु शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट तदारुपताका साथ अगाडि बढ्नु, शिक्षकको पेशागत विकास प्रारुपअनुसार पेसागत विकासका तीनवटै तरिकाहरु कार्यान्वयनमा आउनु, प्रदेश र स्थानीय तहले समेत शिक्षक व्यवस्थापनमा लगानी गर्दै आउनु आदि यस क्षेत्रका अवसरहरु रहेका छन् ।

### ३.७.३ उद्देश्यहरु (Objectives)

उपर्युक्त समीक्षा तथा चुनौतीहरूका आधारमा यस नगरपालिकाको शिक्षा क्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन् :

१) शिक्षक तयारीको गुणात्मक पक्षको पुनरावलोकन गरी शिक्षक तयारीको वर्तमान स्वरूप तथा प्रक्रियामा परिवर्तन गरी पेसाप्रति समर्पित र सक्षम शिक्षक आपूर्ति गर्न संघ र प्रदेश सरकारसंग समन्वय र सहकार्य गर्नु ।

२) शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहजीकरण गर्नु ।

३) नपुग शिक्षक दरबन्दीमध्ये शिक्षा नीति अनुसार नगरपालिकाले आर्थिक भार व्यहोर्ने गरी कानून बमोजिम शिक्षक दरबन्दीको सिर्जना गरी न्यायोचित किसिमले वितरण गर्नु ।

४) सबै तहमा शिक्षकहरूको योग्यताको पुनरावलोकन गरी विषयवस्तुमा दक्ष र निपूण शिक्षकको सुनिश्चितता गर्न आवश्यक सहयोग गर्ने ।

५) नगरपालिकास्तरमा शिक्षकलाई कार्यसम्पादनमा आधारित पुरष्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले कार्यान्वयन गर्नु ।

६) शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु ।

७) आवश्यक प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्न आवश्यक सहयोग गर्नु ।

८) विद्यालय सुपरीवेक्षण प्रणालीलाई चुस्त, नतिजामुलक र उपचारात्मक गराउनु ।

### ३.७.४ रणनीतिहरु (Strategies)

१) नगरपालिकास्तरमा शिक्षक तथा विद्यालय कर्मचारीको सक्षमता प्रारूप विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

२) वर्तमान शिक्षक शिक्षा कार्यक्रमलाई पर्याप्त विषयवस्तुको ज्ञान र शिक्षण सिपमा केन्द्रित हुँदै पुनरावलोकन गर्ने कार्यमा संघ र प्रदेश सरकारसंग सहकार्य र समन्वय गरिनेछ ।

३) शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/दरबन्दी पुनर्वितरण तथा थप गर्ने कार्यमा सहजीकरण गरिनेछ ।

४) हिमशिखर बहुमुखी क्याम्पसमा शिक्षाशास्त्रमा स्नातक अध्ययन गर्ने विद्यार्थीहरुलाई निश्चित अवधिका लागि स्वयम्सेवक शिक्षकको रुपमा व्यवस्थापन गरिनेछ । ।

५) नगरपालिकाअन्तर्गतका विद्यालयहरुमा रिक्त हुने शिक्षक दरबन्दी (करार) मा रिक्त रहेको एक महिनाभित्र छनौट गरी नियुक्त गर्ने प्रबन्ध गरिने छ ।

६) शिक्षा नीति अनुसार नपुग शिक्षक दरबन्दीमध्ये नगरपालिकाले आर्थिक भार व्यहोर्ने गरी कानून बमोजिम सिर्जना गरिएका शिक्षक दरबन्दीहरुको न्यायोचित किसिमले वितरण गरी शिक्षकहरुको नियुक्ति र पदस्थापन गरिने छ ।

७) प्रत्येक वर्षमा नगरपालिकामा कार्यरत सम्पूर्ण शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी नगरपालिकास्तरीय छोटा अवधिको तालिमलाई अनिवार्य बनाइने छ ।

८) नगरपालिकामा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने छ । यसका लागि नगरपालिकामा विषयगत शिक्षक सञ्जाल बनाइ वा अनुभवी निवृत्त शिक्षकहरुबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिने छ ।

९) शिक्षकहरुको साझा संगठनको रुपमा नगरपालिकास्तरमा एउटा मात्र संस्थाको व्यवस्था गरी उक्त संस्थालाई शिक्षकको पेशागत सहयोग र विकासका निम्ति क्रियाशील बनाइने छ ।

१०) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरिने छ ।

११) नगरपालिकाको श्रोतबाट व्यवस्थापन गरिएका शिक्षकको सेवा सर्त, सुविधा, प्रोत्साहनलगायत वृत्ति विकासका प्रावधानहरूलाई पुनरावलोकन गरी समसामयिक बनाइने छ ।

१२)	एउटा शिक्षक एउटा विद्यालयमा काम सन्तोषजनक भएमा बढीमा पाँच वर्ष काम गर्न पाउने र तत्पश्चात प्रधानाध्यापकको सिफारिसमा सरुवा गर्न सक्ने कानूनी प्रावधान बनाई कार्यान्वयनमा ल्याइनेछ ।

१३)	शिक्षक नियुक्ति, सरुवा तथा तालिम तथा पेसागत विकासमा सहभागी गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने छ ।

१४)	शिक्षक पुरस्कार प्रोत्साहन कार्यक्रमलाई सम्बन्धित शिक्षकको सामाजिक आचरण, पेशाप्रतिको निष्ठा र समर्पणभाव, विद्यार्थीको सिकाइ उपलब्धि र उनीहरुको अभिमतजस्ता मापदण्ड निर्माण गरी लागू गरिने छ ।

## ३.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results and Main Activities and Target)

**क) उपलब्धि (Outcomes)**

१)	पर्याप्त मात्रामा सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सक्षमतामा सुधार हुने ।

**ख) प्रमुख नतिजाहरू (Key results)**

१)	नगरपालिकास्तरमा शिक्षक सक्षमता प्रारूपको विकास भई कार्यान्वयन भएको हुने ।

२)	शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने गरी पुनर्संरचना तथा सुधार गर्ने कार्यमा संघ र प्रदेश सरकारसंग सहकार्य र समन्वय गरिने ।

३)	कक्षाकोठाको आवश्यक्ता र पाठ्यक्रमको मर्म एवम् बालबालिकाको रुचिअनुसारको शिक्षकको आपूर्तिका निम्ति शिक्षक सेवा आयोगको परीक्षा र पाठ्यक्रम निर्माण भई लागु गर्न आवश्यक पर्ने सहयोग गरिने ।

४)	शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने ।

५)	पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण भई नगरपालिकास्तरमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने ।

६)	शिक्षकको उपस्थिति, शिक्षण सिकाइ विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने ।

७)	विद्यालयमा हुनु पर्ने न्यूनतम शिक्षकका साथै शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रूपमा उपयुक्त सङ्ख्यामा शिक्षक दरबन्दीको मिलान⁄ पुनर्वितरण हुने र शिक्षकको आपूर्ति नियमित रूपमा हुने ।

८)	शिक्षकको सरुवा र वृत्ति विकासका लागि पारदर्शि र पूर्वानुमानयोग्य र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने ।

९)	नगरपालिकास्तरमा पारदर्शी, बस्तुनिष्ठ र न्यायोचित आधारमा शिक्षकको प्रोत्साहन र पुरस्कार पद्धति स्थापित भई कार्यान्वयनमा आएको हुने ।

१०)	शिक्षकहरु राजनीतिक आस्थाको हिसावले हुने गुटउपगुट र झुण्डलाई छोडेर विद्यार्थीको सिकाइ उपलब्धिमा बढोत्तरी र आफू स्वयमको पेशागत विकासका लागि एउटै साझा संस्थामा आवद्ध हुने भएको कारण शिक्षकहरुमा पेशाप्रतिको समर्पण र विद्यार्थीप्रतिको सेवाभाव उच्च हुने ।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Targets)**

| **क. स.** | **प्रमुख क्रियाकलाप** | **इकाइ** | **भौतिक लक्ष्य (५ वर्ष)** | | | | | | **भौतिक लक्ष्य (१० वर्षे) २** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | ३ | ४ | ५ | **१** | |
| **शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति** | | | | | | | | | |
| १ | शिक्षकहरुका निम्ति कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधाका निम्ति बस्तुनिष्ठ मापदण्ड बनाइ कार्यान्वियन गर्ने । | सबै शिक्षक | **२३९** | **२५९** | **२७९** | **२९९** | **३३१** | **३३१** | |
| २ | सबै स्थायी शिक्षकको स्वास्थ्य बीमा अनिवार्य गर्ने । | सबै स्थायी शिक्षक | १६२ | २०० | २२५ | २५० | २७५ | ३०० | |
| ३ | सरुवा र बढुवालाई पूर्वानुमानयोग्य र वस्तुनिष्ठ बनाउने गरी कानुनको निर्माण एवम् कार्यान्वयन गर्न सहजीकरण गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | अस्थायी तथा प्रदेश र स्थानीय तहबाट दरबन्दी सिर्जना गरी नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने । | संख्या | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | स्थानीय तहबाट महंगी वा प्रोत्सहान वा यातायात वा खाजा खर्च आदिको व्यवस्था गरेर निजामतिको तुलनामा शिक्षकको सेवा सुविधालाई अझै आकषर्क बनाउने । । | सबै शिक्षक | २३९ | २५९ | २७९ | २९९ | ३३१ | ३३१ | |
| ६ | शिक्षण पेशालाई रोजाइको पेसा बनाउन चाहनेहरुका निम्ति पेसामा प्रवेशका लागि पूर्व सेवाकालीन तालिम र मनोसामाजिक परामर्शको व्यवस्था गर्ने । | पटक | २ | २ | २ | २ | २ | १० | |
| ७ | बालविकासका शिक्षक र विद्यालयका कर्मचारीलाइ कम्ति एउटा शैक्षिक मजदूरले पाउनु पर्ने सुविधामा नघटाइ संघले दिएको सुविधामा थप गरी तलव भत्ता उपलब्ध गराउने । | बाविकेका शिक्षक र कर्मचारी | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| **शिक्षक तयारी** | | | | | | | | | |
| ८ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूस्लाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने । | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| ९ | नयाँ नियुक्ति पाएका शिक्षकहरूलाई कम्तिमा ७ दिने सेवा प्रवेश तालिम सञ्चालन गर्ने । | जना | ४० | ४० | ४० | ४० | ४० | २०० | |
| १० | नगरपालिकामा रहेको हिमशिखर बुहमुखी क्याम्पसलाई शिक्षक तयारी कोर्सको पठनपाठनका लागि स्रोत र क्षमताको बिकास गर्ने । | एक क्याम्पस | १ | १ | १ | १ | १ | ५ | |
| **शिक्षणसिकाइ** | | | | | | | | | |
| ११ | नियमित शिक्षणसिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गरी | संख्या | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वनय गर्ने । | | | | | | | | |
| १२ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन एवम् उपचारात्मक शिक्षण पद्धति लागू गर्ने । | विद्यालय | ५१ | ५१ | ५१ | ५१ | ५१ | २५५ | |
| १३ | योग्य, दक्ष र उत्प्रेरित शिक्षकको व्यवस्थाबाट शिक्षणसिकाइलाई विद्यार्थीकेन्द्रित, परियोजनामा आधारित, समूहकार्यमा आधारित, प्रयोगात्मक कार्यमा आधारित बनाउने गरी शिक्षण तथा सिकाइ सामग्री विकास गर्ने । | सवै शिक्षक | ६० | ६० | ६० | ६० | ६० | ३०० | |
| १४ | शैक्षिक सामग्री लगायत समग्र शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन र सिर्जनात्मक कार्य गर्नका लागि विद्यालयमा आवश्यक स्रोतको व्यवस्था गर्ने र सोको उपयोगको आधारमा थप व्यवस्थापन गर्दै जाने । | बिद्यालय | ५१ | ४० | ३० | ३० | ३० | १८१ | |
| १५ | विद्यार्थीको सिकाइ सुनिश्चित गर्न शिक्षकले काममा बिताउने समय सुनिश्चित गर्ने । प्रधानाध्यापकलाई जिम्मेवार बनाउने । | सबै प्र.अ. | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | |
| १६ | सुपरिवेक्षणलाई विद्यालयमा आधारित बनाउन विद्यालयका प्रधानाध्यापक, अनुभवी शिक्षक वा मेन्टर, विषय विज्ञ र समकक्षी शिक्षकबाट सुपरिवेक्षण गराउने गरी ३ दिने क्षमता विकास तालिम सञ्चालन गर्ने । | जना | - | ५० | ५० | – | ५० | १५० | |
| १७ | शिक्षण सिकाइमा सुधारका लागि शिक्षकहरुलाई प्रधानाध्यापक प्रति जवाफदेही बनाउने र प्रधानाध्यापकले शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धिको आधारमा बढुवा र अन्य प्रोत्साहनको व्यवस्था गर्ने । | सवै शिक्षक | २३९ | २५९ | २७९ | २९९ | ३३१ | ३३१ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १८ | प्रत्येक शिक्षकले प्रत्येक शैक्षिक सत्रमा शिक्षण सिकाइ क्रियाकलापहरुको सुधारका लागि कार्यमुलक अनुसन्धान गर्नुपर्ने र त्यस्ता उत्कृष्ठ अनुसन्धानलाइ नगरपालिकाले प्रकाशन गरी सम्प्रेषण गर्नुपर्ने । | सवै शिक्षक | २३९ | २५९ | २७९ | २९९ | ३३१ | १४०७ | |
| १९ | शिक्षण सिकाइ लगायत विद्यालयको समग्र पक्षको अनुसन्धान र अनुगमन गरी प्रतिबेदन दिन बिज्ञहरु सम्मिलित भएको तेश्रो पक्षलाई खटाउने । | पटक | १ | १ | १ | १ | १ | ५ | |
| **शिक्षक पेसागत सहयोग पद्धति** | | | | | | | | | |
| २० | नगरपालिकामा शिक्षक पेसागत सहयोग मार्गदर्शन/कार्यविधिको विकास गर्ने । | संख्या | १ | - | १ | - | १ | ३ | |
| २१ | मार्गदर्शन/कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकहरुको ई-सञ्जाल/समूह बनाउने । | संख्या | - | १ | - | - | १ | २ | |
| २२ | शिक्षक मेन्टरिङ कार्यक्रम सञ्चालनका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । *(शिक्षण पेसामा प्रवेश गरेको शिक्षकका लागि कम्तिमा ३ महिनासम्म अनुभवी/विज्ञ शिक्षकको साथमा रहेर)* | जना | ६० | ६० | ६० | ६० | ६० | ३०० | |
| २३ | शिक्षकहरुको संस्था शिक्षक महासंघलाई शिक्षकहरुको पेशागत सहयोगको निम्ति जिम्मेवार बनाउने । | जना | १ | १ | १ | १ | १ | ५ | |
| २४ | विद्यालयमा आधारित नियमित र प्रभावकारी अनुगमन तथा सुपरिवेक्षणको संयन्त्र विकास गरी कार्यान्वयनमा ल्याउने । | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २५ | प्रधानाध्यापकबाट नियमित रुपमा शिक्षकको कार्यसम्पादनको | सबै विद्यालय | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अनुगमन तथा मूल्याङ्कन गर्ने । | | | | | | | | |
| २६ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन गर्न तथा विज्ञ सेवा प्रदान गर्नका लागि नगरपालिकामा सेवानिवृत्त दक्ष शिक्षकहरूको विज्ञ टोली गठन गर्ने । | टीम | १ | १ | १ | १ | १ | ५ | |
| २७ | सहपाठी कक्षा अवलोकन गर्ने ।<br>(प्रत्येक शिक्षकको प्रत्येक महिनामा कम्तिमा २ ओटा कक्षा अवलोकन र पृष्ठपोषण आदानप्रदान) | कक्षा संख्या | २३९ | २५९ | २७९ | २९९ | ३३१ | १४०७ | |
| २८ | उच्च शिक्षा अध्ययन गर्नका लागि सहयोग प्रणालीको स्थापना | शिक्षक संख्या | १ | १ | १ | १ | १ | ५ | १० |
| **शिक्षक क्षमता (पेशागत) विकास** | | | | | | | | | |
| २८ | शिक्षकको पेशागत आवश्यकता अनुसार शैक्षिक तालिम केन्द्रहरूमा खटाइ शिक्षकहरुलाई पेशागत विकास तालिम लिन अभिप्रेरित गर्ने । तालिम पश्चात विद्यालयमा आइ सिकाइ आदानप्रदानको संस्कार विकास गर्ने । | संख्या | ६० | ६० | ६० | ६० | ६० | ३०० | |
| २९ | नगरपालिकास्तरमा विषयगत शिक्षक समूह निर्माण गरी उक्त समूहलाई सम्बन्धित विषयमा पेशागत दक्षता अभिवृद्धिका लागि उपयोग गर्ने । | समूह संख्या | १० | १० | १० | १० | १० | १० | |
| ३० | नगरपालिकास्तरमा सञ्चालन हुने प्रधानाध्यापक बैठकलाई नियमित र व्यवस्थित गराउनुका साथै हरेक बैठकमा हरेक प्रधानाध्यापकले आफ्नो विद्यालयमा गरेको केही न केही अनुकरणीय कार्य अर्थात असल अभ्यासलाई प्रस्तुत गर्नुपर्ने । | पटक | १० | १० | १० | १० | १० | ५० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३१ | नगरपालिकास्तरमा सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइका लागि छोटो अवधिको लागि अनलाइन/अफलाइन शिक्षक तालिम सञ्चालन गर्ने । *(प्रत्येक शिक्षकले प्रत्येक ७ वर्षमा तालिम पाउने)* | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३२ | व्यवहारकुशल तथा एकाइसौं शताब्दीका सिकाइ सिप, आधारभूत तह कक्षा १-५ मा पढाउने शिक्षकका लागि कक्षा शिक्षणसम्बन्धी र अन्तरसम्बन्धित विषयवस्तुहरुलाई समेत समेटी मागमा आधारित छोटो अवधिको तथा पुनर्ताजगी अनलाइन/अफलाइन शिक्षक तालिम सञ्चालन गर्ने । | जना | ६० | ६० | ६० | ६० | ६० | ३०० | |
| ३३ | शिक्षणसिकाइका सम्बन्धमा शिक्षक अनलाइन अफलाइन कन्फरेन्स/सेमिनार सञ्चालन गर्ने । | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | |
| ३४ | विद्यालय तहमा शिक्षकको निरन्तर पेसागत विकास गर्न प्रधानाध्यापकलाई जिम्मेवार बनाउनुको साथै शिक्षकको निरन्तर पेसागत विकास कार्यलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग आवद्ध गर्ने । | संख्या | १ | १ | १ | १ | १ | ५ | |
| ३५ | प्रारम्भिक बालविकासमा कार्यरत शिक्षकका लागि १५ दिने तालिम सञ्चालन गर्ने । | पद्धति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३६ | प्रधानाध्यापकलाई एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीसम्बन्धी छोटो अवधिको तालिम सञ्चालन | ६६ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३७ | प्रत्येक विद्यालयमा कम्तिमा एकजना शिक्षकलाई सूचना | ५१ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रविधिको आधारभूत सीपको विकास गरिनेछ । | | | | | | | |
| ३८ | शैक्षिक सत्रको कम्तिमा १० दिन सकारात्मक सोच विकास, पेशागत सीप विकास र उन्नयनमा लगाउने गरी अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिने । | विद्यालय संख्या | ६६ | ६६ | ६६ | ६६ | ६६ | |
| **शिक्षक उत्तरदायित्व** | | | | | | | | |
| ३९ | **शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धिप्रति जिम्मेवार बनाउने र सोका आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्न प्रधानाध्यापक र शिक्षा हेर्ने अधिकारीलाई जिम्मेवार बनाउने ।** | जना | १० | १० | १० | १० | ११ | ५१ | |
| ४० | विद्यालयमा छुट्टै प्रधानाध्यापक पदको व्यवस्था गरी करारमा नियुक्त गर्ने कानुनी व्यवस्था गर्ने । | पद्धति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४१ | विद्यालयको मासिक प्रगति प्रतिवेदन पठाउने व्यवस्था गर्ने । | पद्धति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४२ | शिक्षकको बढुवा, सरुवा र प्रोत्साहनलाई पूर्वानुमानयोग्य र वस्तुनिष्ठ बनाउन समन्वय र सहजीकरण गर्ने । | सबै विद्यालय | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | |
| ४३ | शिक्षकले शिक्षणमा बिताउने समयका लागि प्रधानाध्यापकलाई जिम्मेवार बनाउने । | पद्धति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४४ | विद्यालयमा उपलब्ध शिक्षकहरुमध्ये हरेक हिसावले उत्कृष्ट शिक्षकलाई प्रधानाध्यापक बनाउने । | सबै विद्यालय | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४५ | शिक्षक र कर्मचारीले प्रधानाध्यापकसँग र प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समित र विद्यालय व्यवस्थापन समितिले पालिकासँग करार सम्झौता गरी कार्य गर्ने । | सबै विद्यालय | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | |
| **शिक्षक आपूर्ति र वितरण** | | | | | | | | | |
| ४६ | हालको अवस्था र राष्ट्रिय शिक्षा नीति २०७६ बमोजिम हरेक विद्यालयमा न्यूनतम शिक्षक दरबन्दी कायम गर्दा पनि नपुग शिक्षक दरबन्दी (कक्षा ६-८ का लागि ४७ र कक्षा ९-१२ का लागि ४५) ९२ वटा हुने भएको हुँदा उक्त दरबन्दी मध्ये पचास प्रतिसत दरबन्दी प्रदेश सरकारबाट माग गरी आफ्नै स्रोतमा बाँकी पचास प्रतिसत दरबन्दीको सिर्जना गर्ने । | सबै विद्यालय | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | |
| ४७ | सघंले पहिचान गरेका आवश्यक दरबन्दीको लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने । | | | | | | | | |
| ४८ | मौज्दात शिक्षक दरबन्दी र सिर्जना गरिएका दरबन्दीको विषयगत हिसावले फेहरिष्त तयारी गरी विज्ञापनका लागि इकाइमार्फत प्रदेश /संघीय शिक्षक आयोगमा पठाउने । | ९२ शिक्षक दरबन्दी | १८ | १८ | १८ | १८ | २० | ९२ | |
| ४९ | स्थायी शिक्षक नआउदासम्म बैकल्पिक सूचीमा उम्मेवारहरुलाई करार नियुक्ति गरी काममा लगाउने । | ९२ शिक्षक दरबन्दी | १८ | १८ | १८ | १८ | २० | ९२ | |
| ५० | एकदिन पनि विद्यालयको शिक्षण सिकाइमा बाधा नपर्ने गरी शिक्षक अवकास, सरुवा र नियुक्ति वा पदस्थापन भइ काम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गर्ने शिक्षकको व्यवस्थापन गर्ने । | | | | | | | | |
| ५१ | नगरक्षेत्रका उपलब्ध दरबन्दीलाई हरेक बर्ष विद्यार्थी संख्याका आधारमा न्यूनतम कायम राखी पुर्नवितरण गरिनेछ । | | | | | | | | |
| ५२ | विद्यालयमा शिक्षक भर्ना गर्दा अग्रेजी, गणित, विज्ञान र सूचना प्रविधिबारे जानकारलाई प्राथमिकतामा राखिनेछ । | | | | | | | | |
| ५३ | सामुदायिक तथा संस्थागत विद्यालयले राख्ने निजी शिक्षकहरूको मापदण्ड र सेवा सर्त र पारिश्रमिकलाई एकरुपता कायम गरिने । | सबै विद्यालय | ६६ | ६६ | ६६ | ६६ | ६६ | | |
| ५४ | न्यून शिक्षक दरवन्दी तत्कालका लागि परिपूर्ती गर्न हालको स्वयम् सेवक शिक्षक परिचालनलाई प्रभावकारी रुपमा व्यवस्थापन गरिने । | संख्या | शून्य दरबन्दी भएका विद्यालयहरु | शून्य दरबन्दी भएका विद्याल यहरु | शून्य दरबन्दी भएका विद्यालयहरु | शून्य दरबन्दी भएका विद्यालयहरु | शून्य दरबन्दी भएका विद्यालयह रु | | |
| ५५ | भर्चुअल सिकाइलाई निरन्तरता गर्ने | आवश्यकतानुसा र | शून्य दरबन्दी भएका विद्यालयहरु | शून्य दरबन्दी भएका विद्याल यहरु | शून्य दरबन्दी भएका विद्यालयहरु | शून्य दरबन्दी भएका विद्यालयहरु | शून्य दरबन्दी भएका विद्यालयह रु | | |

## ३.८ विद्यालय व्यवस्थापन (School Management)

### ३.८.१ परिचय (Introduction)

मुलुक सघींयतामा प्रवेश गरेसँगै तीन तहको सरकारको साझा कार्यसूचिमा शिक्षा, खेलकुद र पत्रपत्रिका रहेका छन । आधारभूत तथा माध्यमिक शिक्षा सम्वन्धी २३ वटा अधिकारहरू स्थानीय सरकारको एकल अधिकारमा सूचिकृत गरिएको छ । विद्यालयमा शैक्षिक प्रशासनको व्यवस्थापन गर्नका लागि नगर शिक्षा ऐन, २०७५ सहित विभिन्न कार्यविधि तथा निर्देशिकाहरु निर्माण गरिएका छन् । विद्यालयहरूलाई आफुले सेवा प्रदान गर्ने समुदायप्रति उत्तरदायी बनाउन विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति, गुनासो सुनुवाई समिति जस्ता विभिन्न समितिहरूको गठन गरिएको हुन्छ । विद्यालयको शेक्षिक, भौतिक, आर्थिक जस्ता विभिन्न पक्षहरुमा गुणात्मक सुधार र व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समिति र विद्यालयमा शिक्षक अभिभावकबीच सहकार्य तथा समन्वय गर्न प्रत्येक विद्यालयमा सबै अभिभावक र शिक्षकहरु रहेको शिक्षा ऐनले व्यवस्था गरे अनुसारको एक शिक्षक

अभिभावक संघ गठन हुन्छ । यी सवै समितिहरुको भूमिका र सक्रियतालाई बढाई चुस्त, दुरुस्त, पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने, शैक्षिक सुशासन अभिबृद्धि कायम गर्ने कुरा नै विद्यालय व्यवस्थापन हो ।

सबैका लागि गुणस्तरीय शिक्षाको प्रत्याभूतिका लागि स्थानीय सरकारले अगुवाई गरी रहेको छ भने भेरीगंगा नगरपालिका अन्तर्गत संस्थागत १५ र सामुदायिक ५१ गरी जम्मा ६६ विद्यालयहरू सञ्चालनमा रहेका छन । पाठ्यक्रमले निर्दिष्ट गरे बमोजिम विद्यालय न्यूनतम २२० दिन खुल्नुका साथै कम्तिमा १९२ दिन पठनपाठनको सुनिश्चितताको लागि शैक्षिक क्यालेन्डरको व्यवस्था गरिएको छ । अगुवा विद्यालयहरूलाई आफ्ना फिडर विद्यालयहरूको समन्वय र पेशागत सहायताका लागि जिम्मेवार बनाइएको छ । समग्र नगरपालिकाको शिक्षासम्वन्धी नीति, योजना र कार्यक्रमको समन्वय र व्यवस्थापनको लागि नगर प्रमुखको अध्यक्षतामा नगर शिक्षा समिति र उपप्रमुखको अध्यक्षतामा अनुगमन समिति गठन भई क्रियाशिल रहेको अवस्था छ । शिक्षाको व्यवस्थापनको लागि नगर शिक्षा ऐन, २०७५ र सोलाई कार्यान्वयन गर्नका लागि विभिन्न निर्देशिका र कार्यविधिहरु निर्माण भई कार्यन्वयनमा रहेका छन ।

### ३.८.२ चुनौति तथा अवसरहरु (Challenges and Opportunities)

विद्यालय व्यवस्थापन अन्तर्गत विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समितिलाई जिम्मेवार, सक्रिय र जवाफदेही बनाउन, विद्यालयमा दीगो वित्तीय स्रोत व्यवस्थापन गर्नु, व्यवस्थापकीय तहमा कार्य गर्ने समितिहरूको क्षमता विकास गर्नु, शैक्षिक संस्थाहरूको उत्तरदायित्व र जवाफदेहिताको संस्कारमा बृद्धि गर्नु र विद्यालय व्यवस्थापन समिति गठन र सक्रियतामा स्वार्थले प्रभाव पार्नु यस क्षेत्रसंग सम्बन्धित मुख्य चुनौतिहरु रहेका छन् । विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक र व्यवस्थापकीय जिम्मेवारी तोकिएको योग्य र सक्षम प्रधानाध्यापकको व्यवस्थापन गर्नु, विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान, कम्पाउन्ड, घेराबार, बालमैत्री बसाइँ व्यवस्था, वातावरणमैत्री हाता, करेसावारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय, सिकाइमैत्री वातावरण, प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, मनोपरामर्श, छात्रामैत्री सेनिटरी प्याड, बुक कर्नर जस्ता न्यूनतम सुविधाहरुको व्यवस्थापन, अतिरिक्त क्रियाकलापहरु विद्यालयले स्काउट, रेडक्रस, बालक्लव, ईको क्लब तथा वातावरणमैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद् प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरुलाई नियमित रुपमा सञ्चालन गर्नुजस्ता सवालहरु विद्यालय व्यवस्थापनमा देखिएका छन् ।

शिक्षालाई पहिलो प्राथमिकतामा राखी सधै भेटिन सक्ने, अनुगमन, निगरानी हुन सक्ने, साधन स्रोत उपलब्ध गराउन महत्वपूर्ण भूमिका खेल्न सक्ने स्थानीय सरकार र त्यसका २३ वटा शिक्षाको अधिकार प्रयोग गरी विद्यालय व्यवस्थापन गर्न सक्ने कानुनी तथा नीतिगत व्यवस्था हुनु, सूचना तथा सञ्चार प्रविधिमा पहुँच, अनलाइन तथ्याङ्क तथा शिक्षक कर्मचारी व्यवस्थापन, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर प्रयोगशाला जस्ता न्यूनतम पक्षहरुमा निरन्तर बजेट विनियोजन हुनु, स्थानीय सरकारले दरबन्दी मिलान गर्नु, स्वयंसेवक शिक्षक व्यवस्था गर्नु, प्रधानाध्यापक सम्बन्धी कानुनी व्यवस्था गर्नु विद्यालय व्यवस्थापनमा अवसरहरु पनि रहेका छन् ।

### ३.८.३ लक्ष्य (Goal)

सबै विद्यालयहरुमा शैक्षिक, आर्थिक, भौतिक लगायतका पक्षहरुमा प्रभावकारी व्यवस्थापन भई गुणस्तरीय शिक्षा प्रदान हुने गरी विद्यालय व्यवस्थापन गर्ने ।

### ३.८.४ उद्देश्यहरु (Objectives)

१) सबै विद्यालयहरुमा तोकिए अनुसारका र आवश्यकता अनुसारका समितिहरु कानुनसम्मत रुपमा गठन र सक्रिय बनाउनु ।

२) सबै विद्यालयहरुमा दीगो वित्तीय व्यवस्थापन गर्नु ।

३) योग्यता प्राप्त प्रधानाध्यापकको नियुक्ति र करार सम्झौता गरी चुस्त, दुरुस्त, पारदर्शी, जिम्मेवार व्यवस्थापन गराउनु ।

४) विभिन्न समिति तथा प्रधानाध्यापक, लेखा तथा प्रशासनिक कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्नु ।

५) विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा क्रमिक सुधार गरी विद्यालय व्यवस्थापनलाई समाहित, समावेशी, समन्यायिकता र सबैको पहँच हुने गरी उत्थानशील र जवाफदेही बनाउनु ।

६) विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको जिम्मेवारी किटान गर्नु ।

७) विद्यालयमा शैक्षिक र वित्तीय सुशासनलाई चुस्त, दुरुस्त, पारदर्शी र जवाफदेही बनाउनु ।

### ३.८.५ रणनीतिहरु (Strategies)

१) शैक्षिक कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई प्रभावकारी गरिनेछ ।

२) संघीय मापदण्ड अनुसार नगरपालिकाकाले विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित हुने गरी  विद्यालयहरुलाई पुनर्वितरण तथा समायोजन तथा शिक्षक दरबन्दीको मिलान गर्ने कामलाई निरन्तरता दिइनेछ ।

३) प्रधानाध्यापकको शिक्षा ऐनमा तोकिए अनुसार व्यवस्थापन र करार सम्झौता गरी चुस्त, दुरुस्त, पारदर्शी र उत्तरदायी रुपमा प्रशासन तथा व्यवस्थापन गरिनेछ ।

४) सवै विद्यालयहरुमा दीगो स्रोत व्यवस्थापनका लागि एक डालो प्रणाली तथा विद्यालय कोषको व्यवस्था मिलाइनेछ ।

५) सवै विद्यालयहरुमा प्रविधि सहितको भौतिक पूर्वाधार सम्पन्न गर्ने तथा बहुप्रकारका विपद्प्रति संवेदनशील र अपांगमैत्री बनाइनेछ ।

६) नियमित रुपमा विभिन्न समितिहरु, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरुको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने छ ।

७) सबै विद्यालयहरुमा विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाई स्थानीय स्रोत साधन परिचालन गरिनेछ ।

८) सवै विद्यालयहरुमा प्रविधिमैत्री, लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक तथा शैक्षिक व्यवस्थापन गरिनेछ ।

### ३.८.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results and Main Activities and Target)

**क) उपलब्धि (Outcomes)**

१) सवै विद्यालयहरु जवाफदेही, प्रभावकारी र गुणस्तरीय रुपमा व्यवस्थित एवम् दक्षतायुक्त भएको हुने ।

**ख) प्रमुख नतिजाहरू (Key results)**

१) शैक्षिक कार्ययोजना निर्माण र कार्यन्वयन हुने ।

२) संघीय मापदण्ड अनुसार नगरपालिकाकाले विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित हुने गरी विद्यालयहरुलाई पुनर्वितरण तथा समायोजन तथा शिक्षक दरबन्दीको मिला गर्ने कामलाई निरन्तरता हुने ।

३) प्रधानाध्यापकको शिक्षा ऐनमा तोकिए अनुसार व्यवस्थापन र करार सम्झौता गरी चुस्त, दुरुस्त, पारदर्शी र उत्तरदायी रुपमा प्रशासन तथा व्यवस्थापन हुने ।

४) सवै विद्यालयहरुमा दीगो स्रोत व्यवस्थापनका लागि एक डालो प्रणाली तथा विद्यालय कोषको व्यवस्था हुने ।

५) सवै विद्यालयहरुमा प्रविधि सहितको भौतिक पूर्वाधार सम्पन्न गर्ने तथा बहुप्रकारका विपद्प्रति संवेदनशील र अपांगमैत्री हुने ।

६) नियमित रुपमा विभिन्न समितिहरु, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरुको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन हुने ।

७) सबै विद्यालयहरुमा विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाई स्थानीय स्रोत साधन परिचालन हुने ।

८) सवै विद्यालयहरुमा प्रविधिमैत्री, लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक तथा शैक्षिक व्यवस्थापन हुने ।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Main Activities and Target)**

| क.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| | | | | | | | | (१० बर्ष) | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नीतिगत रुपमा योग्य र क्षमतावान प्रधानाध्यापकको व्यवस्थापन गर्ने | विद्यालय प्रतिशत | ५० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| २ | प्रधानाध्यापकलाई, शिक्षक र कर्मचारीहरुलाई प्रोत्सहान उपलब्ध गराउने | प्रअ, शिक्षक र कर्मचारी प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| ३ | सबै सरोकारवालाहरुलाई आफ्नो कार्यप्रति जिम्मेवार गराउने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ४ | नगरपालिकाको शिक्षा क्षेत्रको दश बर्षीय योजनाको निर्माण र प्रवोधिकरण | नगरपालिका | १ | १ | १ | १ | १ | १ | १ | |
| ५ | विद्यालयको बार्षिक शैक्षिक योजना निर्माण र कार्यान्वियन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ६ | विद्यालय व्यवस्थापन समितिले विद्यालयको व्यवस्थापकीय पक्ष, विद्यालय तहका योजना तर्जुमा र कार्यन्वयन तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ७ | शिक्षक अभिभावक सघंको कार्यकारी समितिले वित्तिय पारदर्शिता र जवाफदेहिता कायम, अभिभावक तथा अन्य सघं सस्थाहरूसँग समन्वय र साझेदारी गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ८ | विद्यालयमा गठन हुने विभिन्न समितिका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | विद्यार्थी तथा अभिभावकहरूको गुनासो सुनुवाईको व्यवस्था गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| १० | सामाजिक लेखापरीक्षण र प्रतिवेदनलाई सार्वजनिक गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ११ | विद्यालयहरूमा सेवा वडापत्रको व्यवस्था गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| १२ | लेखा, खरिद र जिन्सी व्यस्थापनमा आधुनिक पद्धतिको प्रयोग र क्षमता विकासका माध्यमले वित्तीय सुशासन कायम | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |

## ३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा (Continuous Education, Open Learning, Nonforma Education, Life long Learning and Education)

### ३.९.१ परिचय (Introduction)

सिकाइ जीवन पद्धतिसँग जोडिएको छ । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरबृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ ।

सबैका लागि गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइ अवसर दिगो विकासको मूल मर्म रहेकोले विगतको साक्षरताका कार्यक्रमवाट साक्षर बनेका नवसाक्षरहरूका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर उपलव्ध गराउनुपर्नेछ । विशेष गरी शिक्षाको औपचारिक संरचना बाहिर ठूलो संख्यामा रहेका युवा, महिला र प्रौढहरूका लागि कार्यमूलक साक्षरता, आय आर्जन, समूह साझेदारी लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । सामुदायिक सिकाइ केन्द्रको स्तरोन्नति गरी यिनकै अगुवाईमा अबका कार्यक्रमहरू सञ्चालन हुनेछन् । औपचारिक र अनौपचारिक शिक्षाका बीचमा Cross Ventilator को व्यवस्था गरी शिक्षा प्राप्तिलाई लचकदार र व्यक्तिको आवश्यकता र अनुकुलतामा आधारित बनाउदै लैजानुपर्नेछ ।

नेपालको संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक,  राष्ट्रिय शिक्षा नीति, २०७६ ले अवलम्बन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य ४ तथा पन्ध्रौं आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । देशको भूगोल, हालसम्मको शिक्षाको पहुँच र नागरिकको सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न अनौपचारिक एवं आजीवन शिक्षालाई थप व्यवस्थित गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तर अभिवृद्धि र संस्थागत क्षमताको विकास गर्नुपर्दछ ।

अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई आगामी १० वर्ष भित्र निरन्तर सिकाइमा संलग्न समाज एवं सिकाइ संस्कृतिको प्रवर्धन गर्ने तर्फ लैजानुपर्ने देखिन्छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, बैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा बैकल्पिक शिक्षा, निरन्तर शिक्षा, सामुदायिक सिकाइ केन्द्र सम्वन्धि नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्यांकन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसै सन्दर्भमा भेरीगंगा नगरपालिकाले समेत अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी बहन गर्दै आएको छ । यसका साथै नगरपालिका अन्तर्गत अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा सम्बन्धि कार्य गर्न विगतदेखि नै साविकको लेखपराजुल, छिन्चु, रामघाट र मैनतडा गरी चारवटा सामुदायिक सिकाइ केन्द्र (Community Learning Center–CLC) क्रियाशील रहेका छन् । सिकाइ केन्द्रहरुले सामुदायिक पुस्तकालय तथा वाचनालय, लक्षित वर्गलाई निशुल्क इन्टरनेट तथा टेलिफोन सेवा, नयाँ प्रविधिको प्रसार तथा महिला समूह निर्माण गरी विभिन्न तालिमहरु तथा आय आर्जनका कार्यक्रमहरु समेत सञ्चालन गरिरहेकाछन् । यसले जीवनपर्यन्त सिकाइलाई समेत सहयोग पुगेको छ ।

यसका अतिरिक्त नगरपालिकामा विभिन्न संघ, संस्था तथा सहकारी संस्थाहरुले पनि साक्षरता कक्षा, वित्तीय साक्षरता, व्यवसायिक साक्षरता, कानुनी साक्षरता लगायतका अनौपचारिक कक्षाहरु सञ्चालन गरिरहेकाछन् । नेपाल सरकारले आर्थिक बर्ष २०६९/०७० देखि सञ्चालन गरेको साक्षर नेपाल अभियान अन्तर्गत भेरीगंगा नगरपालिकामा रहेका सामुदायिक सिकाई केन्द्रहरु र विद्यालयहरु परिचालन गरी १५ बर्षदेखि माथिका कम्तिमा ९५ प्रतिशत नागरिकहरुलाई साक्षर गराएर वि.सं. २०७० सालमा साविकका छिञ्चु, रामघाट, लेखपराजुल र मैनतडा गाउँ विकास समितिहरु साक्षर गा.बि.स. घोषणा समेत भैसकेका छन् ।

### ३.९.२ चुनौति तथा अवसरहरु (Challenges and Opportunities)

भेरीगंगा नगरपालिकामा बसोबास गर्ने सबै नागरिकलाई कार्यमुलक रुपमा साक्षर बनाउनु, साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्नु, पूर्ण साक्षर भेरीगंगा नगर निर्माण गर्नु, अनौपचारिक माध्यमबाट साक्षरता सीप प्राप्त गरेका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु, अनौपचारिक शिक्षालाई सञ्चार प्रविधिसँग जोड्नु, समाजमा पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउनु र औपचारिक शिक्षाबाट बञ्चितहरुका लागि भरपर्दो र सुलभ औपचारिक, खुला तथा बैकल्पिक शिक्षामा पहुँच र निरन्तरता मुख्य चुनौति रहेकाछन् । अनौपचारिक शिक्षाप्रति अभिरुचीको कमी, सहभागीहरुको अनियमितता, साक्षरोत्तर शिक्षाको कमी, अनौपचारिक शिक्षा प्रदान गर्ने निकायहरुबिच समन्वयको अभाव, सबै वडाहरुमा सामुदायिक सिकाइ केन्द्रहरु व्यवस्थापन गर्न नसक्नु, पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र व्यवहारिकता र स्रोत परिचालनमा कमी जस्ता कुरा पनि चुनौतिका रुपमा रहेका छन् ।

वर्तमान सन्दर्भमा बहुशासकीय साझेदारहरुको स्रोत सहितको प्रतिवद्धता र प्राथमिकताका साथै नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेका शिक्षासम्बन्धी प्रतिबद्धता, सबैलाई अनिवार्य शिक्षा दिने संवैधानिक व्यवस्था, समृद्ध नेपाल सुखी नेपाली बनाउने सरकारको दीर्घकालिन सोच, साक्षरता अभियान, राष्ट्रिय शिक्षा नीतिमा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन, सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन जस्ता कुराको यथोचित उपयोगलाई अवसरका रुपमा लिन सकिन्छ ।  शिक्षा केन्द्रबाट मात्रै सञ्चालन हुँदै रहेको स्थितिको अन्त्य गरी माध्यमिक शिक्षा सम्मको व्यवस्थापनको अधिकार स्थानीय तहमा दिनुका साथै शिक्षामा तीनै तहका सरकारको साझा अधिकार रहनु पनि अनौपचारिक तथा खुला शिक्षा विकासका लागि सुअवसर हो ।

### ३.९.३ लक्ष्य (Goal)

अनौपचारिक शिक्षालाई साक्षरताको मुल आधारको रुपमा विकास गर्दै पूर्ण साक्षर नगरपालिका सहितको समुन्नत समाज निर्माण गर्ने ।

### ३.९.४ उद्देश्यहरु (Objectives)

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

(१) भेरीगंगा नगरपालिकालाई पूर्ण साक्षर नगरपालिकाको रूपमा विकास गर्नु ।

(२) सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु ।

(३) शिक्षाको अवसरबाट वञ्चित वा बिचैमा पढाइ छाडेका नवसाक्षर र निरक्षर व्यक्तिहरुको पहिचान गरी साक्षरता अभियान, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, बैकल्पिक शिक्षामार्फत औपचारिक शिक्षा सरहको शिक्षा प्रदान गर्नु ।

(४) अनौपचारिक तथा खुला शिक्षाका लागि पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्री निर्माण र वितरण तथा अनुगमन, निरीक्षण र कार्यान्वयन प्रक्रियालाई तीन तहका सरकारबीचको साझेदारी र समन्वयमा सञ्चालन गर्नु ।

(५) अनौपचारिक, खुला र बैकल्पिक माध्यमबाट प्राप्त ज्ञान सीपलाई दैनिक जीवन र आयआर्जनका पेसा व्यवसायसँग आबद्ध गरी जीवनपर्यन्त सिकाइ सुनिश्चित गर्नु ।

(६) पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउन सार्वजनिक पुस्तकालय, थप सामुदायिक सिकाइ केन्द्र र वाचनालयहरुको स्थापना, विकास र विस्तार गर्नु ।

(७) नगरपालिकामा सञ्चालित उच्च शिक्षा प्रदायक संस्था र विद्यालयहरुलाई खुला तथा दूर शिक्षा प्रदायक संयन्त्रका रुपमा विकास गर्नु ।

### ३.९.५ रणनीतिहरु (Strategies)

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

(१) भेरीगंगा नगरपालिकालाई पूर्ण साक्षर नगरपालिकाको रुपमा स्थापित गर्न नगरपालिकाको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गरिनेछन् ।

(२) साक्षरता सिकाइमा रेडियो, टेलिभिजन, मोवाइल, अनलाइन जस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय, सहभागी मैत्री सामग्री तथा विधि समेतका आधारमा पहुँचको अभिबृद्धि गरिनेछ ।

(३) मौलिक एवम् परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रबर्धन, आधुनिकीकरण एवम् हस्तान्तरण सम्बन्धि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(४) नगरपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरी स्थानीय आवश्यकता, माग र स्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा सामुदायिक सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गर्दै लगिनेछ ।

(५) नगरपालिकाको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक, अन्य साझेदारहरू परिचालन गरी आबश्यक पर्ने स्थानमा साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिनेछ ।

(६) संघीय र प्रदेश सरकारको समन्वयमा सिकारुका आवश्यकताअनुसार पाठ्यक्रम र सिकाइ मोडुलका डिजिटल सिकाइ सामग्री विकास गरी निरन्तर शिक्षाका कक्षाहरु सञ्चालन गरिनेछ ।

(७) राष्ट्रिय योग्यता प्रारूपअनुसार अरितिक, अनौपचारिक तथा औपचारिक शिक्षाबिच समकक्षताको लागि नीति, ऐन, नियमावली, निर्देशिका र मापदण्डको विकास र कार्यान्वयनमा सहजीकरण गरिनेछ ।

(८) विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा आजीवन सिकाइ र सिकाइ संस्कृतिको नगर अवधारणापत्र तयार गरिनेछ ।

(९) अनौपचारिक एवं आजीवन सिकाइका लागि संघ र प्रदेश सरकारबीच स्रोत साझेदारी प्रारूप विकास गर्न समन्वय र सहजीकरण गरिनेछ ।

(१०) सरोकारवालाहरुको क्षमता र अपनत्व विकासका लागि संघीय र प्रदेश सरकार र अन्य सरोकारवालाहरूबीच समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको मापदण्ड निर्धारण तथा संस्थागत सुदृढीकरण गरिनेछ ।

(११) पारिजात सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ. एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलो (Lifelong Learning Hub) को रूपमा विकास गरिनेछ ।

(१२) जीवनपर्यन्त सिकाइलाई प्रभावपूर्ण बनाउन नगरपालिकामा योजना, अनुगमन र कार्यान्वयन संयन्त्र बनाइनेछ ।

### ३.९.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results and Main Activities and Target)

**(क) उपलब्धि (Outcomes)**

(१) सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने ।

## (ख) प्रमुख नतिजाहरू (Key Results)

(१) पूर्ण साक्षर नगरपालिका घोषणा हुने र नवसाक्षरहरूका लागि आवश्यकतामा आधारित निरन्तर शिक्षाका कार्यक्रमहरुको प्रबन्ध हुने ।

(२) आजीवन सिकाइका लागि परिभाषित ढाँचा र स्तरीकरणका आधारमा सिकाइ अवसरहरूको सिर्जना हुने ।

(३) संघीय तथा प्रदेश सरकारसंगको समन्वयमा सिकारुको आवश्यकता अनुसार आजीवन सिकाइका नमुना मोड्युल तथा सिकाइ सामग्रीहरू विकास र कार्यान्वयन हुने ।

(४) नगरपालिकामा सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरुको संस्थागत संयन्त्र एवम् सञ्चालन मापदण्ड तयार भई एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइको केन्द्र (Lifelong Learning Hub) को रूपमा विकास हुने ।

(५) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने ।

(६) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सीपको पहिचान एवम् प्रमाणीकरण गर्न नीति/नियमावली/कार्यविधि तयार गरी राष्ट्रिय योग्यता प्रारूपअनुरुप समकक्षता प्रदानका लागि समन्वय र सहजीकरण हुने ।

(७) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी खण्डीकृत डाटावेस तयार हुने ।

(८) संघ र प्रदेश सरकारसंगको समन्वयमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लागत साझेदारीताको प्रारूप तयार हुने ।

## (ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Main Activities and Target)

| क.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अनौपचारिक तथा आजीवन सिकाइ र यसको आगामी मार्ग सम्बन्धमा अवधारणागत स्पष्टताका लागि बिज्ञ समूहबाट अवधारणापत्र तयार गराई अभिमूखिकरण गर्ने । | पटक | १ | | | | | १ | | |
| २ | संघीय तथा प्रदेश सरकारको समन्वय र सहकार्यमा लागत सहभागिताको प्रारुप तयार गर्ने । | पटक | १ | | | | | १ | | |
| ३ | निरक्षरहरुको विवरण संकलन र आजीवन सिकाइका सरोकारवालाहरुको खण्डीकृत तथ्यांकको डाटाबेस तयार गर्ने । | पटक | १ | | | | | १ | | |
| ४ | नगरपालिकालाई पूर्ण साक्षर घोषणा गर्ने । | पटक | | | १ | | | १ | | |
| ५ | स्थानिय मागका आधारमा सामुदायिक सिकाइ केन्द्र स्थापना, पुनर्बितरण, बिस्तार र समायोजन गर्ने । | वटा | १ | ३ | ३ | ३ | ३ | १३ | | |
| ६ | सार्बजनिक पुस्तकालय तथा बाचनालयहरु स्थापना गरि सामुदायिक सिकाइ केन्द्रसंग आबद्ध गर्ने । | वटा | १ | ३ | ३ | ३ | ३ | १३ | | |
| ७ | सामुदायिक सिकाइ केन्द्रमा सुचना तथा सञ्चार प्रबिधि सम्बन्धि आवश्यक उपकरणको ब्यबस्था गर्ने । | वटा | १ | ३ | ३ | ३ | ३ | १३ | | |
| ८ | सरकारी तथा गैरसरकारी संस्थाहरुसंग साझेदारी तथा सहकार्य गर्ने । | | √ | √ | √ | √ | √ | | | |
| ९ | संघ तथा प्रदेश सरकारसंगको सहकार्य र समन्वयमा आजीवन सिकाइका लागि मोड्युल तथा सामग्री विकास र डिजिटाइज्ड गर्ने । | | १ | √ | √ | √ | √ | १ | | |
| १० | सिकाइ प्रकृयामा सुचना तथा सञ्चार प्रबिधिको प्रयोग (रेडियो, टेलिभिजन, अनलाईन तथा अफलाइन डिजिटल सामग्री, डिजिटल प्लेटफर्म विकास र सन्चालन) गर्ने । | | √ | √ | √ | √ | √ | | | |
| ११ | राष्ट्रिय योग्यता प्रारुप अनुसार योग्यता प्रमाणिकरण तथा समकक्षता सम्बन्धि कार्यबिधि तयार तथा कार्यान्वयन गर्ने | | √ | √ | √ | √ | √ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यमा सहजिकरण गर्ने । | | | | | | | | | |
| १२ | नगरपालिकामा अनौपचारिक शिक्षा हेर्ने एकजना अधिकृतलाई फोकल पोइन्टका रुपमा तोक्ने । | | १ | √ | √ | √ | √ | १ | | |
| १३ | अनौपचारिक प्रौढ विद्यालय, गृहणी बिद्यालय, खुला बिद्यालय आदी जस्ता संस्थाको अवश्यकता अनुसार स्थापना र सञ्चालन गर्ने । | | | १ | १ | १ | १ | ४ | | |
| १४ | जेष्ठ नागरिक, श्रमिक, अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यकतामा आधारित निरन्तर सिकाइको प्रबन्ध गर्ने । | | √ | √ | √ | √ | √ | | | |
| १५ | नवसाक्षरहरु र बिपन्न महिलाहरुलाई समाबेश गरि समूहहरु निर्माण गर्ने र आय आर्जनका कार्यक्रमहरु सन्चालन गर्दै बचत गर्ने बानीको विकास गर्ने संयन्त्र निर्माण र परिचालन गर्ने । | | √ | √ | √ | √ | √ | | | |
| १६ | स्थानिय भाषा, कला र संस्कृतिको संरक्षण, प्रबर्द्धन र विकास गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने । | | √ | √ | √ | √ | √ | | | |
| १७ | आधुनिक सुचना तथा सञ्चार प्रबिधिको जागरण तथा हस्तान्तरण गर्ने । | सिकाइ केन्द्र | | १ | १ | १ | १ | ४ | | |

## ३.१० गुणस्तरीय सार्वजनिक शिक्षा (Quality Public Education)

### ३.१०.१ परिचय (Introduction)

शैक्षिक गुणस्तर भन्ने कुरा नाप्न कठिन छ । सामान्यतया विद्यार्थीले विभिन्न परिक्षामा प्राप्त गर्ने सफलता तथा अंकलाई गुणस्तरको रुपमा बुझ्ने गरिएको पाइन्छ । शिक्षाको गुणस्तरलाई अंकमा सीमित गर्न सकिँदैन । परिक्षामा कम अंक ल्याएपनि शिक्षण संस्थामा सिकेका सीपलाई व्यवहारमा प्रयोग गर्न सक्छ, व्यावहारिक जीवनमा सिर्जनशील बन्छ, जागिरका लागी दिने परिक्षा तथा माथिल्लो शिक्षाका लागी हुने प्रवेश परिक्षाहरुमा सफलता प्राप्त गर्न सक्छ, माथिल्लो तहको शिक्षा आर्जन गर्ने क्रममा तल्लो तहको शिक्षाले सहयोग गरेको महशुस गर्छ भने त्यस्तो शिक्षालाई गुणस्तरीय शिक्षा भन्न सकिन्छ ।

नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले समेत गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । समग्रमा विद्यालय पद्धतिलाई विद्यार्थीमैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधार सहितको सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको विकास, विद्यार्थीलाई सिकाइका लागी उत्प्रेरित गर्नका साथै उनीहरुको कुशलताप्रति चासो बढाउन विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आवद्ध गरी व्यवस्थित गर्नु आवश्यक छ ।

२१ औँ शताब्दीका बालबालिकालाई सूचना प्रविधिको पहुँच पुर्‍याउन, शिक्षकलाई स्वाध्ययन गर्ने मौका सिर्जना गर्न, शिक्षण सिकाइलाई प्रभावकारी पार्न विद्यालयमा इन्टरनेटको व्यवस्था गरी शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग बढाइनु पनि अपरिहार्य छ। विद्यालय सुशासनलाई प्रभावकारी पार्ने र सार्वजनिक शिक्षाका लागि छुट्याएको बजेट सदुपयोग भएको सुनिश्चित गर्नु पनि त्यत्तिकै आवश्यक छ। यस्तै सानातिना कुरामा ध्यान दिन सकेमा सार्वजनिक शिक्षाको गुणस्तर सुधार हुनसक्छ।

सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाउन तथा सबलीकरण गर्न समस्याका जराहरू पत्ता लगाई सुधारको थालनी गर्नुपर्ने आवश्यकता छ। विद्यालयमा बालबालिकाले प्राप्त गर्ने उपलब्धि विद्यालयको पठनपाठनमा मात्र भर पर्दैन। बालबालिका विद्यालयमा आउनुभन्दा पहिला सिकाइका लागि कति तयार भएका छन् त्यसले समेत प्रभाव पार्दछ। बालबालिकाको शिक्षाको तयारी सुनौलो हजार दिनदेखि सुरुवात हुन्छ। विद्यालय पूर्वको तयारीका लागि गर्भवती अवस्थामा आमालाई प्राप्त पोषणयुक्त खाना, स्वास्थ्य उपचार, सुत्केरी गराउने उपयुक्त तरिका, सुत्केरी आमाको स्याहारसुसार, शिशु जन्मेपछिको रेखदेखसमेतले विद्यालयको शिक्षामा प्रभाव पार्ने कुरा अध्ययनले देखाएका छन् । पूर्व बालशिक्षा तथा बालविकास केन्द्रहरूका लागि उपयुक्त कक्षाकोठा, उपयुक्त बाहिरी वातावरण, कक्षाकोठामा साना बालबालिकालाई पर्याप्त खेल्ने सामग्रीको व्यवस्था, तालिमप्राप्त शिक्षक, पोषणतत्वयुक्त खाजाको व्यवस्था हुनसकेमा गुणस्तरीय सिकाइका लागि जग तयार हुन्छ।

सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीहरू प्रायः पिछडिएको समाजको, निरक्षर र आधारभूत तहको समेत शिक्षा नपाएका अभिभावकका बालबालिका हुने गरेको कुरा पनि अध्ययनले देखाएका छन् । अभिभावकले बालबालिकालाई

उपयुक्त पोषणको व्यवस्था गर्न र घरमा सिक्नका लागि उपयुक्त वातावरण मिलाउन नसकेमा विद्यालयमा बालबालिकाले राम्रो गर्ने सम्भावना हुँदैन। बालबालिकालाई शिक्षाप्रति सचेत पार्न अभिभावक शिक्षा सञ्चालन गर्न सकेमा त्यस्ता अभिभावकले समेत घरमा सहयोग गर्न सक्छन् । विगतमा अभिभावक शिक्षा भनेर केही प्रयास गरिएको पनि हो तर नाममात्रका अभिभावक शिक्षा प्रभावकारी हुन सकेका छैनन्। घरको वातावरण सिकाइलाई सहयोगी बनाउन अभिभावक शिक्षाबाहेक अन्य कुनै उपयुक्त तरिका हुन सक्दैन। अभिभावक शिक्षा व्यापक र प्रभावकारी पार्न सकेमा पनि सार्वजनिक शिक्षाको गुणस्तर सुधारको थालनी हुनसक्छ।

विद्यालयमा सुचना तथा प्रविधिमा आधारित शिक्षण सिकाइ प्रक्रियाको कार्यान्वयन गर्न नसक्नु, बालबालिकाहरुको सिकाइ सक्षमता पुरा भए नभएको एकीनको लागि निरन्तर मुल्यांकन तथा सोही अनुरुप कमजोर सिकाइ भएकालाई उपचारात्मक शिक्षण सिकाइको व्यवस्था नहुनु, विद्यालयमा हुने हरेक प्रकारका वैठकहरुमा बालबालिकाहरुको सिकाइको सट्टा विद्यालयको प्रशासनिक एजेण्डाहरुमा मात्र छलफल गर्ने प्रवृति हावी हुनु जस्ता कुराले पनि सार्वजानिक शिक्षाको गुणस्तरमा सुधार आउन सकेको छैन ।

सोचे अनुरुप समुदाय तथा अभिभावकले उनीहरुका छोराछारीप्रति वा पढाइप्रति सहभागिता नहुनुले पनि सार्वजनिक शिक्षा धारासायी अवस्थामा पुगेको छ । समुदाय तथा अभिभावकको चेतनास्तरको कारण सार्वजनिक शिक्षामा उनीहरुको सहभागितामा वृद्धि वाधक देखिन्छ । अभिभावकको सोचाइ अंग्रेजीमा पढाइ होस् भन्ने छ तर अंग्रेजी भनेको त भाषाको माध्यम मात्र हो ज्ञान, सीप, अभिवृति तथा व्यवहार परिवर्तन होइन र शिक्षा भनेको अंग्रेजी जान्नु होइन भन्ने बुझाइ उनीहरुमा ल्याउन नसक्नु पनि सुधारको बाधक रहेको विश्लेषण छ । आज मैले मेरा छोराछोरीहरुलाई पढाइमा सहयोग गरे त्यसले भविष्यमा सकारात्मक प्रतिफल दिन्छ भन्ने कुराको सचेतना आम अभिभावकहरुसंग पुर्याउनु आजको आवश्यकता रहेको छ । शिक्षा क्षेत्रमा नतिजामुखी अनुगमन, सहजीकरण तथा सुपरीवेक्षण नहुनु तथा ऐननियम, कानुन बमोजिम विद्यालय शिक्षा सञ्चालन तथा व्यवस्थापनमा राजनीतिक नेता, कार्यकर्ताहरुले गरेको अवरोधले पनि सार्वजनिक शिक्षाको गुणस्तरमा समस्याहरु परेको देखिन्छ ।

### ३.१०.२ चुनौति तथा अवसरहरु (Challenges and Opportunities)

सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु, सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु, माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास गर्नु, सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु, बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार गर्न दिवा खाजा लगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालय मार्फत प्रदान गर्नु, विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन, नक्सांकनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्नु, विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउनु,

सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्नु, आदि गुणस्तरीय सार्वजनिक शिक्षासँग सम्बन्धित प्रमुख चुनौतिहरु हुन् ।

सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको, शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रुपमा सहमति देखिएको, संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानिय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरुप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको, आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको, लामो समयदेखि सरकार तथा विकास साझेदारहरुबीच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यान्वयन भइरहेको, विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान् रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यान्वयनमा उपयोग गर्न सकिने, विगत केही दशकदेखि विद्यालय शिक्षाको पुहँच, गुणस्तर र समता विकाका लागि सञ्चालन भएका कार्यक्रमहरुले विकास गरेका संरचना तथा क्षमता पूर्वाधारका रुपमा रहन सक्ने, विद्यार्थी उपलब्धिको राष्ट्रिय परिक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरुले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने, यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा बढ्न सहयोग पुग्न सक्ने, जस्ता पक्षहरु गुणस्तरीय सार्वजनिक शिक्षाका लागि अवसरहरु छन् ।

### ३.१०.३ **लक्ष्य (Goal)**

भेरीगंगा नगरपालिकामा सार्वजनिक शिक्षाको गुणस्तर वृद्धि तथा सवलीकरण गर्ने ।

### **३.१०.४ उद्देश्यहरु (Objectives)**

१) सबै बालबालिकाहरुका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु ।

२) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु ।

३) माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

४) शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास गर्नु ।

५) दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्नु ।

६) विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधताअनुकूल बनाई बालबालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्नु ।

७) आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु ।

८) सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।

### ३.१०.५ रणनीतिहरु (Strategies)

उल्लेखित उद्देश्यहरु प्राप्त गर्नका लागि सार्वजनिक शिक्षाको गुणस्तर सुधार तथा सान्दर्भिकता वृद्धि गर्न यस योजनाको कार्यान्वयनका लागि निम्नलिखित रणनीतिहरु तय गरिएको छ :

१) संघीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा तथा नगरपालिकाको अगुवाइमा विद्यालयहरुले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै सार्वजनिक शिक्षाको गुणस्तर प्रवर्द्धन गर्नेछन् ।

२) सार्वजनिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री परिमार्जन तथा सान्दर्भिकरणसहित शिक्षक शिक्षा तथा तालिम र शिक्षण सिकाइ तथा मूल्यांकन पद्धतिमा सुधार गरिनेछ ।

३) बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी पोषणयुक्त खाजाको प्रवन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरुसंग सहकार्य गरी सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान गरिनेछ ।

४) सार्वजनिक शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास र अनुगमन तथा मूल्यांकन संयन्त्रको विकास गरिनेछ ।

५) शिक्षणसिकाइ प्रक्रियालाई सहजीकरण तथा प्राविधिक सेवा प्रदान गर्न स्थानिय तहमा विभिन्न विषयगत शिक्षक तथा शिक्षाविज्ञको एक समुह निर्माण गरी विद्यालयका शिक्षकलाई प्राविधिक सेवा उपलब्ध गराइनेछ ।

६) विद्यालय र अभिभाबकहरुसंग उनीहरुका छोराछोरीहरुको सिकाइ प्रगतिका बारेमा छलफल, घरदैलो भेटघाट गरिनेछ ।

७) विद्यालयलाई आवश्यक पर्ने स्रोतसाधनको व्यवस्थापन लागि विव्यसलाई जिम्मेवार बनाउने र त्यसको अनुगमनको लागि स्थानिय तहबाट विद्यालय सुधारको लागि अनुगमन समिति व्यवस्था गरी नियमित रुपमा त्यसको अनुगमन गरिनेछ ।

८) विद्यालयका कक्षाकोठामा न्युनतम आवश्यक शैक्षिक वातावरण सिर्जना गर्न प्राथमिकताका आधारमा कार्यक्रमहरु वितरण गरिनेछ ।

९)	नियमित नतिजामुखी सुपरीवेक्षण तथा अनुगमनको व्यवस्थालाई सुनिश्चित गरिनेछ ।

### ३.१०.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results and Main Activities and Target)

**क) उपलब्धि (Outcomes)**

यस योजनाको अन्त्य (२०८८) सम्ममा सबै बालबालिकाहरुलाई गुणस्तरीय सार्वजनिक शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित हुनेछ ।

**ख) प्रमुख नतिजाहरू (Key results)**

१)	सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने ।

२)	अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशूल्क माध्यमिक शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने ।

३)	सार्वजनिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

४)	शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने ।

५)	सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार हुने ।

६)	बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुन सहयोग पुग्ने ।

७)	आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने ।

८)	सबै विद्यार्थीहरुलाई सुरक्षित र उपयुक्त भौतिक तथा शैक्षिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने ।

९)	विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिकता बनाउन सहयोग पुग्ने ।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Target)**

| क.सं | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ बर्ष | भौतिक | कैफियत |
|---|---|---|---|---|---|

| . | | | १ | २ | ३ | ४ | ५ | जम्मा | **लक्ष्य (१० बर्ष)** | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालकक्षामा खेलसामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्री सहितको आकर्षक तथा मनोरञ्जक कक्षाकोठा व्यवस्थापन | वटा | ६ | ५ | ५ | ५ | ५ | २६ | ५१ | |
| २ | "शैक्षिक गुणस्तर सुधारको थालनी कक्षा १ बाट गरौं" अभियान संचालन | सबै विद्यालय | | | | | | | | |
| ३ | विद्यार्थीको प्रतिभा पहिचान, परिचालन र प्रवर्द्धनका लागि नियमित रूपमा सिर्जनात्मक गतिविधि सञ्चालन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ४ | विज्ञान तथा प्रविधि एक्स्पो, शैक्षिक प्रदर्शनी, महोत्सव आयोजना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता विकास | पटक | | १ | | १ | | २ | ४ | |
| ६ | शिक्षक दरबन्दी पुनर्वितरण तथा न्यूनतम् शिक्षक सुनिश्चितता | पटक | १ | | | | | १ | २ | |
| ७ | शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण गर्ने | जना | ५६ | ५६ | ५६ | ५६ | ५६ | २८० | २८० | |
| ८ | प्र.अ., शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि गर्ने | जना | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ९ | सबै विद्यालयले गुणस्तर केन्द्रित (Quality Focused) विद्यालय सुधार योजना बनाउने वा अध्यावधिक गर्ने र कार्यान्वयनमा लैजाने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | भर्चुअल कक्षा र इ लर्निङलाई | वटा | ६ | ५ | ५ | ५ | ५ | २६ | ५१ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्रमशः विस्तार | | | | | | | | | |
| ११ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधारको सुनिश्चितता | वटा | ६ | ५ | ५ | ५ | ५ | २६ | ५१ | |
| १२ | अभिभावक र विद्यालय व्यवस्थापन समिति अभिमुखीकरण | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| १३ | अनुसन्धान तथा परीक्षणमा आधारित सुधार तथा नवप्रवर्तन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | पोषणयुक्त खाजा कार्यक्रम | सबै विद्यालय | | | | | | | | |
| १५ | नियमित नतिजामुखी सुपरीवेक्षण तथा अनुगमनको व्यवस्था | वटा | १० | १० | १० | १० | ११ | ५१ | ५१ | |
| १६ | सरोकारवालाहरुबीच नियमित अन्तर्क्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १७ | आवधिकरुपमा विद्यालय तथा शैक्षिक निकायहरुको कार्यसम्पादन परीक्षण (Performance audit) गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १८ | योजनाको आवधिक समीक्षा र अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.११ शिक्षामा कमजोर वर्गको पहुँच र समावेशी शिक्षा (Inclusive Education)

### ३.११.१ परिचय (Introduction)

शिक्षा मानव जीवनको सार्थकता प्रदान गर्ने आत्यावश्यक तत्व हो । प्राचिन युगमा मानिसहरुले शिक्षा अन्य प्राणि देखासिकी र प्रत्यक्ष भोगेका व्यवहार बाट प्राप्त गर्ने गर्दथे । विस्तारै समयको बदलिदो क्रम सँगै आफ्ना अग्रज , आश्रम , गुरु सन्त, महात्मा धर्म प्रचारक विभिन्न पुस्तक तथा ग्रन्थका श्रवण बाट प्राप्त गर्दै हाल विभिन्न विद्यालय, विश्व विद्यालय ,पुस्तकालय संग्रहलय , रेडियो, टिभी , इन्टरनेट , कम्प्युटर , मोबाइल लगायत विभिन्न आधुनिक बिधुतीय उपकरण बाट प्राप्त गरिएको अवस्था छ । शिक्षा लाई समय सुहाउदो ढङ्गबाट प्रदान र ग्रहण गदै लैजानु पर्ने आजको टडकारो आवश्यकता मानव समुदायले गदै आइरहेको छ ।

समावेशी शिक्षा भन्नाले शिक्षाको मुलधार बाट बन्चित भई राज्यले चाहेको जनशक्ति उत्पादन गर्न नसक्नु भन्ने बुझिन्छ । संकुचित अर्थमा अपांगता भएका बालबालिकालाई शिक्षामा सहभागिता भन्ने बुझियता पनि ब्यापक अर्थमा भौगोलिक, आर्थिक , सामाजिक , साँस्कृतिक , धार्मिक , शारिरिक, मानसिक जातिय ढङ्गबाट उपेक्षित भन्ने बुझिन्छ । हाल बिकसित परिबेश संगै सडक बालबालिका अनाथ घरेलु हिंसा पिडित, द्वन्द पिडित, सहिद परिवार, बेपत्ता घाइते , अपांग सबै किसिमका बालबालिकालाई शिक्षामा सहभागिता र सुनिश्चितता भन्ने बुझिन्छ । यस भेरीगंगा नगरपालीका भित्र रहेको श्री शिखर मा.वि. मा दृष्टिबिहिन बालबालिकाहरुका लागी सञ्चालन गरिएको बिशेष कक्षा सामावेशी शिक्षाको एक उदाहरण हो ।

### ३.११.२ चुनौति र अवसरहरु (Challenges and Opportunities)

विद्यालयमा शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्नु, विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरुलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग गर्ने प्रणालीको प्रभावकारी व्यवस्थापन गर्नु, सबै प्रकारका अपांगता भएका बालबालिकाहरुका लागि विशेष शिक्षाको सुनिश्चितता गर्नु, विद्यालयका पूर्वाधारहरुलाई छात्रामैत्री र अपांगमैत्री बनाउनु र श्रोतकक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारीता अभिबृद्धि गर्नु यस क्षेत्रमा देखिएका मुख्य चुनौतिका विषयहरु हुन् ।

नेपालको संविधानमा कमजोर वर्गका बालबालिकाहरुलाई आधारभूत र माध्यमिक शिक्षामा निशुल्क तथा अपांग बालबालिकाहरुलाई उच्च शिक्षासम्म निशुल्क दिइने व्यवस्था, छात्रा र दलित एवम् सीमान्तकृत बालबालिकाहरुका लागि छात्रवृत्ति प्रदान गरिनु, विद्यालय एवम् कक्षाकोठामा विविधता व्यवस्थापनको पाटो सशक्त बन्दै जानु, नगरपालिकाले कमजोर वर्गको शिक्षामा पहुँच पुऱ्याउनका लागि खेल्दै गरेको भूमिका, शिक्षक लगायत हरेक पेशामा आरक्षणको व्यवस्था लागू गरिनु आदि यस क्षेत्रका सम्बन्धमा अवसरहरु रहेका छन् ।

### ३.११.३ लक्ष्य (Goal)

स्थानीय स्तरमा कमजोर वर्गका बालबालिकाको शिक्षामा पहुँच विस्तार गरी सामावेशी शिक्षा प्रदान गर्ने ।

### ३.११.४ उद्देश्य (Objectives)

यस योजनाले शिक्षामा कमजोर वर्गको पहुँच र समावेशीकरणका उद्देश्य निम्न बमोजिम उल्लेख गरेको छ :

१) आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले पछि परेका व्यक्तिहरूलाई शिक्षाको अवसर सुनिश्चित गर्न आरक्षण, सकारात्मक विभेद, प्राथमिकता, प्रोत्साहन लगायतका उपायहरू अवलम्बन गर्नु ।

२) अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराउनु ।

२) अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ आवश्यकता पूरा गर्न समावेशी शिक्षा एवं विशेष शिक्षाका अवसर प्रदान गर्ने र जीवनोपयोगी तथा व्यावसायिक सीप विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीमा अनुकूलन गर्नु ।

### ३.११.५ रणनितीहरु (Strategies)

यस योजनाले भेरीगंगा नगरपालिकामा बसोबास गरेका र शिक्षामा कमजोर वर्गको पहुँच विस्तार तथा समावेशीकरणलाई यथार्थतमा लागू गर्न र सफल पार्न देहायबमोजिमका रणनीतिहरु अवलम्बन गर्नेछ :

१. नगरपालिका क्षेत्रभित्र विद्यालय बाहिर रहेका आर्थिक रुपले विपन्न अपाङ्ग, असहाय र दलित बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने अभियानलाई स्थानीय राजनीतिक दल, स्थानीय बुद्धिजीबी, समाजसेवी, नगरपालिका तथा गैरसरकारी निकायहरूको साझेदारीमा सञ्चालन गरिनेछ ।

२) जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्यार्थीहरूको सिकाइ आवश्यकता सम्बोधन गरिनुका साथै अपाङ्गता भएका बालबालिकाको पहिचान एवम् लेखाजोखा गरी उचित शैक्षिक अवसरको सिर्जना गरिनेछ ।

३) आर्थिक रुपले विपन्न, असहाय र अपाङ्ग बालबालिकाहरुलाई विपन्न लक्षित छात्रवृत्ति, स्वास्थ्य केन्द्रमा आधारित स्वास्थ्य परीक्षण र उपचार जस्ता प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४) शिक्षण संस्थाहरूहरुमा बहुप्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गतामैत्री पूर्वाधारको निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

५) सबै किसिमका बालबालिकाको शिक्षामा समावेशीकरण गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

६)	असहाय, अपाङ्ग (मानसिक, शारिरिक) सडक बालबालिका, द्वन्द्वपीडित, घाइते, बेपत्ता तथा सहिद परिवार एवम् कोरोना भाइरसका कारणले मृत्यु भएका अभिभावकका बालबालिकाहरुका लागि विशेष सुविधा तथा अवसर प्रदान गरिनेछ ।

७)	नगरपालिकामा अपाङ्ग पुनर्स्थापना केन्द्र स्थापना गरी बहुउद्देश्यीय विशष विद्यालय सञ्चालन गरिनेछ ।

८)	विशेष/समावेशी शिक्षाको पाठ्यक्रमको विकास गरी क्रमशः कार्यान्वयन गरिनेछ ।

९)	असहाय, अनाथ, सुस्तमनस्थिति भएका बालबालिकाहरुलाई मनोपरामर्श दाता तथा बिज्ञहरुबाट आवश्यक्तानुसार सहजीकरण हुन सक्ने आवश्यक संयन्त्र निर्माण गरिनेछ ।

## ३.११.६ **उपलब्धि, प्रमुख नतिजा, मुख्य क्रियाकलाप र लक्ष्य (Outcomes, Key Result, Major Activities and Target)**

### क) उपलब्धि (Outcomes)

शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तरको सुनिश्चितता हुनेछ ।

### ख) मुख्य नतिजा (Key Results)

१)	नगरपालिका क्षेत्रभित्र विद्यालय बाहिर रहेका आर्थिक रुपले विपन्न अपाङ्ग, असहाय र दलित बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने अभियान सञ्चालन हुने ।

२)	जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्यार्थीहरूको सिकाइ आवश्यकता सम्बोधन हुने ।

३)	विपन्न लक्षित छात्रवृत्ति, स्वास्थ्य केन्द्रमा आधारित स्वास्थ्य परीक्षण र उपचार जस्ता प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन हुने ।

४)	शिक्षण संस्थाहरू बहुप्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गतामैत्री हुने ।

५)	बालबालिकाको शिक्षामा समावेशीकरण गर्न आवश्यक नीतिगत व्यवस्था हुने ।

६)	लक्षित अभिभावकका बालबालिकाहरुका लागि विशेष सुविधा तथा अवसर प्रदान गरिने ।

७)	अपाङ्ग पुनर्स्थापना केन्द्र स्थापना हुने ।

८)	विशेष/समावेशी शिक्षाको पाठ्यक्रम विकास हुने ।

## ग) प्रमुख क्रियाकलापहरु तथा लक्ष्य (Major Activitites and Targets)

| क. स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (पहिलो १० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | कमजोर वर्गको शिक्षामा पहुँच विस्तार तथा समावेशी शिक्षा सम्बन्धी नीति तर्जुमा | पटक | | १ | | | | १ | १ | नगरपालिका तथा वडा स्तरमा |
| २ | कमजोर बालबालिका रहेको क्षेत्रको पहिचान वर्ग विभाजन , स्तरीकरण | पटक/ स्थानीय तह | १ | १ | | | | २ | | नगरपालिका, वडा,विद्यालय ,समुदाय , टोलटोलमा |
| ३ | अपाङ्ग पुनर्स्थापना केन्द्र र विशेष विद्यालय स्थापना तथा सञ्चालन गर्ने | वटा | | १ | | | | १ | १ | नगरपालिका तथा वडा स्तरमा |
| ४ | पहुँच नभएका बालबालिका अभिभावकहरुसंगको अन्तरक्रियात्मक छलफल | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | समुदाय ,विद्यालय, नगरपालिका तथा वडा स्तरमा |
| ५ | विशेष/समावेशी शिक्षाको पाठयक्रम र पाठयपुस्तक विकास र कार्यान्वयन | पटक/ नगरपालिका | | १ | | | | १ | | प्रदेश तथा नगरपालिका |
| ६ | शैक्षिक सामाग्री विकास तथा वितरण | न.पा. | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका र विद्यालय |
| ७ | विशेष शिक्षक दरबन्दी ब्यबस्था | न.पा. | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका र प्रदेश |
| ८ | मनोपरामर्श दाता तथा बिज्ञहरुबाट सहजिकरण गर्ने | विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | बालबालिका, अभिभावक सरोकारवाला |
| ९ | नगरपालिका भित्रका सामाजिक योगदान पुयाउन व्यक्तिहरुको जीवनी समावेशी शिक्षा | पटक | | १ | | | | १ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पाठ्यक्रममा समावेश गर्ने | | | | | | | | | |
| १० | कमजोर वर्गको सहज पहुच हुने भौतिक निर्माण गर्ने तथा वातावरण निर्माण गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ११ | उत्प्रेरणा मिल्ने र हामी पनि सक्षम छौ भन्ने भाव पैदा हुने रोजगारमुलक कार्यक्रम संचालन गर्ने | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

## ३.१२ शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT in Education)

### ३.१२.१ परिचय (Introduction)

नेपालको संविधान, २०७२ ले सुचनाको हकमा प्रत्येक नागरिकलाई आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुऱ्याउनु पर्दछ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial / GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षणसकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने; सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामग्री आदानप्रदान गर्ने प्लेटफर्म बनाउने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए ।

सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान, गणित र अङ्ग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर (CGAS) कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने जस्ता कार्यक्रमहरु समेत विद्यालय क्षेत्र विकास योजनामा समावेश गरिएको छ ।

भेरीगंगा नगरपालिकामा सञ्चालनमा रहेका करिब सबै माध्यमिक विद्यालयहरुमा कम्प्युटर तथा इन्टरनेटको सुविधा रहेको छ । विद्यालय क्षेत्र विकास योजनाको समयावधिमा प्रत्येक माध्यमिक विद्यालयमा एउटा सूचना प्रविधि ल्याब स्थापना गर्ने नीति अनुरुप हाल सम्म यस नगरपालिकाका आधाजति विद्यालयमा ल्याब स्थापना भइसकेको अवस्था छ । माध्यमिक तह सञ्चालन भएका र केही आधारभूत तहका संस्थागत विद्यालयहरुमा समेत कम्प्युटर तथा इन्टरनेटको सुविधामा विद्यार्थीको पहुँच पुगेको देखिन्छ । केही आधारभूत विद्यालयहरुमा समेत कम्प्युटर तथा इन्टरनेटको सुविधा रहेको पाइन्छ । आर्थिक बर्ष २०७६/०७७ को बार्षिक बजेट र कार्यक्रम अनुसार ६ वटा विद्यालयहरुमा कक्षा १० को अंग्रेजी गणित र विज्ञान विषयको भर्चुअल सिकाइसमेत सञ्चालन रहेको छ । यस आर्थिक बर्षमा समेत उक्त कार्यक्रमलाई निरन्तरता दिइएको थियो । अधिकांश सामुदायिक तथा संस्थागत विद्यालयहरुमा स्थानीय भाषाको रुपमा कम्प्युटरलाई छुट्टै विधाको रुपमा शिक्षण गरेका छन् जसबाट विद्यार्थीहरुको केही मात्रामा भएपनि सूचना तथा सञ्चार प्रविधिमा विद्यार्थीको पहुँच पुगेको देखिन्छ ।

नगरपालिका र विद्यालयहरुले विभिन्न प्रयास गरेतापनि वडा नं १ देखि ५ नंबरसम्मको क्षेत्रमा भौगोलिक विकटता तथा अन्य पूर्वाधारगत समस्या हुँदा रेडियो, टेलिभिजन र इन्टरनेट जस्ता सुविधाबाट त्यहाँका बालबालिकाहरु बञ्चित भइरहेका छन् । कोभिड १९ का कारण विद्यालयको शैक्षिक गतिविधिहरु प्रभावित भएको अवस्थामा नगरपालिकाले स्थानीय रेडियो भेरीगंगा एफ. एम. लाई समेत विभिन्न कक्षाका भर्चुअल कक्षाको पाठ उत्पादन तथा प्रसारण गर्ने कार्यमा प्रयोग गर्दै आएको छ । सबै विद्यालयहरुमा विद्यालयहरुमा वैकल्पिक माध्यमबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्नका लागि इन्टरनेट जडानका लागि सबै सामुदायिक विद्यालयहरुलाई अनुदान समेत उपलब्ध गराइएको अवस्था छ । विद्यालयको सम्पूर्ण तथ्यांकलाई एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मा प्रविष्ट गर्ने कार्यलाई समेत प्रभावकरी बनाइएको छ ।

## ३.१२.२ चुनौति तथा अवसरहरु (Challenges and Opportunities)

सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आधारभूत संरचना जस्तै विद्युत, इन्टरनेट कनेक्टिभिटी आदिको विस्तार तथा सबै विद्यालयहरूमा व्यवस्था गर्नु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर, डिजिटल ल्याव, डिजिटल पुस्तकालय सहितको एकीकृत प्रणालीको विकास गर्नु, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्नु, सूचना तथा सञ्चार प्रविधिको

प्रयोगबाट समता अभिवृद्धि र डिजिटल डिभाइड कम गर्नु, अन्तरक्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास गर्नु, विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त हुनेगरी सामग्री विकास र प्रयोग गर्नु, सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु, शिक्षाको सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना प्रविधि (E–governance) को प्रयोगलाई सहज हुने गरी विस्तार गर्नु, विद्यालयहरुमा शिक्षक र कर्मचारीहरुको प्रविधिमा क्षमता विकास गरी प्रविधिमैत्री बनाउनु, कोभिड जस्ता महामारीको समयमा सिकाइ सहजीकरणको वैकल्पिक उपायको रुपमा प्रविधिलाई प्रयोग गर्नु र नगरपालिका तथा इन्टरनेट प्रदायक संस्थाहरूका बिच समन्वय र सहकार्य व्यवस्थित गर्नु शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रमुख चुनौतीहरु हुन् ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिले विद्यालयमा शिक्षणसकाइका लागि इनटरनेट कनेक्टिभिटीका लागि अनुदान उपलब्ध गराई आवश्यक पूर्वाधारको विकास गर्नु, सूचना प्रविधि विषय पाठ्यक्रममा समावेश हुनु, तीनवटै तहका सरकारहरु वैकल्पिक सिकाइ सहजीकरणका विषयमा संवेदनशील भएको, सबै विधालयहरुमा डिजिटल सामग्री आदानप्रदान गर्ने प्लेटफर्म विकास हुनु, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज हुनु, कोभिड-१९ को अवस्थामा सिकाइलाई निरन्तरता दिन विभिन्न माध्यमबाट भर्चुअल कक्षा सञ्चालन हुनु; छापाका शिक्षण सिकाइ सामग्रीहरू, रेडियोबाट प्रसारित सामग्रीहरू, टि.भी.वाट प्रसारित सामग्रीहरू, वेवसाइट तथा विद्युतीय माध्यमबाट प्राप्त सामग्रीहरू, इलष्लिभ एयचतर्बा हरूको पहुँचबाट प्राप्त सामग्रीहरू र शिक्षण सिकाइ समूह गठन, Online based Zoom meeting सिकाइका मुख्य विधिहरू हुनु; लगभग सबै माध्यमिक विद्यालय र केही आधारभूत विद्यालयहरुमा कम्प्युटर तथा इन्टरनेटको सुविधा रहनु, शैक्षिक व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने क्रममा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास भई कार्यान्वयनमा रहनु, वि.सं. २०७६ देखि नेपाल दुरसञ्चार प्राधिकरणले पनि ग्रामीण दूरसञ्चार विकास कोष मार्फत् केही विद्यलयहरूलाई प्रस्ताव आह्वान गरी कनेक्टिभिटी हुनु, वैकल्पिक सिकाइ सहजीकरणका लागि वैकल्पिक विधिहरुको छनौट विकास र प्रयोगलाई नगरपालिकाले प्राथमिकतामा राख्नु आदि यसका अवसरहरु रहेका छन् ।

### ३.१२.३ लक्ष्य (Goal)

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइमा सुधार गरी, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गरी शैक्षिक व्यवस्थापन सुधार र सुशासन कायममा सुनिश्चतता गर्ने ।

### ३.१२.४ उद्देश्यहरू (Objectives)

१) सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने ।

२) डिजिटल डिभाइड कम गर्दै जाने र विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधमा आधारित शिक्षामा पहुँच पुऱ्याउने ।

३) शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी सहज र छिटोछरितो र सस्तो बनाउने ।

४) शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउने ।

५) विपद् तथा संकटको समयमासमेत विद्यालयका शैक्षिक गतिविधिहरुलाई निरन्तरता दिनका लागि प्रविधिसंग सम्बन्धित संरचना र श्रोत व्यवस्थापन गर्ने ।

## ३.१२.५ रणनीतिहरू (Strategies)

१) सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ र सुरक्षित भौतिक र प्राविधिक प्रवन्ध मिलाइने छ ।

२) विभिन्न कक्षा र विषयका लागि उपयोगी हुने डिजिटल सामग्रीहरुको विकास गरिनेछ ।

३) विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि उपयोगी हुने गरी डिजिटल सामग्री विकास गरिनेछ ।

४) नगरस्तरमा व्यवस्थित इपोर्टल निर्माण गरिनेछ ।

५) विश्वव्यापी रूपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटका सुविधा विस्तार मार्फत विद्यालय एवम् विद्यार्थीहरूको पहुँचमा विस्तार गरिने छ ।

६) IEMIS लाई थप व्यवस्थित गरी विद्यालयको लेखा प्रणाली (SAS), शिक्षकको तलबी प्रतिवेदन पारित गर्ने जस्ता कार्यसमेत यस प्रणालीमा एकीकृत गरिनेछ । साथै शिक्षाका विभिन्न सेवा तथा व्यवस्थापन सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ ।

७) सामुदायिक अध्ययन केन्द्रहरुलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सेवा प्रदान गर्न परिचालन गरिनेछ ।

८) सघ र प्रदेशसंग समन्वय गरी नगरपालिका र इन्टरनेट प्रदायक संस्थाहरूबिच समन्वय र सहकार्य वृद्धि गरिने छ ।

९) नगरपालिकामा सुविधा सम्पन्न डिजिटल सिकाइ केन्द्रको स्थापना गरिनेछ ।

१०) सबै विद्यालयका शिक्षक तथा कर्मचारीहरूको आधारभूत सूचना तथा सञ्चार प्रविधिसंग सम्बन्धित आधारभूत सिपमा क्षमता विकास गरिनेछ ।

११) विद्यालय सुपरीवेक्षण, बैठक, गोष्ठी, कार्यशाला, तालिम, शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको अत्यधिक प्रयोग गरिनेछ ।

१२) विद्यालयहरुमा प्रविधिसंग सम्बन्धित आधारभूत पूर्वाधार सुनिश्चित गर्न संघ र प्रदेश सरकारसंग सहकार्य र समन्वयात्मक ढंगले एकीकृत कार्यक्रम र बजेटको व्यवस्थापन गर्ने कार्यमा जोड दिइनेछ ।

१३) विद्यालयमा शिक्षक तथा कर्मचारीहरुलाई प्रविधिको बढीभन्दा बढी प्रयोग गर्न प्रोत्सहान गरिनेछ ।

१४) कक्षा ८, १० र १२ का महत्वपूर्ण विषयहरुमा भर्चुअल सिकाइको लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

१५) विपद् तथा संकटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सक्ने गरी सिकाइका वैकल्पिक विधिको रुपमा प्रविधिलाई प्रयोग सक्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१६) स्थानीय रेडियो र टेलिभिजनसंग समन्वय गरेर रेडियो भेरीगंगा शैक्षिक कार्यक्रम नियमितरुपमा उत्पादन र प्रसारण गरिनेछ । महामारीको समयमा विद्यार्थीको सिकाइलाई सहजीकरण गर्नलाई रेडियो र टेलिभिजनको प्रयोगलाई बृद्धि गरिनेछ ।

१७) सबै माध्यमिक विद्यालयहरुमा वेभसाइट, विद्युतीय हाजिरी र सिसि क्यामेराको व्यवस्था गरिनेछ ।

१८) राष्ट्रिय तथा स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीका डिजिटल प्रति सबै विद्यालयलाई उपलब्ध गराइनेछ ।

## ३.१२.६ उपलब्धि नतिजा, क्रियाकलाप तथा लक्ष्य (Outcome, Key Results and Main Activities and Target)

### क) उपलब्धि (Outcome)

१) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्धन भएको हुने ।

## ख) नतिजा (Key Results)

१) नगरपालिकामा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका डिजिटल सिकाइ केन्द्र स्थापना र सञ्चालन हुने ।

२) नगरपालिकाभित्रका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको सहज पहुँच पुग्ने ।

३) विभिन्न कक्षा र विषयका लागि आवश्यक पर्ने अन्तरक्रियात्मक डिजिटल सामग्री विकास भई ती सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने ।

४) सबै सामुदायिक विद्यालयहरू र विद्यार्थीहरूमा सूचना र सञ्चार प्रविधिसम्बन्धी आधारभूत सुविधामा पहुँच पुग्ने ।

५) सबै माध्यमिक विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने ।

६) सूचना प्रविधिमा आधारित सुपरीवेक्षण र शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने ।

७) सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने ।

८) सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुधार भई सुदृढ हुने ।

९) अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रविधिमैत्री भई लागत, जनशक्ति र समयको बचत हुने ।

१०) विद्यालयमा शिक्षक तथा कर्मचारीहरुलाई प्रविधिको बढीभन्दा बढी प्रयोग गर्ने ।

११) कक्षा ८, १० र १२ का महत्वपूर्ण विषयहरुमा भर्चुअल सिकाइ हुने ।

१२) विपद् तथा संकटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सक्ने ।

१३) विद्यार्थीको सिकाइ सहजीकरणमा स्थानीय रेडियो र टेलिभिजन प्रभावकारी रुपमा परिचालन हुने ।

१४)  सबै माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरी र सिसि क्यामेराको व्यवस्था हुने ।

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Targets)

| क्र.सं. | क्रियाकलाप | एकाइ | पहिलो पाँच वर्षको लक्ष्य | | | | | जम्मा | १० वर्ष को लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | विद्यालयमा ICT संग सम्बन्धित संरचना विस्तार गर्ने | विद्यालय सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | संघ र प्रदेश संरकारसगँको समन्यन र सहकार्यमा |
| २ | प्रत्येक विद्यालयमा इन्टरनेट कनेक्टिभिटी | विद्यालय सङ्ख्या | २५ | सबै | सबै | सबै | सबै | सबै | सबै | नगरपालिका |
| ३ | विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि | विद्यार्थी | | १५ | | | १० | २५ | २५ | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | डिजिटल सिकाइ सामग्रीको विकास गर्ने | | | | | | | | | |
| ४ | नगरपालिकामा Education Portal को विकास गर्ने | नगरपालिका | | १ | | | | १ | १ | संघ र प्रदेश संरकारसगँको समन्यन र सहकार्यमा |
| ५ | पाठ्यक्रम तथा पाठ्यसामग्रीका डिजिटल प्रति सबैलाई सहजरूपमा उपलब्ध गराउने | विद्यायलहरु | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | संघ र प्रदेश संरकारसगँको समन्यन र सहकार्यमा |
| ६ | IEMIS लाई व्यवस्थित गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | शिक्षक र कर्मचारीलाई I CT सम्बन्धी क्षमता अभिवृद्धि गर्ने | शिक्षक र कर्मचारी | ५० | ५० | ५० | ५० | ५० | २५० | सबै | |
| ८ | सामुदायिक अध्ययन केन्द्रहरूको I CT सम्बन्धी क्षमता वृद्धि गर्ने | सामुदायिक अध्ययन केन्द्र | २ | १ | १ | | | ४ | ४ | |
| ९ | विभिन्न कक्षाका लागि आवश्यक पर्ने डिजिटल सामग्री विकास | वटा | आवश्यक्ता | आवश्यक्ता | आवश्यक्ता | आवश्यक्ता | आवश्यक्ता | | | |
| १० | सञ्चालनमा रहेका CLC हरूमा डिजिटल सिकाइ केन्द्र स्थापना गर्ने | CLC | | १ | १ | १ | १ | ४ | ४ | |
| ११ | भर्चुअल कक्षा सञ्चालन | कक्षा | १० | ८ | १२ | ८, १० र १२ | ८, १० र १२ | | | |
| १२ | स्थानीय | नगरपालि | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | रेडियो र टेलिभिजनको प्रयोग गर्ने | का | | | | | | | | |
| १३ | सबै माध्यमिक विद्यालयहरुमा वेभसाइट विद्युतीय हाजिरी र सिसि क्यामेरा जडान | विद्यालय | २ | ३ | ३ | ३ | २ | | | |
| १४ | Digital Learning Centre को स्थापना | नगरपालिका | | १ | | | | १ | १ | |
| १५ | भर्चुअल कक्षा सञ्चालनका लागि सुविधा सम्पन्न कन्ट्रोल रुम निमार्ण गर्ने | नगरपालिका | | १ | | | | १ | १ | |

# परिच्छेद : चार

# अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु (Cross-cutting Disciplines)

## परिचय (Introduction)

विद्यालयीय शिक्षा अन्तर्गत प्रारम्भिक बालविकास शिक्षा देखि  माध्यमिक शिक्षासम्मलाई जनाउछ। विद्यालय शिक्षासँग सम्बन्धित विद्यमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरी लक्ष्य , उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरूसहितको योजना समेटिएको छ। यसका अतिरिक्त भेरीगंगा नगरपालिकाको शैक्षिक गुणस्तर अभिबृद्धिका लागि शिक्षाका अन्तरसम्बन्धित विषयवस्तुको भूमिका महत्वपूर्ण रहने गर्दछ। विभिन्न अन्तर सम्बन्धित विषयहरू मध्ये समता तथा समावेशीकरण, स्वास्थ्य तथा दिवा खाजा, छात्रवृत्ति, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा आदि पक्षहरू यस योजनामा समावेश गरिएको छ। यी अन्तरसम्बन्धित विषयलाई समग्रमा विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न सहयोग पुऱ्याउने उद्देश्यले प्रस्तुत गरिएको छ।

यस परिच्छेदमा उल्लिखित प्रत्येक विषयकोबारेमा ऐन, नियम, कानुन र  अवधारणा तथा विद्यालय शिक्षामा तिनी विषयवस्तुको आवश्यकता र विद्यमान अवस्थाको विश्लेषण गरिनुका साथै योजनासमेत प्रस्ताव गरिएको छ।

## ४.१ शैक्षिक समता र समावेशीकरण (Gender Equity and Inclusiveness)

### ४.१.१ परिचय (Introduction)

भेरीगंगा नगरपालिकामा विभिन्न जातजातिगत तथा सांस्कृतिक भेषभूषा भएका नागरिकको बसोवास छ। समाजको यो विविधतालाई एकातिर पहिचान तथा सामर्थ्यका रूपमा लिने गरिन्छ  भने अर्कोतिर ऐतिहासिक रूपमा यही भिन्नताका आधारमा सामजिक विभेद र बञ्चितीकरण परेका समुदायहरू पनि छन्।

विविधतालाई पहिचान दिनु, सम्मान गर्नु र व्यक्तिगत भिन्नताको कदर गरी विविधता (Diversity) लाई  प्रोत्साहित गर्नु आवश्यक छ। बालबालिकामा भएका  उल्लिखित लगायतका भिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सृजना गरी समता (Equity) कायम गर्नु आवश्यक छ। समताले अवसरको समानता मात्र सृजना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नु पर्दछ। सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ।

नेपालमा विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँचका लागि नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरू पनि सञ्चालित छन्। दिवा खाजा, पाठ्यपुस्तकसहित निःशुल्क शिक्षा र अपाङ्गता भएका बालबालिकाहरू, छात्रा तथा सीमान्तकृत बालबालिकाहरूलाई लक्षित गरी आवासीय तथा गैर आवासीय छात्रवृत्तिले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन्। विद्यालय तहमा महिलालगायत शिक्षक नियुक्तिको

समावेशी व्यवस्था, विद्यालय नर्सको प्रारम्भ, पाठ्यक्रममा लैङ्गिकलगायत सांस्कृतिक, धार्मिक, जातजातीय सम्वेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको छ ।

नगरपालिकामा आधारभूत तहको लैङ्गिक समता सूचक ०.९९ पुगेको छ भने माध्यमिक तहको लैङ्गिक समता सूचक समेत ०.९९ मा पुगी समदरको नजिक रहेको अवस्था छ । विद्यालयमा लैंगिकमैत्री वातावरण निर्माण गर्न माध्यमिक विद्यालयहरुमा छात्रा सुलभ शौचालय निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइएको छ । महिनावरी हुने सबै छात्राहरुलाई स्यानेटरी प्याडको निशुल्क वितरण गरी विद्यालयले व्यवस्थापन गर्ने कार्य शैक्षिक सत्र २०७८ बाट शुरु गरिएको छ । प्रत्येक विद्यालयमा लैंगिक सम्पर्क व्यक्ति तोकी गुनासो सुनुवाई संयन्त्र निर्माण गर्ने कार्य अगाडि बढाइएको छ ।

## ४.१.२. चुनौति र अवसरहरु (Challenges and Opportunities)

शैक्षिक समता र समावेशीकरण अन्तर्गत लक्षित समूह महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका वालवालिकाहरुलाई शिक्षामा समतामूलक पहुँच पुऱ्याउनु, सबै किसिमका अपाङ्गता भएकाहरूका लागि शिक्षामा पहुँच सुनिश्चित गर्नु, अपाङ्गता भएका, भौगोलिक विकट अवस्थामा रहेका र सामाजिक रूपले पछि परेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा टिकाइ राख्नु, लक्षित समूहको विद्यालयमा सहभागिता तथा उपलब्धि सुनिश्चित गर्नु, विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्नु, स्थानीय पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गर्नु र कुनै पनि प्रकारको विभेद, दूर्व्यवहार नहुने सुनिश्चिततासहित बालमैत्री विद्यालय बनाउने प्रमुख चुनौति रहेको छ ।

नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट राख्दै आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रूपमा लिदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क व्यवस्था, अपाङ्गता भएका एवं आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था तथा राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गर्दै अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ तथा दिगो विकास लक्ष्य ४ ले समावेशीता र समतालाई विशेष जोड दिएअनुसार नेपालले राष्ट्रिय कार्य योजना तयार गरी लागू गर्दै जाने सन्दर्भमा संघीय स्वरुप अनुसारको तीन तहको सरकार संग अन्तर सम्वन्ध कायम राख्दै आफ्ना योजना र कार्यक्रम अनुसार शिक्षामा समता र समावेशिकरणमा सफलता हासिल गर्न सकिने अवसर रहेको समेत रहेको छ ।

### ४.१.३ लक्ष्य (Goal)

विद्यालय तहको शिक्षामा समतामूलक एवं समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

### ४.१.३ उद्देश्यहरू (Objectives)

१) महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउने ।

२) लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने ।

३) विविधता, समता एवं समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहका गर्ने जनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्दै जवाफदेही बनाउने ।

४) शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउने ।

५) विद्यालयमा कुनै पनि प्रकारको विभेद, हिंशा र दूर्व्यवहार नहुने सुनिश्चितता गर्ने ।

### ४.१.४ रणनीतिहरू (Strategies)

१) घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने छ ।

२) सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गराइने छ ।

३) लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका, सामाजिक बहिस्कारमा परेका बालबालिका तथा अपाङ्गता भएका सबै बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमुनाहरूसमेत विकास गरी पहुँच सुनिश्चित गरिने छ ।

४) सबै सामुदायिक आधारभूत विद्यालयहरुमा दिवा खाजासहित स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रवन्ध तथा किशोरिहरू लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिने छ ।

५) सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गरिने छ ।

६) आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ समाग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ ।

७) विद्यालयमा अभिभावकको संलग्नता बढाइने छ ।

८) विद्यालयका गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध गरिने छ ।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ( Outcomes,Key Result and Main Activities and Target)

**क) उपलब्धि** (Outcomes)

१) विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

**ख) नतिजा** (Results)

१) महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउने ।

२) लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता बृद्धि गरी गुणस्तर सुधार हुने ।

३) विविधता, समता एवं समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहका गर्ने जनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न विद्यमान संरचनाहरू जवाफदेही बन्ने ।

४) विद्यालयमा कुनै पनि प्रकारको विभेद, हिंशा, दूर्व्यवहार र हेपारइरहित बालमैत्री वातावरण सिर्जना हुने ।

५) विद्यालयहरूमा अपाङ्ग मैत्री र लैङ्गिकमैत्री वातावरण सृजना हुने ।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य** (Major Activities and Target)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालय उमेर समूहका वालवालिकाहरुको पहुंच सम्वन्धमा घरधुरी सर्वेक्षण गर्ने | पटक | | १ | १ | १ | १ | ४ | |
| २ | नगरपालिका स्तरमा शैक्षिक समता र समावेशिकरण कार्यान्वयनका लागि संयत्र | पटक | | १ | | | | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विकास गर्ने। | | | | | | | | |
| ३ | विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन सुनिश्चित गर्न जनसहभागिता सहितको कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | | १ | १ | १ | १ | ४ | |
| ४ | समता र समावेशिताका विषयवस्तु समावेश गरी प्रधानअध्यापक, शिक्षक ,कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण गर्ने । | पटक | | १ | १ | १ | १ | ४ | |
| ५ | आजीवन सिकाइ तथा निरन्तर शिक्षाका सहभागीहरूको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि नगरपालिकाका शैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरूको क्षमता विकास गर्ने | पटक | | १ | | १ | | २ | |
| ६ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चित गर्न घोषणा र कार्यान्वयन गर्ने । | निरन्तर | | ५<br>१ | | | | | |
| ७ | अपाङमैत्री एवं लैङिक मैत्री वातावरण सृजनाका लागि विव्य शिक्षक कर्मचारी एवं सरोकारवालाहरुको वैठक | पटक | | २ | २ | २ | २ | ८ | |
| ८ | शैक्षिक समता र समावेशिकरणका लागि विपन्न वालवालिकाका लागि शैक्षिक सामग्री एवं स्टेशनरी पोशाक वितरण | पटक | | १ | १ | १ | १ | ४ | |
| ९ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरूबिच जवाफदेहिता सहितको कार्यगत समन्वय गर्ने । | | | | | | | | |

## ४.२ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम (Health and Nutrition Programme with Mid Day Meal)

### ४.२.१ परिचय (Introduction)

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त महिनावारीसम्बन्धी सरसफाइ तथा स्वच्छता (Menstrual Hygiene) सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी यस्ता कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र अनुपस्थित हुने तथा बिचैमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ ।

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा आर्थिक वर्ष २०७७/२०७८ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई प्रति विद्यार्थी रु १५ वरावरको खाजा खुवाउन थालिएको छ ।

यस भेरीगंगा नगरपालिकाका पूर्व प्राथमिक देखि कक्षा ५ सम्मका करिब ८ हजार बालबालिकाहरुलाइ एक शैक्षिक सत्रमा बढीमा १८० दिनका लाीग दैनिक रु. १५ का दरले दैनिक निकासा भएर कार्यक्रम कार्यान्वयन निर्देशिका र सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम दिवा खाजा व्यवस्थापनको पाटो अगाडि बढाइएको अवस्था छ । नगरपालिकाको सवै माध्यमिक र केहि आधारभूत विद्यालयहरुमा छात्र र छात्राका लागि अलगअलग शौचालय निर्माण गरिएको र निर्माण गर्ने प्रक्रियामा रहेका छन् । प्राथमिक विद्यालयको हकमा नगन्य रुपमा छात्रा शुलभ शौचालय रहेको अवस्था छ । कक्षा ६ देखि १२ सम्म अध्यनरत छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि गतवर्षदेखि सुरु गरिएको निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई यस वर्षदेखि प्रभावकारी बनाउदै लगिएको छ । सबै विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस, कक्षा ६-१० का बालिकाहरूका लागि आइरन चक्की प्रदान गरिए पनि सबै विद्यालयलाई उपलब्ध भएको छैन भने १० वटा माध्यमिक विद्यालयमा नर्स कार्यक्रम सञ्चालन गरिएको र यसलाई प्रभावकारी वनाउने प्रयास गरिएको छ ।

### ४.२.२ चुनौति र अवसरहरु (Challenges and Opportunities)

सबै आधारभूत तथा माध्यमिक विद्यालयमा अनमि र स्टाफ नर्शको व्यवस्था गर्ने, दिवा खाजा, स्वास्थ्य र सरसफाइ तथा स्वच्छताका कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय प्रबन्ध सुनिश्चित गर्ने, उपयुक्त स्वरूप निर्धारण गरी

पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने, दिवा खाजाका लागि खाना टोकरी तथा मेनु विकासलगायत पोषण तथा स्वास्थ्यको आधारभूत गुणस्तरका लागि विद्यालयको प्राविधिक क्षमता विकास गर्ने, विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने, विद्यालय खाजालाई सबै कक्षाका विद्यार्थीले प्राप्त गर्ने गरी कानुनी प्रबन्ध गर्ने, विद्यालय खाजा, विद्यालय स्वास्थ्य, पोषण तथा सफाइ तथा स्वच्छतासम्बन्धी कार्यलाई एकीकृत गर्ने तथा सवै विद्यालयमा Wash सुविधासहितको शुलभ शौचालय निर्माण एवं सञ्चालन गर्ने विषय अझ पनि चुनौतिपूर्ण नै छ ।

नेपालको पन्ध्रौं योजनाले दिवा खाजा कार्यक्रमलाई रणनीतिक दस्तावेजमा राखी बालबालिकाहरुको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजा सहितको स्वास्थ्य र पोषण कार्यक्रमलाई अन्तरसम्बन्धित अवधारणाको रूपमा अघि सार्नु, सोहि योजनाले एक विद्यालय एक स्वास्थ्य कार्यकर्ताको व्यवस्था गर्नु, विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि, २०७४ ले उल्लेख गरेअनुसार सबै विद्यालयहरूमा हुनु पर्ने खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूमा स्वच्छ पिउने पानीसहित पर्याप्त पानी, विद्यार्थी सङ्ख्याअनुसार अलगअलग सफा र सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री शौचालय, वातावरणीय सरसफाइ, हरियाली वातावरण र स्वच्छता सुविधा, विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन, सफा र स्वच्छ खाद्य पदार्थसहितको भान्सा/खाजा घर, विपद जोखिम व्यवस्थापन, सरसफाइ तथा स्वच्छता प्रवर्धन र दिगोपनका लागि संस्थागत व्यवस्थाहरु गरिदै गएका छन् । बालबालिकाकाहरुको विद्यालयमा पहुँच, भर्ना दर तथा लैङ्गिक समानता सूचकजस्ता सङ्ख्यात्मक शैक्षिक उपलब्धिहरूमा सुधार गरी विद्यार्थीको टिकाउ दर वढाउन सकिने उल्लेखित कार्यकलापले अवसर समेत प्रदान गरेको छ ।

### ४.२.३ लक्ष्य (Goal)

विद्यालय उमेर समूहका सवै वबलबालिकाहरुलाई स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, सिकाइमा सुधार, विद्यालयमा टिकाउ सहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणको पूर्ण पहुँच तथा सहभागिता सुनिश्चित गर्ने ।

### ४.२.४ उद्देश्य (Objectives)

१) विद्यालय खाजासँग सम्बन्धित सेवाहरूमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्रार्पतको सुनिश्चितता गर्नु ।

२) विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु ।

३) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूका स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी व्यवहारलाई प्रोत्साहन गर्नु र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.२.५ रणनीतिहरू (Strategies)

१) बालबालिकाको लागि विद्यालयमा नै पोषिलो र ताजा खाजा तयार गर्नका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाँडावर्तन र अन्य सामग्रीहरू तथा समूहमा हात धुने लगायतका सुविधा विस्तार गरिने छ ।

२) दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गरिने छ । विद्यार्थीले दिवा खाजा पाउने कुरालाई अधिकारका रूपमा स्थापित गराइने कानुनी प्रबन्ध गरिने छ ।

३) विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यवस्था गरिने छ ।

४) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरण फोलिक एसिड आदि) को वितरण र किशोरिहरूको महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइने छ ।

५) विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरिहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषिक्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यन्वयन गरिने छ ।

६) दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइने छ ।

## ४.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (**Outcomes, Key Results, Major Activities and Targets**)

### क) उपलब्धि (**Outcomes**)

१) विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (Well–Being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (Joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने ।

### ख) प्रमुख नतिजाहरू (**Key results**)

१) विद्यालय खाजालाई विद्यार्थीको अधिकारका रूपमा स्थापित गर्ने कानुनी प्रबन्ध हुने ।

२) दिवा खाजालगायत स्वास्थ्य तथा पोषण तीनै तह र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियामक ढाँचा र कार्यन्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुने ।

३) प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा ८ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुने ।

४) सामुदायिक माध्यमिक विद्यालय र संस्थागत विद्यालयका सबै कक्षाका विद्यार्थीहरूले अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुने ।

५) विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यवस्था हुने ।

६) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू किशोरीहरुको मासिक महिनावारीमा स्यानेटरी प्याड वितरण हुने ।

७) विद्यालयमा विद्यर्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरिहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुने ।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य (Major activities and Target)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| २ | दिवा खाजाको तयारी तथा वितरण | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | तालिम/प्रचार–प्रसार/मेनु तयारी र आवधिक अन्य क्षमता अभिवृद्धि क्रियाकलाप | स्थानीय तह | १ | १ | १ | १ | १ | ५ | | |
| ४ | प्रत्येक विद्यालयलाई एक स्वास्थ्यकर्मीको व्यवस्था | विद्यालय | ११ | | | | | | | |
| ५ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र शुक्ष्मपोषक तत्त्व प्रदायक टयावलेटहरू भिटामिन ए र आइरण ) प्रदान (फोलिक एसिड आदि | विद्यार्थी | सवै | | | | | | | |
| ६ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | विद्यालय प्रतिशत | सवै | | | | | ५ | १०० | |
| ७ | विद्यालयमा स्वास्थ्यतथा सफाइ , ,खाद्य सुरक्षा ,स्वच्छता पोषण र किशोरिहरूका लागि महिनावारी स्वच्छतासम्बन्धी शिक्षा | विद्यालय प्रतिशत | १ | १ | १ | १ | १ | ५ | | |
| ८ | कक्षा ६ देखि १२ किशोरिहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको व्यवस्था र वितरण | विद्यार्थी | १ | १ | १ | १ | १ | ५ | १०० | |
| ९ | आधारभूत तहको कक्षा ६, ७ र ८ मा खाजा व्यवस्था | विद्यार्थी | | | ६ कक्षा | ७ क क्षा | ८ क क्षा | | १०० | |
| १० | वर्षको २ पटक वालवालिकाको स्वास्थ्य परीक्षण | विद्यार्थी | | सवै | सवै | सवै | सवै | | १०० | |

## ४.३ छात्रवृत्ति (Scholarship)

### ४.३.१ परिचय (**Introduction**)

छात्रवृत्तिलगायत विद्यार्थीलाई प्रदान गरिने सहयोगले न्यून आय भएका परिवार, सुविधाविहिन तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच तथा सहभागिताका लागि सहयोग गरी समता तथा समावेशीताको अवस्था सुधारमा योगदान गर्दछ। यस्तो सहयोगले आर्थिक अभावका कारणले विद्यालय पोशाक, स्टेसनरीलगायतका सामग्रीहरू, दिवा खाजा इत्यादि उपलब्ध हुन नसकी विद्यालयमा हुने विद्यार्थीको अनुपस्थिति र विद्यालय छाड्ने दर घटाउन सहयोग गर्दछ । त्यसै गरी यसबाट विद्यालयमा उपस्थित हुन र सिकाइमा सक्रियतापूर्वक सहभागी हुन उत्प्रेरणा प्राप्त हुने भएकाले बालबालिकाको सिकाइ सुधार गरी शिक्षाको गुणस्तर सुधार गर्नमा पनि योगदान हुन्छ ।

सामुदायिक विद्यालयमा अध्ययन गर्ने कक्षा १० सम्मका सबैका  विद्यार्थीले शुल्क तिर्न नपर्ने र पाठ्यपुस्तक निःशुल्क प्राप्त गर्ने व्यवस्था रहेको छ भने कक्षा ५ सम्मका सबै विद्यार्थीका लागि विद्यालयमा दिवा खाजाको प्रबन्ध भएकोले विद्यार्थीको विद्यालयमा उपस्थिति र सिकाइप्रक्रियासँग प्रत्यक्ष रूपमा सम्बन्धित अन्य आवश्यकतालाई सम्बोधन गर्ने उद्देश्यले छात्रवृत्ति प्रदान गर्नु उपयुक्त हुन्छ । सहयोगले प्रत्यक्ष रूपमा विद्यार्थीलाई र अप्रत्यक्ष रूपमा सम्बन्धित परिवारलाई आर्थिक सुरक्षा प्रदान गर्दछ ।

नेपाल सरकारले विद्यालय तहका विद्यार्थीहरूका लागि विभिन्न किसिमका छात्रवृत्तिहरू प्रदान गरिरहेको छ । यस नगरपालिकामा हाल विभिन्न किसिमका छात्रवृत्तिहरू प्राप्त गर्ने विद्यार्थी सङ्ख्या विद्यालय तहको कुल विद्यार्थी सङ्ख्याको करिब ५० प्रतिशत रहेको छ । कक्षा १-५ मा कुल विद्यार्थी सङ्ख्याको करिब ७० प्रतिशतले कुनै न कुनै प्रकारको छात्रवृत्ति पाएका छन् । यस नगरपालिकाले छात्रा छात्रवृत्ति कक्षा १ देखि ८ सम्म, दलित छात्रवृत्ति कक्षा १ देखि ८ सम्म र सिमान्तकृत लोपोन्मुख छात्रवृत्ति कक्षा १ देखि १० सम्म र आवासीय छात्रवृत्ति कक्षा १ देखि १२ सम्मका बालबालिकाहरुले प्राप्त गरेको अवस्था छ । यस नगरपालिकामा रहेको श्री शिखर मावि रामघाटमा दृस्टिविहिन कक्षामा आवासीय सुविधा लिएर पढने वालवालिकाले मासिक ४००० का दरले १० महिनाको सुविधा प्राप्त गरेको अवस्था छ ।

### ४.३.२ चुनौति र अवसरहरु (**Challenges and Opportunities**)

धेरै विद्यार्थीले प्राप्त गर्ने छात्रा, दलित र लोपोन्मुख तथा सीमान्तकृत जनजाति छात्रवृत्तिको रकम ज्यादै न्यून हुनु, धेरैजसो छात्रवृत्तिहरू निश्चित आधार तथा आवश्यकतामा आधारित नभई सबैलाई प्रदान गरिनु, अधिकांश छात्रवृत्ति गरिबी केन्द्रित नभई जातजाति र लिङ्गलाई आधार मानेर प्रदान गरिनाले यसको औचित्य र सान्दर्भिकतामा प्रश्न उठ्नु, आवासीय बाहेकका छात्रवृत्तिका उद्देश्य तथा उपयोगिता स्पष्ट पार्नु, कतिपय व्यक्ति तथा सेवाग्राहीले जातजाति र लिङ्गका आधारमा दिइने यस्ता छात्रवृत्तिप्रति सकारात्मक नहुनु र यसले सामाजिक असमानतालाई घटाउन भन्दा बढाउन सहयोग गरेको सोचाइ राख्नु, लक्षित विद्यार्थी छनोट गरी छात्रवृत्ति वितरण गर्नका लागि स्थानीय तहमा स्वायत्तता नहुनु, छात्रवृत्ति वितरण र यसको उपयुक्तता तथा प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु मुख्य चुनौति रहेको छ ।

लक्षित समुदायहरू विशेषतः गरिब, सुविधाविहिन, अपाङ्गता भएका तथा विभिन्न किसिमका कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई छात्रवृत्तिलगायत अतिरिक्त सहयोग गर्नु पर्ने कुरालाई नेपालको संविधान तथा विभिन्न नीतिहरूले पनि आधार प्रदान गरेको छ। सामुदायिक विद्यालयमा अध्ययन गर्ने कक्षा १० सम्मका सबैका विद्यार्थीले शुल्क तिर्न नपर्ने र पाठ्यपुस्तक निःशुल्क प्राप्त गर्ने व्यवस्था रहेको छ भने कक्षा ५ सम्मका सबै विद्यार्थीका लागि विद्यालयमा दिवा खाजाको प्रबन्ध भएको सन्दर्भमा विद्यार्थीको विद्यालयमा उपस्थिति र टिकाउ दर वढाउन यसलाई अवसरको रुपमा समेत लिने गरिएको छ । सिकाइप्रक्रियासँग प्रत्यक्ष रूपमा सम्बन्धित अन्य आवश्यकतालाई सम्बोधन गर्ने उद्देश्यले छात्रवृत्ति प्रदान गर्नु उपयुक्त हुन्छ। यस्तो सहयोगले प्रत्यक्ष रूपमा विद्यार्थीलाई र अप्रत्यक्ष रूपमा सम्बन्धित परिवारलाई आर्थिक सुरक्षा प्रदान गर्दछ। हुन त आर्थिक रूपमा कमजोर विद्यार्थीलाई सहयोग दुई तरिका वा उद्देश्यले गर्न सकिन्छ। पहिलो, विद्यार्थीलाई विद्यालय आउन, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग गर्नु र दोस्रो, परिवारका लागि अवसर मूल्य प्रदान गरी सुरक्षा प्रदान गर्नु।

### ४.३.३ लक्ष्य (Goal)

विद्यालय तहको शिक्षामा सबै वालवालिकाहरुको पहुँच र सहभागिता सुनिश्चित गर्ने।

### ४.३.४ उद्देश्य (Objectives)

१) आर्थिक रूपले विपन्न, सुविधाविहिन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा सहज पहुँच पुर्‍याई सिकाइमा उनीहरूको सहभागिता र उपलब्धि बढाउने।

२) विद्यालय शिक्षामा समता वृद्धि गरी समावेशी बनाउने।

३) सबै बालबालिकाका लागि सिकाइ सुनिश्चित गरी सिकाइ गुणस्तर वृद्धि गर्ने।

### ४.३.५ रणनीतिहरू (Strategies)

१) छात्रवृत्तिका लागि मूलतः गरिबीलाई केन्द्रित गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने व्यवस्था मिलाइने छ।

२) सम्बन्धित विद्यालय र समुदायको सहभागितामा स्थानीय तहमा छात्रवृत्ति व्यवस्थापन समिति गठन गरिने छ।

३) छात्रवृत्ति उद्देश्यमूलक बनाइने छ। जस्तैः जस्तै दिवा खाजा उपलब्ध नगराइएकाहरूका लागि दिवा खाजा, स्टेसनरी तथा सिकाइ सामग्री, पोशाक इत्यादिका लागि र दिवा खाजा उपलब्ध गराइएकाहरूका लागि दिवा खाजाबाहेक अन्यका लागि छात्रवृत्ति प्रदान गर्न सकिन्छ।

४) नगरपालिकाले आवश्यक स्रोत व्यवस्था सहित कार्यविधि तयार गरी थप विद्यार्थीलाई विद्यालय तहदेखि उच्च शिक्षासम्म छात्रवृत्ति प्रदान गर्ने प्रणालीको विकास गरिनेछ।

### ४.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results, Major Activities and Targets)

### क) उपलब्धि (Outcomes)

१) विद्यालय तहको शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई समता र समावेशितामा सुधार हुने ।

### ख) प्रमुख नतिजाहरू (Key Results)

१) विशेषतः गरिबीमा रहेका, कठिन परिस्थितिमा रहेका, सुविधाविहिन र अपाङ्गता भएका बालबालिकालाई केन्द्रित गरी एकीकृत छात्रवृत्ति प्रणालीको विकास र कार्यान्वयन हुने ।

२) उद्देश्य र आवश्यकतामा आधारित भएर छात्रवृत्ति वितरण हुने । लक्षित समूहको विद्यालयमा भर्ना हुने ।

### ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य (Major activities and Target)

| क.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण समितिको वैठक | वैठक | २ | २ | २ | २ | २ | १० | १०० | |
| २ | नपा स्तरको विपन्न गरीव तथा विपन्न सहयोग छात्रवृत्ति निर्देशिका स्वीकृत | निर्देशिका | १ | | | | | | १०० | |
| ३ | ४ बर्ष उमेर समूहका अपाङ्ग बालबालिकाको पहिचान गर्ने व्यवस्था गरी सहयोग उपलब्धता र आवश्यकताअनुसार थप सेवाको सुनिश्चितता | नगरपालिका | १ | √ | √ | √ | √ | १ | १ | |
| ४ | आधारभूत तहमा अपाङ्ग, सीमान्तकृत समुदायका बालबालिका, छात्रा र दलित बालबालिकाका लागि छात्रवृत्ति | विद्यार्थी प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | संघीय सरकारको बजेट |
| ५ | आधारभूत तहमा असहाय, अनाथ तथा विपन्न परिवारका बालबालिकाका लागि छात्रवृत्ति | | ५१ | १०२ | १०२ | १०२ | १०२ | ४५९ | ५०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | नगरपालिकास्तरमा कक्षा ३, ५ र ८ मा उत्कृष्ट सिकाइ उपलब्धि प्राप्त गर्ने जेहेन्दार छात्र छात्रालाई छात्रवृत्ति | विद्यार्थी संख्या | २ | २ | २ | २ | २ | १० | १० | |
| ७ | माध्यमिक तहमा अनाथ, असहाय, अपाङ्ग, सीमान्तकृत तथा आर्थिक रूपमा विपन्न तथा जेहेन्दार विद्यार्थीका लागि प्रोत्सहान तथा छात्रवृत्ति वितरण | विद्यार्थी संख्या | कोटानुसार | कोटानुसार | कोटानुसार | कोटानुसार | कोटानुसार | कोटानुसार | कोटानुसार | संघ र प्रदेश सरकार संगको समन्वय र सहकार्यमा |
| ८ | एस.इ.इ. र कक्षा १२ को परीक्षामा ४ जि.पि.ए. हासिल गरेका र उच्च तहमा प्राविधिक विषय र विज्ञान संकाय पढ्न खोज्ने मेधावी विद्यार्थीहरूलाई छात्रवृत्ति | विद्यार्थी संख्या | ५ | ५ | ५ | १० | १० | ३५ | ५० | |
| ९ | माध्यमिक तहमा आर्थिक रुपमा पिछडिएका प्रतिभावान, दलित, अपांग, जनजाती र महिला विद्यार्थीका लागि उच्च शिक्षा अध्ययन गर्नका लागि निश्चित मापदण्डका आधारमा छात्रृत्ति प्रदान गर्ने | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| १० | उच्च तहमा आर्थिक र सामाजिक रुपले विपन्न, असहाय, दलित, सीमान्तकृत र अपाङ्ग विद्यार्थीहरुलाई छात्रवृत्ति | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| ११ | एम.वि.वि.एस. र इन्जिनियरिङ अध्ययनका लागि छात्रबृत्ति | जना | २ | २ | २ | २ | २ | १० | २० | |
| १२ | विशेष बालबालिकाहरुको लागि विशेष छात्रवृत्तिको | विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |

## ४.४ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा (**Education in Emergency and Crisis Situation**)

### ४.४.१ परिचय (**Introduction**)

युद्ध, द्वन्द्व, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा (Education in emergency and crisis) को रूपमा लिने गरिन्छ । यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो ।

विशेषतः लामो द्वन्द्वको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, सुर्खेत जिल्लाको २०७१ को बाढी, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड - १९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस योजनामा आगामी १० वर्षका लागि नीति तथा कार्यक्रम, प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ । यस अन्तर्गत पर्ने मुख्य आपतकालीन अवस्थाहरुमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी र युद्ध द्वन्द्व विस्थापन एवं बसाइँसराइँलाई लिने गरिन्छ । यी आपतकालिन अवस्थामा व्यक्तिको अधिकार, पहुँच, समावेशीकरण, गुणस्तर र सुशासनलाई ध्यान दिनुपर्दछ ।

### ४.४.२ चुनौती र अवसरहरू (**Challenges and Opportunities**)

आपतकालीन अवस्थामा शिक्षा (Education in Emergency) अन्तर सम्बन्धित विषयको रूपमा वा छुट्टै विधाको रूपमा सम्बोधन गर्ने, छुट्टै योजना बनाउने कि योजनाको हरेक अङ्ग (Component) मा यस विषयको प्रत्याभूति गर्ने, प्राकृतिक प्रकोप र सोको जोखिमको विषयमा मात्र सीमित हुने कि महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्दले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने, अनुमान गर्न नसकिने (Unpredictable) घटनालाई कसरी योजनामा समेट्ने र स्रोतको व्यवस्था कति गर्ने, कतिपय संकट अन्तर्राष्ट्रिय हुन्छन्, कतिपय राष्ट्रिय त कतिपय स्थानीय तहका हुन्छन्, यसमा कुन संकटलाई कुन तहमा कसरी सम्बोधन गर्ने र योजना कुन तहको बनाउने, योजना तत्कालिक बनाउने कि दीर्घकालिक तथा संकटकालीन शिक्षा योजना निर्माणमा को सहभागी हुने र यसको प्रक्रिया के हुने भन्ने विषय नै चुनौतिको रुपमा रहेका छन् । चुनौतीहरूलाई विचार गरेर सबै प्रकारका सम्भावित संकटकालीन अवस्थालाई व्यवस्थापन गर्ने गरी स्रोत, साधन र जिम्मेवारीको होसियारीपूर्वक सम्बोधन गर्नु संघीय सरकारका तीन अंगले अन्तरसम्बन्ध कायम गर्दै योजना निर्माण गरी कार्यान्वयन गर्न पाउनु यस नगरपालिकाले अवसर रुपमा लिनु पर्दछ ।

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितता, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ ले छात्रवृत्ति, दिवा खाजा, त्यसैगरी बालबालिकालाई शारीरिक सजाय, मानसिक तथा शारीरिक उत्पीडन तथा हेपाइ, र यौन दुराचारबाट मुक्त राखी सिकाइलाई निरन्तरता दिने गरी भयरहित शिक्षण सिकाइ निर्देशिका, २०६७, विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्विय निर्देशिका, २०६८ र बृहत् विद्यालय सुरक्षा गुरुयोजना तथा कार्यान्वयन कार्यविधिले विद्यालय सुरक्षाका विभिन्न मापदण्डहरू कार्यान्वयन गर्ने सम्बन्धमा मार्गदर्शन गर्दछन् । दिगो र अनुकुल सिकाइ वातावरण सुनिश्चित गर्न दिगो विकास लक्ष्य ४ को राष्ट्रिय कार्यढाँचाले सुरक्षित विद्यालय र प्रकोप व्यवस्थापनका सम्बन्धमा विभिन्न प्रावधानहरूको तय गरेको छ । पन्ध्रौं योजनामा प्राकृतिक प्रकोप व्यवस्थापन र उत्थानशीलताका लागि क्षमता विकास गर्ने छुट्टै अन्तरसम्बन्धित विषयको अध्याय उल्लेख गरिएको छ । विद्यालयमा समतामूलक पहुँच सुनिश्चित गर्न सरकारका सबै अङ्गहरूलाई क्षमतावान बनाउने नीति अख्तियार गरी सुरक्षित विद्यालयको आधार तयार पारिनुलाई एक अवसरको रुपमा लिन सकिन्छ ।

### ४.४.३ लक्ष्य (Goal)

आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने ।

### ४.४.४ उद्देश्यहरू (Objectives)

१) सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने ।

२) सम्भावित सङ्कटको सामना गर्ने अर्थात् उत्थानशील (Resilient) प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्ने (Preparedness) ।

३) सङ्कटको प्रतिकार्य (Response) को संयन्त्र र कार्यढाँचा तयार गर्ने ।

४) अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना (Recovery) गर्ने ।

### ४.४.५ रणनीतिहरू (Strategies)

१) नगरपालिकाको शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने विपद वा संकटहरूको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटासन्नता (Vulnerability) को मूल्याङ्कन (Assessment) तथा विश्लेषण गरिने छ ।

२) संकटासन्नता (Vulnerability) को मूल्याङ्कन (Assessment) का आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत् (Comprehensive) योजना र विद्यालयहरूले आ-आफ्ना विद्यालयको योजना तयार गर्ने छन् ।

३) शिक्षासम्बन्धी ऐन, कानून, पाठ्यक्रम र शिक्षासम्बन्धी नीतिहरूको पुनरावलोकन गरी आवश्यकतानुसार परिमार्जन गर्दा विपद तथा संकटमा शिक्षासम्बन्धमा विकास गरिएका मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरूलाई एकीकृत गरिने छ ।

४) विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गरिने छ ।

५) शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, औषधि, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्री (Relief materials) को प्रबन्ध गरिने छ ।

६) विद्यार्थी, शिक्षक, अभिभावक तथा तीनै तहको सरकारको तयारी (Preparedness), रोकथाम ( Prevention), प्रतिकार्य (Response), र पुनर्स्थापना (Recovery) का लागि क्षमता विकास गरिने छ ।

७) विपद् व्यवस्थापनको तयारी (Preparedness), प्रतिकार्य (Response), र पुनर्स्थापना (Recovery) मा गैरसरकारी क्षेत्र तथा विकास साझेदारहरूको सहभागिता र सहयोगसमेत परिचालन गरिने छ ।

८) विपद व्यवस्थापनका परम्परागत ज्ञान, सिप तथा अनुभवहरूलाई समयानुकुल पुनर्व्याख्या तथा प्रयोगमा ल्याइने छ ।

९) विपद व्यवस्थापन र संकटकालमा शिक्षाको निरन्तरता सम्बन्धमा भएका अन्य जिल्ला र स्थानीय तहहरुमा तथा अन्तर्राष्ट्रियस्तरमा गरिएका सफल अभ्यासहरुलाई स्थानीयकृत (Localize) गरिने छ ।

१०) विद्यालय शान्ति क्षेत्रसम्बन्धी अवधारणालाई सार्थकता दिन स्थानीय राजनीतिक दल, पेसागत संघ संगठन तथा विद्यार्थी क्लबहरू र अन्य सामुदायिक क्षेत्रबिच समन्वय सहकार्य गर्दै यसप्रति सबैलाई जिम्मेवार बनाइने ।

११. प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निमित्त शिक्षा जस्ता कार्यक्रमहरूलाई कार्यान्वयनमा ल्याइने छ ।

## ४.४.६ उपलव्धी नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results, Major Activities and Targets)

### क) उपलब्धि (Outcomes)

१) आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने ।

### ख) प्रमुख नतिजा (Key result)

१) विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्उत्थानको योजना तथा क्षमता विकास हुने ।

२) भुकम्प प्रतिरोधि विद्यालय भवन र आपतकालिन शैक्षिक योजना स्वीकृती र कार्यान्वय हुने ।

३) महामारीको समयमा स्वास्थ्य उपचारसहित शिक्षाको व्यवस्थापन र सेवा प्रवाह / सिकाइको निरन्तरता हुने ।

४) युद्ध, सामाजिक द्वन्द्व, हिंशा, बसाइँसराइँ आदि भएको अवस्थामा पनि आधारभूत आवश्यकता सहित सिकाइको निरन्तरता भएको हुने ।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य (Major activities and Target)

| क.सं. | सुधारका विषयक्षेत्र | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१० बर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | नगरपालिका स्तरीय भुकम्प प्रतिरोधि विद्यालय भवन निर्माण निर्देशिका स्वीकृती र कार्यान्वयन | नगरपालिका | | १ | | | | | |
| २ | शिक्षक तथा विव्यसका लागि विपद व्यवस्थापन सम्वन्धी क्षमता विकास तालिम | जना | १०० | १०० | १०० | १०० | १२४ | ५२४ | |
| ३ | नगरपालिकामा आपतकालिन शिक्षण योजना निर्माण र कार्यान्वयन | नगरपालिका | १ | १ | १ | १ | १ | ५ | |
| ४ | निरन्तर र सुरक्षित सिकाइ का लागि | विद्यालय | | | | निरन्तर कार्यान्व | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह Safe learning action group निर्माण र परिचालन | | | | | यन हुने | कार्यान्वयन हुने | कार्यान्वयन हुने | |
| ५ | स्वास्थ्य सुविधा सहितको स्वास्थ्य शिक्षिक / कार्यकर्ताको व्यवस्था | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्द्धन ( Green, Clean, Peace and safe schools ) | विद्यालय | | | | निरन्तर कार्यान्वयन हुने | निरन्तर कार्यान्वयन हुने | निरन्तर कार्यान्वयन हुने | |

# परिच्छेदः पाँच

# संस्थागत संरचना र क्षमता विकास

# (Institutionalized Structure and Capacity Development)

## ५.१ परिचय (Introduction)

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्ने तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार; ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास; सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

भेरीगंगा नगरपालिकामा रहेका सातवटा शाखाहरुमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । एक जना उपसचिव, एक जना आठौं अधिकृत र एकजना छैटौं अधिकृत तथा एकजना ज्यालादारी कार्यालय सहयोगीले यो संरचनामा रहेर काम गरिहेका छन् । शाखाले स्वायत्त भएर कुनै कार्यक्रमहरु सञ्चालन गर्न पाएको छैन । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन । शाखामा जनशक्ति कम हुँदा विद्यालय अनुगमन तथा सुपरीवेक्षणको पाटो त लगभग शून्य झै छ भने अन्य शाखाहरुमा पाँचौं र छैटौं तहका कर्मचारीहरुले नेतृत्व गरेकोमा यस शाखामा प्रमुख प्रशासकीय अधिकृत सरहका कर्मचारीले नेतृत्व गर्दा नगरपालिकाको समग्र कर्मचारी व्यवस्थापनमा पनि चुनौति देखिन्छ ।

सबै विद्यालयहरुमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरुमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एक एक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमति बसेको देखिन्छ भने शिक्षक अभिभावक संघको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरुले सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण गर्ने गर्दछन् ।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाई संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरुले उपलब्धिपूर्ण तरिकाले काम गरेको देखिदैन ।

यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ ।

विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय र प्रदेश तहमा निजामती तथा शिक्षा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्यनमा जटिलता सिर्जना भएको छ । विशेष गरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले नगरपालिकाले कार्यान्वयनमा ल्याएको ऐनअनुसारका शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासाहरू सरोकरवालाहरुबाट आइरहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र कर्णाली प्रदेशले प्रत्येक जिल्लामा सामाजिक विकास कार्यालय (सुर्खेतको सन्दर्भमा शिक्षा विकास निर्देशनालय) को स्थापना गर्दा शिक्षा प्रशासनका निकायहरु एकातिर कामविहिन भएको पाइन्छभने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरुबीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ ।

## ५.२ चुनौती र अवसरहरु (Objectives)

नगरपालिकामा शिक्षा हेर्ने निकायको पुनर्संरचना र वैज्ञानिक ढंगले व्यवस्थापन गर्नु, शिक्षा सेवा र अन्य सेवाका जनशक्तिहरुको उचित व्यवस्थापन गरी नतिजामुलक ढंगले परिचालन गर्नु, विद्यालयमा सुशासन कायम गर्नु, विद्यालय लेखा प्रणालीलाई व्यवस्थित गर्नु, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास गर्नु, प्रधानाध्यापकमा नेतृत्व सीप लगायत प्रशासनिक क्षमताको विकास गर्नु, शिक्षक र विद्यार्थीको आचारसंहिता पालना गराउनु र विद्यालयहरुमा कर्मचारीहरुको उचित व्यवस्थापन गरी उनीहरुको क्षमता विकास गर्नु यस क्षेत्रसंग सम्बन्धित चुनौतिहरु हुन् ।

नेपालको संविधानले आधारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गर्नु, उपसचिवको नेतृत्वमा दरबन्दी तेरिज बनाइएको, नगरपालिकाको शिक्षा ऐन कार्यान्वयनमा आएर सबै विद्यालयमा विद्यालय व्यवस्थापन

समिति र शिक्षक अभिभावक संघको गठन भई क्रियाशील भएको, अधिकांश विद्यालयहरुमा योग्यता पुगेका प्रधानाध्यापकहरु रहनु, शिक्षक र कर्मचारीको क्षमता विकासका लागि मानव संशाधन विकास केन्द्रले सहयोग प्रदान गरेको आदि संस्गागत र क्षमता विकासका लागि अवसरहरु रहेका छन् ।

## ५.३ उद्देश्य (Objectives)

यस योजनामा सुशासन प्रबर्धनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू निम्नअनुसार रहेका छन :

१) नगरपालिकास्तरमा शिक्षा क्षेत्र हेर्ने निकायको पुनर्संरचना र क्षमता विकास गर्नु ।

२) शिक्षक र विद्यालय कर्मचारीलाई कार्यसम्पादनप्रति उत्तरदायी तथा नतिजाप्रति जवाफदेही हुन प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्नु ।

३) विद्यालयका शिक्षक तथा प्रधानाध्यापक र स्थापित अन्य संरचना र संयन्त्रमा काम गर्ने पदाधिकारी, कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु ।

## ५.४ रणनीतिहरू (Strategies)

१) नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई पुनर्संरचना गरेर शिक्षा विभाग तथा युवा तथा खेलकुद शाखा स्थापना गरी सो अनुसारको संरचनालाई कार्यान्वयनमा ल्याउनका लागि आवश्यक पर्ने नीति तर्जुमा गरी लागु गरिनेछ ।

२) सामुदायिक सिकाइ केन्द्र र समाहित शिक्षा सञ्चालन भएको विद्यालयमा श्रोतकक्षाको पुनर्संरचना गरी संस्थागत क्षमता अभिबृद्धि गरिनेछ ।

३) नगरपालिकास्तरमा विषयगत रुपमा कम्तिमा पाँच जना रोष्टर करारमा व्यवस्थापन गरी शिक्षक सहायता प्रणाली स्थापना गरिने छ ।

४) प्रारम्भिक बालविकास कक्षासहित सबै प्रकारका विद्यालयहरुको संस्थागत विकास गरिनेछ ।

५) सबै प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

६) प्रत्येक विद्यालयमा एक जना सहायक प्रधानाध्यापक रहने, एकजना महिला शिक्षकलाई लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने र प्रत्येक शिक्षकलाई कम्तिमा कुनै एउटा जिम्मेवारी लिएको सुनिश्चित हुने गरी परिचालन गर्ने संयन्त्रको विकास गरिनेछ ।

७) नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति, सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समिति आदिमा रहने पदाधिकारीहरुको क्षमता विकास गरिनेछ ।

८) संस्थागत विद्यालयहरुसंग समन्वय गरी संस्थागत विद्यालयका प्रधानाध्यापक तथा कर्मचारीको क्षमता विकास गर्नमा सहजीकरण गरिनेछ ।

९) विद्यालयको कार्यसम्पादन परीक्षणका न्यूनतम मापदण्डहरु विकास गरी कार्यान्वयनमा लगिनेछ । प्रत्येक बर्ष तहगत रुपमा विद्यालय अनुशासनको पाटोमा उत्कृष्ट हुने विद्यालयलाई Well-Governed School of the Year को नाममा पुरस्कृत गरिनेछ ।

१०) संस्थागत विद्यालयको वर्गीकरण र स्तरीकरण गर्नका लागि आवश्यक न्यूनतम मापदण्डको विकास गरी स्तरीकरण गरिनेछ ।

११) नगरपालिकामा उत्कृष्ट काम गर्ने कुनै एउटा प्रारम्भिक बाल विकास केन्द्र र सामुदायिक सिकाइ केन्द्रलाई पुरस्कृत गरिनेछ ।

## ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप (Outcomes, Key Results and Major Activities)

### क) उपलब्धि (Outcomes)

१) शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने ।

### ख) प्रमुख नतिजाहरू (Key results)

१) शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास गर्ने पद्धति स्थापना भई क्षमता सुधार हुने ।

२) शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक तथा समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने ।

३) नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई पुनर्संरचना गरेर शिक्षा विभाग स्थापना भई पुनर्संरचना हुने

४) सामुदायिक सिकाइ केन्द्र र समाहित शिक्षा सञ्चालन भएको विद्यालयमा श्रोतकक्षाको पुनर्संरचना हुने ।

५) शिक्षक सहायता प्रणाली स्थापना हुने ।

६) सबै प्रकारका विद्यालयहरुको संस्थागत विकास भएको हुने ।

७) प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता विकास हुने ।

८) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको कार्यजिम्मेवारी तोकिएको हुने ।

९) विभिन्न समितिमा रहेका पदाधिकारीहरुको क्षमता विकास हुने ।

१०) विद्यालयको बार्षिक रुपमा कार्यसम्पादन परीक्षण हुने ।

११) संस्थागत विद्यालयको वर्गीकरण र स्तरीकरण हुने ।

१२) नगरपालिकामा उत्कृष्ट हुने विद्यालय पुरस्कृत हुने ।

## ग) प्रमुख क्रियाकलाप र लक्ष्य (Major Activities and Targets)

तालिका ५.१: संस्थागत संरचनाका लागि प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | सङ्ख्या | १ | | | | | १ | | संघ, प्रदेश तथा स्थानीय तह |
| २ | विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने | विद्यालय | ५१ | ५१ | ५१ | ५१ | ५१ | २५५ | २५५ | |
| ३ | प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | विद्यालय | ५१ | ५१ | ५१ | ५१ | ५१ | २५५ | | |
| ४ | शिक्षा विभागको स्थापना | नगरपालिका | १ | | | | | १ | १ | |
| ११ | संस्थागत विद्यालयको वर्गीकरण र | विद्यालय | ३ | १० | २ | | | १५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्तरीकरण | | | | | | | | | |
| १२ | पदाधिकारीहरुको क्षमता विकास | संख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० | |
| १३ | प्रधानाध्यापक र कर्मचारीको क्षमता विकास | संख्या | १३ | १० | २८ | | | ५१ | ५१ | |

# परिच्छेदः छ

# लगानी र स्रोत व्यवस्थापन (Investment and Resource Management)

## ६.१ परिचय (Introduction)

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी समृद्ध राष्ट्र निर्माण तथा उन्नत समाज विकासका लागि सरकार तथा समुदायले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । भविष्यका लागि गुणस्तरीय मानव संसाधनको विकास गर्न शिक्षामा लगानी गरिन्छ । त्यसैले बालबालिकाको शिक्षामा गरिने लगानी व्यक्ति, समाज र  राज्यको दीर्घकालिन विकासका लागि सहयोग गर्दछ । राज्य निर्माणको दीर्घकालीन सोचलाई मूर्त रूप दिन शिक्षामा राज्यले प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । शिक्षामा राज्यको लगानीले प्रमुख तीन पक्षलाई ध्यान दिनु  पर्दछ । ती तीन पक्षहरूमा पहिलो, राज्यका सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता, दोस्रो, सहभागी भई सकेकालाई उचित  र गुणस्तरीय शिक्षाको सुनिश्चितता र तेस्रो, स्रोतको समतामूलक वितरण र उपयोग रहेका छन् ।

नेपालमा राज्यबाट शिक्षामा गरिने लगानीलाई नेपाली समाजको आकांक्षा तथा आवश्यकता,  विश्वव्यापी मान्यता, दिगो विकासको लक्ष्यका लागि शिक्षाको योगदान, अन्तर्राष्ट्रिय समुदायको चासो र चिन्ता इत्यादि पक्षलाई ध्यानमा राखी व्यवस्थापन  गरिदै आएको छ । यसलाई विभिन्न नीतिगत दस्तावेजहरूले आधार प्रदान गरेका छन् । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा लिई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क एवम् माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । उक्त मौलिक हक कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ जारी भएको छ भने उक्त ऐन कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ पनि स्वीकृत गरेको छ । संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि आवश्यक स्रोतको खोजी,  प्राथमिकीकरण,  स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ ।

संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजीक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ । नेपालको संविधानमा वित्तीय व्यवस्थापन सम्बन्धमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा उल्लेख गरेको पाइन्छ । समानीकरण अनुदानको हकमा प्राकृतिक तथा वित्त आयोगको सिफारिसमा संघीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ । विशेष अनुदान र समपूरक अनुदानको राष्ट्रिय योजना आयोगबाट वित्तीय हस्तान्तरणसम्बन्धी व्यवस्थापन हुँदै आएको छ । सशर्त अनुदान सम्बन्धित विषयगत मन्त्रालयबाट आवश्यक प्रक्रिया पूरा गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा

स्थानीय र प्रदेश तहबाट हाल अभ्यास भएको देखिदैन । संघीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदानबाहेक स्थानीय तथा प्रदेश तहको आफ्नै स्रोतमा आधारित बजेट पनि शिक्षा क्षेत्रमा सम्बन्धित तहले विनियोजन गर्न सक्दछ । शिक्षामा राज्यको पर्याप्त लगानी  समतामूलक र न्यायपूर्ण समाज व्यवस्था विकासका लागि महत्वपूर्ण पक्ष हो ।

भेरीगंगा नगरपालिकाको सन्दर्भमा यहाँको शिक्षा क्षेत्रको विकासका लागि करिब ९० प्रतिशत रकम संघीय सशर्त बजेटबाट नै प्राप्त हुने गर्दछ । केही रकम नगरपालिकाले वित्तीय समानीकरण अनुदानबाट विनियोजन गर्दछ भने थोरै मात्रामा कर्णाली प्रदेश सरकारबाट शिक्षा क्षेत्रको लागि बजेट प्राप्त भएको अवस्था छ । बर्षेनी बजेट अप्रयाप्त हुँदा शिक्षक र कर्मचारीको समेत तलब भत्ता निकासा गर्न समेत मुश्किल परिरहेको अवस्था छ । संघीय सरकारबाट प्राप्त हुने बजेट करिब ९९ प्रतिशत रकम तलब भत्ता र अनुदान रहेकाले नगरपालिकाको शैक्षिक गुणस्तर उन्नयनको पाटोमा उक्त रकम निशर्त परिचालन गर्न सक्ने अवस्था रहदैन । नगरपालिकाले पनि कुल बजेटको करिब १० प्रतिशतको हाराहारीमा शिक्षा क्षेत्रको लागि बर्षेनि बजेट विनियोजन गरिरहेको छ । उक्त रकमध्ये ७५ प्रतिशत बजेट नगरपालिकाले सिर्जना गरेको स्वयम् सेवक शिक्षक, बालविकासका सहजकर्ताको पारिश्रमिक तथा प्रधानाध्यापक र कर्मचारीको प्रोत्सहानमा खर्च हुने गरेको छ । नगरपालिकाको समग्र शैक्षिक गुणस्तरमा अपेक्षा गरेबमोजिम लगानी गर्न सकिएको अवस्था देखिदैन ।

## ६.२ चुनौति तथा अवसरहरु (Challenges and Opportunities)

शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगानी बृद्धि र दिगो स्रोत व्यवस्थापन गर्ने, संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह बिचको शिक्षाको लगानी मापदण्ड र  वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने, संवैधानिक मार्गदर्शन तथा नीतिअनुरूप निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा विकास गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने, वैदेशिक सहायता प्राप्ति, परिचालन, र त्यसको दिगोपना सुनिश्चित गर्ने, आधुनिक प्रविधि विशेषगरी सूचना तथा सञ्चार प्रविधि मैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने, प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना निर्धारण गर्ने , विद्यार्थीको सिकाइ तथा कुशलतामा  केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्ने, शिक्षामा समता तथा समावेशीता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त

गर्ने, गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने जस्ता विषयहरु अझ पनि चुनौतिको रुपमा रहेका छन् ।

तीन तहको सरकार अनुसार संघ, प्रदेश र स्थानीय तहको लगानीलाई कसरी समन्वयात्मक तरिकाले उद्देश्यमूलक बनाउने भन्ने विषय पनि शिक्षामा लगानीका सम्बन्धमा अहम् महत्वको विषय बनेको छ । शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकत्रित  गर्नु र उपयुक्त तरिकाले वितरण गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनु पर्ने महत्वपूर्ण पक्ष हुन् । पहिचान गरिएका माथि उल्लेखित चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आँकलन तथा व्यवस्थापन गरी तीनै तहको सरकारवाट गुणस्तरीय शिक्षा प्राप्तिकोलागि लगानी वढाउने अवसर समेत छ ।

## ६.३ लक्ष्य (Goal)

विद्यालय शिक्षाको पहुँचको  लागि शिक्षामा लगानीको सुनिश्चतता गराउनु ।

## ६.४ उद्देश्य (Objectives)

१) योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।

२) विद्यालय शिक्षासम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।

३) उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।

४) खर्चको प्रक्रिया र तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ।

## ६.५ रणनीतिहरू (Strategies)

१) विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरूबीचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा संघीय र कर्णाली प्रदेश सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा नगरपालिकाले आआफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिएको छ ।

२) शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी नगरपालिकाको भएकोले आफ्नो क्षेत्रभित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न नगरपालिकाको आन्तरिक संयन्त्रलाई जवाफदेही हुने पद्धति विकास गरिनेछ ।

३) तीनवटै तहका सरकारहरुबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर र जवाफदेहिता एवम् पारदर्शिता सुनिश्चित गर्न सबै विद्यालयमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS)  संग जोडेर विद्यालय लेखा प्रणाली (SAS)  सबै विद्यालयमा क्रमश लागु गरिनेछ ।

४) तिनै तहका सरकारबाट कुल बजेटको वार्षिक रूपमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा छुट्याउने अपेक्षा गरिएको छ ।

५) सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी निश्चित मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरिने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिने छ ।

६) अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरिने छ ।

७) मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने छ ।

८) विद्यालयको वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई  थप सबल बनाइने छ ।

९) शिक्षा क्षेत्र योजनाले अगाडि सारेका कार्यक्रमहरुलाई क्रमशः पूरा गर्नका लागि बार्षिक रुपमा बजेट विनियोजन गरिनेछ ।

## ६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान (Proposed Programme and Budget Prediction)

विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रमअनुसार बजेट अनुमान गरिएको छ । बजेट अनुमान गर्दा सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चिततासहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ भने प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम सक्षमताका मापण्ड पुरा गरी गुणस्तरीय सेवा सुनिश्चित गर्नका लागि आवश्यक हुने गरी लगानीमा वृद्धि गर्नु पर्ने आवश्यकतालाई ख्याल गरेर लगानी वृद्धि गरिएको छ । माध्यमिक शिक्षालाई निःशुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना वृद्धि तथा टिकाउ दर बढाउन र व्यासायिक सिप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न आवश्यक पर्ने बजेट समावेश गरिएको छ । योजनाको दश वर्षमा करिब ८० प्रतिशत आधारभूत र माध्यमिक तह सञ्चालन भएका विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमताका मापण्ड पूरा गर्ने गरी बजेट प्रस्ताव गरिएको छ । विद्यालयको भौतिक अवस्था सुधार र गुणस्तर सुधारका लागि शिक्षक विकासमा पनि लगानी उल्लेख्य रहेको छ । पाठ्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउने तथा स्थानीय पाठ्यक्रमको विकास, परिमार्जन र कार्यान्वयनमा प्रभावकारीता अभिबृद्धि गर्ने, शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने, पूर्ण साक्षर नगरपालिका घोषणा गरी निरन्तर शिक्षा र खुला सिकाइलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने, माध्यमिक तहसंग उच्च शिक्षाको सम्बन्ध स्थापित गर्न नगरपालिका क्षेत्रमा सञ्चालित क्याम्पसहरुको संस्थागत क्षमता विकासमा सहयोग गर्ने, आधारभूत तहसम्म दिवा खाजाको प्रबन्ध गर्ने, समता तथा समाविशतामा सुधार गर्न अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न तथा कठिन परिस्थितिमा रहेका

बालबालिकाहरूमध्ये केहीलाई आवासीय प्रबन्धसहित शिक्षा प्रदान गर्ने र अन्यलाई छात्रवृत्तिका लागि पनि उल्लेख्य बजेट प्रस्ताव गरिएको छ।

**संघीय सरकारवाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त र खर्च हुने अनुमानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | 2078/079 | 2079/080 | 2080/081 | 2081/082 | 2082/083 | पाँच वर्षको जम्मा | दश बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन | 100000 | 100000 | 100000 | 100000 | 100000 | 500000 | 1000000 |
| २ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानेटरी प्याड व्यवस्थापन | 4300000 | 4300000 | 4300000 | 4300000 | 4300000 | 21500000 | 43000000 |
| ३ | शिक्षक तलब भत्ता (आधारभूत तह) | 100000000 | 100000000 | 100000000 | 100000000 | 100000000 | 500000000 | 1000000000 |
| ४ | शिक्षक तलब भत्ता (माध्यमिक तह) | 14500000 | 14500000 | 14500000 | 14500000 | 14500000 | 72500000 | 145000000 |
| ५ | प्रारम्भिक बाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन | 10881000 | 10881000 | 10881000 | 10881000 | 10881000 | 54405000 | 108810000 |
| ६ | विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान | 9300000 | 9300000 | 9300000 | 9300000 | 9300000 | 46500000 | 93000000 |
| ७ | निशुल्क पाठ्यपुस्तक अनुदान | 6571000 | 6571000 | 6571000 | 6571000 | 6571000 | 32855000 | 65710000 |
| ८ | दिवा खाजा कार्यक्रम | 1075000 | 1075000 | 1075000 | 1075000 | 1075000 | 5375000 | 10750000 |
| ९ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | 3100000 | 3100000 | 3100000 | 3100000 | 3100000 | 15500000 | 31000000 |
| १० | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक शिक्षा तथा वैकल्पिक शिक्षा कार्यक्रम | 800000 | 800000 | 800000 | 800000 | 800000 | 4000000 | 8000000 |
| ११ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्सहान अनुदान | 5900000 | 5900000 | 5900000 | 5900000 | 5900000 | 29500000 | 59000000 |
| १२ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन | 3033000 | 3033000 | 3033000 | 3033000 | 3033000 | 15165000 | 30330000 |
| १३ | अंग्रेजी, गणित र विज्ञान | 5000000 | 5000000 | 5000000 | 5000000 | 5000000 | 25000000 | 50000000 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विषयमा शिक्षण सहयोग अनुदान | | | | | | | |
| १४ | कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम | 7000000 | 7000000 | 7000000 | 7000000 | 7000000 | 35000000 | 70000000 |
| १५ | सार्वजनिक विद्यालयमा अध्ययनरत् विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासीय तथा गैर आवासीय) | 3700000 | 3700000 | 3700000 | 3700000 | 3700000 | 18500000 | 37000000 |
| १६ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | 10000000 | 10000000 | 10000000 | 10000000 | 10000000 | 50000000 | 100000000 |
| जम्मा | | **185260000** | **185260000** | **185260000** | **185260000** | **185260000** | **926300000** | **1852600000** |

## प्रदेश सरकारवाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त र खर्च हुने अनुमानित बजेट

| क्र. सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | 2078/079 | 2079/080 | 2080/081 | 2081/082 | 2082/083 | पाँच वर्षको जम्मा | दश बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास सहजकर्ताको लागि प्रोत्सहान खर्च | 560000 | 560000 | 560000 | 560000 | 560000 | 2800000 | 5600000 |
| २ | मुख्यमन्त्री रोजगार कार्यक्रम | 5000000 | 5000000 | 5000000 | 5000000 | 5000000 | 25000000 | 50000000 |
| ३ | विद्यालय भौतिक पूर्वाधार निर्माण तर्फको एकमुष्ट अनुदान | 15000000 | 15000000 | 15000000 | 15000000 | 15000000 | 75000000 | 150000000 |
| जम्मा | | **20560000** | **20560000** | **20560000** | **20560000** | **20560000** | **102800000** | **205600000** |

## नगरपालिकाबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त र खर्च हुने अनुमानित बजेट

| क्र. सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | 2078/079 | 2079/080 | 2080/081 | 2081/082 | 2082/083 | पाँच वर्षको जम्मा | दश बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | कक्षा ८ को आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन | 35000 | 35000 | 35000 | 35000 | 35000 | 175000 | 350000 |
| २ | स्वयम् सेवक शिक्षक व्यवस्थापन | 10000000 | 10000000 | 10000000 | 10000000 | 10000000 | 50000000 | 100000000 |
| ३ | प्रारम्भिक बाल विकासको सकाका लागि तलब भत्ता व्यवस्थापन | 5800000 | 5800000 | 5800000 | 5800000 | 5800000 | 29000000 | 58000000 |
| ४ | प्रधानाध्यापकलाई प्रोत्सहान खर्च | 51000 | 51000 | 51000 | 51000 | 51000 | 255000 | 510000 |
| ५ | कर्मचारीको तलब भत्ता व्यवस्थापन | 6500000 | 6500000 | 6500000 | 6500000 | 6500000 | 32500000 | 65000000 |
| ६ | विद्यालय अनुगमन, सुपरीवेक्षण तथा मूल्यांकन | 600000 | 700000 | 700000 | 725000 | 800000 | 3525000 | 7050000 |
| ७ | क्षमता विकास | 500000 | 500000 | 500000 | 500000 | 500000 | 2500000 | 5000000 |
| ८ | विद्यालय भौतिक पूर्वाधार निर्माण तर्फको एकमुष्ट अनुदान | 1200000 | 2000000 | 3000000 | 3000000 | 3000000 | 12200000 | 24400000 |
| ९ | विद्यालय भर्ना, दिवस, महोत्सव तथा अतिरिक्त क्रियाकलाप सञ्चालन | 100000 | 100000 | 100000 | 100000 | 100000 | 500000 | 1000000 |
| १० | नीति तर्जुमासम्बन्धी कार्य सञ्चालन | 50000 | 50000 | 50000 | 50000 | 50000 | 250000 | 500000 |
| ११ | विभिन्न समितिका बैठक भत्ता तथा खाजा खर्च | 200000 | 200000 | 200000 | 200000 | 200000 | 1000000 | 2000000 |
| १२ | नवप्रवर्तनत्मक कार्य सञ्चालन | 200000 | 200000 | 200000 | 200000 | 200000 | 1000000 | 2000000 |
| १३ | फिल्ड भत्ता | 120000 | 120000 | 120000 | 120000 | 120000 | 600000 | 1200000 |
| १४ | स्नातक तथा विज्ञ परिचालन | 200000 | 200000 | 200000 | 200000 | 200000 | 1000000 | 2000000 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | शाखा व्यवस्थापन | 200000 | 200000 | 200000 | 200000 | 200000 | 1000000 | 2000000 |
| १६ | छात्रवृत्ति तथा प्रोत्सहान | 500000 | 500000 | 500000 | 500000 | 500000 | 2500000 | 5000000 |
| १७ | उत्कृष्ट बाल विकास तथा विद्यालय अनुदान कार्यक्रम | 25000 | 25000 | 25000 | 25000 | 25000 | 125000 | 250000 |
| १८ | नमूना प्रारम्भिक बालविकास आधारभूत र माध्यमिक विद्यालय विकास कार्यक्रम | 0 | 5500000 | 5500000 | 5500000 | 5500000 | 22000000 | 44000000 |
| १९ | भेरीगगा बाल उद्यान निर्माण | 0 | 0 | 0 | 0 | 500000 | 500000 | 1000000 |
| २० | कल्याणकारी कोष स्थापना | 250000 | 250000 | 250000 | 250000 | 250000 | 1250000 | 2500000 |
| २१ | शैक्षिक झलक र शैक्षिक कार्यपात्रो विकास तथा प्रकाशन | 180000 | 180000 | 180000 | 180000 | 180000 | 900000 | 1800000 |
| २२ | उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा | 850000 | 850000 | 8050000 | 850000 | 1350000 | 11950000 | 23900000 |
| २३ | पाठ्यक्रम र पाठ्यसामग्री | 1450000 | 1350000 | 1350000 | 1550000 | 1550000 | 7250000 | 14500000 |
| २४ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | 600000 | 1100000 | 3400000 | 3500000 | 4000000 | 12600000 | 25200000 |
| २५ | शिक्षक व्यवस्थापन र विकास | 7373000 | 7553000 | 7453000 | 7453000 | 78453000 | 108285000 | 216570000 |
| २६ | विशेष विद्यालय | 0 | 0 | 500000 | 0 | 0 | 500000 | 1000000 |
| २७ | सूचना तथा सञ्चार प्रविधि | 1800000 | 2400000 | 1600000 | 1300000 | 1300000 | 8400000 | 16800000 |
| २८ | शासकीय प्रबन्ध | 751000 | 451000 | 451000 | 451000 | 451000 | 2555000 | 5110000 |
| जम्मा | | **39535000** | **46815000** | **56915000** | **49240000** | **121815000** | **314320000** | **628640000** |

## ६.७ अपेक्षित उपलब्धि (Expected Outcomes)

वि.सं. २०८७ (सन् २०३०) सम्म तीन वटै तहका सरकारको सयुक्त लगानीमा भेरीगंगा नगरपालिकाको समग्र शिक्षा क्षेत्रमा स्रोतको दिगो व्यवस्थापन भै शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुनेछ। वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ।

# परिच्छेदः सात

# कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, समन्वय तथा सहजीकरण

# (Implementation, Monitoring, Assessment, Coordination and Facilitation)

## ७.१ परिचय (Introduction)

### योजना कार्यान्वयन (Plan Implementation)

योजनाको सफल कार्यान्वयन गरी अपेक्षित नतिजा तथा उपलब्धि प्राप्त गर्नका लागि कार्यान्वयनको उपयुक्त प्रबन्ध आवश्यक छ । कार्यान्वयन प्रबन्धअन्तर्गत आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति, कानुन तथा मापदण्डसहितको जिम्मेवारी र उत्तरदायित्व पर्दछन् । योजना कार्यान्वयनको प्रबन्धअन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् ।

नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप पूर्ण रूपमा रुपान्तरण गर्ने कार्य पूरा भएको छैन । त्यसैले एकातिर यो सङ्क्रमणलाई सहज रुपान्तरण गर्न सहयोग गर्ने गरी कार्यान्वयन प्रबन्ध गर्नु पर्ने छ भने अर्कोतिर योजना कार्यान्वयनका विशिष्ट कार्यहरू सम्पादनमा लागि आवश्यक संरचना तथा प्रबन्ध पनि आवश्यक हुन सक्दछन् । कार्यान्वयन प्रबन्ध तयार गर्दा विचार पुऱ्याउनु पर्ने अर्को पक्ष भनेको यस योजनाको कार्यान्वयन संरचना तथा प्रक्रियाले समग्र शिक्षा प्रणलीलाई प्रभाव पार्ने भएकाले कार्यान्वयन प्रबन्धको दिगोपन, प्रभावकारीता तथा कार्यकुशलतामा ध्यान दिनु हो ।

नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भई केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण भए तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप रुपान्तरण गर्न थप कार्य गर्नु पर्ने देखिन्छ । शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण

गर्नु पर्ने छ । संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत दर्जनौ केन्द्रीय कार्यालयहरु रहेका छन् । प्रदेशमा तहमा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र शिक्षा तालिम केन्द्रको रुपमा कर्णाली प्रदेशमा मानव संशाधन विकास केन्द्र स्थापना भई कार्यान्वयनमा छन् । जिल्लामा रहेको शिक्षा विकास तथा समन्वय इकाइले संघीय सरकारको तल्लो इकाइको रुपमा काम गरिरहेको छ ।

स्थानीय तहमा यस नरपालिकमा शिक्षा, युवा तथा खेलकुद शाखा रहेको छ । प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षकमध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ । संघीय संरचनाअनुसार कार्यसम्पादन गर्नका लागि परिवर्तन गरिएको शिक्षा प्रशासनको सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ ।

## योजना कार्यान्वयनको प्रबन्ध (Plan Implementation Management)

यस योजना कार्यान्वयनको अवधिमा संघीय पुनर्संरचनाअनुसार हालसम्म गरिएका कार्यान्वयन प्रबन्धको अनुभवका आधारमा कार्यान्वयन प्रबन्धमा आवश्यक सुधारसहित स्पष्ट जिम्मेवारी र उत्तरदायित्व निर्धारण गर्नु आवश्यक छ । शिक्षा क्षेत्रका कार्यक्रम कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तर्जुमा, आवश्यक नीतिगत मापदण्ड परिमार्जन तथा विकास, कार्यक्रम कार्यान्वयन तथा अनुगमन तथा मूल्याङ्कनका लागि तीन तहका सरकारबिच जिम्मेवारी तथा उत्तरदायित्वको स्पष्टताका साथै एक अर्कोबिच आपसी समन्वय, सहकार्य र आदान प्रदान पद्धतिको विकास आवश्यक छ । यसका लागि तीन तहका सरकारबिच ठाडो अन्तरसम्बन्ध र सञ्चार प्रणाली तथा प्रत्येक सरकारका विभिन्न निकायबिचको तेर्सो समन्वय तथा सञ्चार प्रणाली पनि स्थपित हुनुपर्छ । योजनाको कार्यान्वयनको मुख्य थलो वा एकाइ विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रबन्धका साथसाथै नगरपालिकाले विद्यालयका क्रियाकलापहरूको नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकतानुसार सहयोग र समन्वय गर्नु पर्दछ ।

नगरपालिकाले संघीय र प्रदेश तहबाट प्राप्त सशर्त अनुदानका अतिरिक्त अन्य अनुदान र उनीहरूको आफ्नै स्रोतबाट व्यवस्था गरिएको बजेट समेटेर वार्षिक बजेट तथा कार्यक्रम निर्धारण गर्नु पर्दछ । यस प्रकार शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि तीनै तहका सरकार संरचनामा सुधार तथा क्षमता विकास गर्नुका साथै विद्यालयको पनि क्षमता विकास गर्नु आवश्यक छ ।

शिक्षा क्षेत्रको यस योजनाको समग्र कार्यान्वयन प्रक्रियका लागि विभिन्न तहमा निम्निलखित प्रबन्ध गरिने छ :

**नगरपालिका तहमा गरिने प्रबन्ध :**

१) संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गरिनेछ ।

२) शिक्षा, युवा तथा खेलकुद शाखाको क्षमता विकास गरी सुदृढ गरिने छ भने नगरपालिकाले कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गरिनेछ ।

३) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गरिनेछ ।

४) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन तथा मापदण्ड तथा निर्देशिका विकास गरिनेछ ।

५) एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधार मा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्रदान गर्ने सुनिश्चितता गरिनेछ ।

६) शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि नगरपालिकास्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गरिनेछ ।

**विद्यालय तहमा गरिने प्रबन्ध :**

१) विद्यालयले विद्यालय सुधार योजना (SIP) तयार गरी बार्षिक रूपमा अध्यावधिक गर्नेछन् ।

२) विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानीसहित समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्नेछन् ।

३) विद्यालय व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यपकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने छ ।

४) विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्नेछन् ।

५) विद्यालयहरूले अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने छन् ।

६) विद्यालयले नगरपालिकासंग सम्बन्धित एकाइहरू, स्थानीय सामुदायिक तथा गैरसरकारी संस्थाको सहकार्यमा विद्यार्थीका लागि पोषण, स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको व्यवस्था र आपतकालको व्यवस्थापनसमबन्धी सिप प्रदान गर्नका लागि आवश्यक समिति वा संरचना तयार गर्ने छन् ।

७) विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइका साथसाथै विभिन्न अतिरिक्त क्रियाकलाप तथा सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्नेछन् ।

**समुदायिक सिकाइ केन्द्रले गर्ने प्रबन्ध**

१) सामुदायिक अध्ययन केन्द्रको सञ्चालनका लागि व्यवस्थापन समिति गठन गरिने छ ।

२) नगरपालिकाबाट प्राप्त अनुदान तथा आफ्नै स्रोतबाट प्राप्त आम्दानी समेतका आधारमा नगरपालिकासंगको समन्वयमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने छ ।

३) सामुदायिक अध्ययन केन्द्रले विभिन्न विषयगत नगरपालिकाका एकाइहरू, सामुदायिक तथा गैरसरकारी संस्थाहरू तथा समुदायसँग आवश्यकतानुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने छन् ।

**योजनाको अनुगमन तथा मूल्यांकन (Plan Monitoring and Evaluation)**

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारीताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

पछिल्लो समयमा दिगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरिएको कार्यढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालू आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरिएका सूचकका आधारमा अनुगमन तथा मूल्याङ्कन गरिने गरिएको छ । वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ ।

विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधारसम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लाई लिइएको छ । नगरपालिकामा नगर शिक्षा ऐन, २०७६ अनुसार नगर उपप्रमुखको अध्यक्षतामा विद्यालय अनुगमन समितिको व्यवस्था गरिएको छ । सामाजिक विकास समिति, नगर कार्यपालिका र नगर शिक्षा समितिले समेत विद्यालयको अनुगमन तथा मूल्यांकन गरिहेको पाइन्छ । प्रमुख प्रशासकीय

अधिकृत, उपसचिव, शाखा अधिकृत (विद्यालय निरीक्षक) आदिबाट समेत पटक पटक विद्यालयको अनुगमन तथा मूल्यांकन गर्ने कार्य नियमित भइरहेको पाइन्छ ।

**समन्वय तथा सहजीकरण (Coordination and Facilitation)**

नेपालको संविधानले संघ प्रदेश र स्थानीय तहको समन्वय, सहकार्य र सहअस्तित्वको सम्बन्ध रहने स्पष्ट पारेको छ । संविधानमा समेत एकल र साझा अधिकारहरुको समुचित व्यवस्था गरिएको छ । शिक्षासम्बन्धी साझा अधिकारहरुको कार्यान्वयन गर्ने सन्दर्भमा तीन वटै तहका सरकारहरुले एक आपसमा समन्वय र साझेदारी गर्नुपर्ने हुन्छ ।

**अनुगमन तथा मूल्याङ्कनसम्बन्धी नगरपालिकाको जिम्मेवारी :**

१) भौतिक संरचना, शिक्षकको पर्याप्तता र योग्यता, समुदायको सहभागिता, प्रविधिमैत्री वातावरण निर्माण, शिक्षक विद्यार्थीमैत्री शैक्षिक वातावरण, पाठ्यपुस्तक वितरणलगायत कार्यक्रमका आगत (Inputs) को अनुगमन ।

२) शिक्षण सिकाइ क्रियाकलाप, विद्यार्थी मूल्याङ्कन, नेतृत्व र व्यवस्थापन, सह तथा अतिरिक्त क्रियाकलाप, नियमितता, पाठ्यक्रम कार्यान्वयन, शिक्षक तालिम अनौपचारिक कक्षा खुला तथा बैकल्पिक कक्षा, विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलानलगायत कार्यक्रम कार्यान्वयन प्रक्रिया (Process) को अनुगमन ।

३) शिक्षक विद्यार्थी नियमितता प्रतिशत, सिकाइमा प्रविधिको प्रयोग, भर्नादर, टिकाउ दर, कक्षा दोहोर्‍याउने दर, तालिम प्राप्त शिक्षक प्रतिशत, प्रविधियुक्त विद्यालय सङ्ख्या, प्राविधिक शिक्षामा पहुँचलगायत कार्यक्रमको परिणाम (Output) को अनुगमन ।

## ७.२ चुनौति तथा अवसरहरु (Challenges and Opportunities)

संघीय सरकारबाट प्राप्त सशर्त अनुदानबाहेक अन्य अनुदान तथा प्रदेश र नगरपालिकाको आम्दानीबाट प्राप्त हुने बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु, संघ, प्रदेश तथा स्थानीय तहहरूबीच समन्वय र सहकार्य सुदृढ गर्नु, आवश्यक सूचनाको सहज आदान प्रदान गर्ने र अनुगमन प्रतिवेदनलाई व्यवस्थित गरी सबै तहका सरकार तथा सरोकारवालाहरूले सहजै प्राप्त गर्न सक्ने व्यवस्था मिलाउनु, शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि नगरपालिकाबाट न्यूनतम मापदण्डको विकास हुनु, स्थानीय एवम् राष्ट्रिय रूपमा उपयोगी मापनयोग्य सूचकहरूको निर्धारण, मापनयोग्य सूचकको निर्माण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्नु, अनुगमनलाई मागमा आधारित बनाउनु र अनुगमनमा नियमितता र एकरूपता कायम गर्नु, अनुगमन कार्यमा दोहोरोपना हटाउनु योजना तथा अनुगमनसंग सम्बन्धित मुख्य चुनौतिहरु हुन् ।

अनुगमनलाई योजनाबद्ध  गर्नु, पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु, अनुगमनको प्रतिवेदन व्यस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास गर्नु, संघीयता कार्यान्वयनका क्रममा भएको संरचनागत परिवर्तन पश्चात विद्यालय निरीक्षण सुपरिवेक्षणको काम पुनर्संगठित गर्नु, तीनै तहका सरकारबीच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु, सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चतता गर्नु, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु र अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु योजना कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, समन्वय र सहजीकरणसंग सम्बन्धित अन्य चुनौतिहरु रहेका छन् ।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहको सरकारबीचको सम्बन्ध स्पष्ट सम्बोधन गर्नु, नगर शिक्षा ऐन, २०७६ मा अनुगमन समितिको व्यवस्था हुनु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उपप्रमुखको संयोजकत्वमा अनुगमन समिति रहने व्यवस्था गरिएको, शाखामा दुई दुईजना अधिकृतहरु (विद्यालय निरीक्षक) कार्यरत रहेको, संघ र प्रदेश सरकारले समेत अनुगमन तथा मूल्यांकनलाई प्राथमिकतामा पार्नु यस क्षेत्रसंग सम्बन्धित अवसरका विषयहरु हुन् ।

## ७.३ उद्देश्य (Objectives)

१) प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्नु ।

२) अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु ।

३) योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

४) योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु ।

## ७.४ रणनीतिहरू (Strategies)

१) एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिने छ ।

२) अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण (सफ्टवेयरको निर्माण गरी) गरिने छ ।

३) शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाइने छ ।

४) राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकतानुसार नगरपालिका स्तरमा सूचकहरूलाई समेत सूचना प्रणालीमा आबद्ध गर्ने प्रणालीको विकास गरिने छ ।

५) संघबाट विस्तार हुने विद्यालयदेखि शिक्षाका स्थानीय, जिल्ला, प्रदेश तथा केन्द्रीय निकायहरू एवम् शिक्षा सम्बद्ध सबै कार्यक्रम, योजना तथा परियोजनाहरूको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि वेबमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ ।

६) योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक कानुनी तथा संरचनागत व्यवस्थासहित जनशक्तिको प्रबन्ध गरी प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिनेछ ।

७) विद्यार्थीको स्थानीय स्तरको उपलब्धि परीक्षण तथा स्थानीय स्तरमा सबै सामुदायिक विद्यालयको कार्यसम्पादन परीक्षण गर्नका लागि आवश्यक पर्ने सूचकहरुको विकास गरी कार्यान्वयन गरिनेछ ।

८) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई अनिवार्य रूपमा लागू गर्ने प्रणालीको विकास गरिने छ ।

९) ऐन अनुसार निर्माण भएको अनुगमन समितिलाई समूह अनुगमनका लागि परिचालन गरिनेछ ।

१०) सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने छ ।

११) प्रत्येक शैक्षिक योजना, कार्यक्रम तथा परियोजनाहरूको नियमित, आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिने छ ।

१२) अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनमा आधारित भई सम्बद्ध जनशक्ति, निकाय, कार्यक्रम, योजना तथा परियोजनालाई पुरस्कृत र दण्ड गर्ने प्रणालीको विकास गरिने छ ।

१३) कम्तिमा पाँचवटा विषयमा तयार गरिने रोष्टर विशेषज्ञहरुबाट विद्यालयको नियमित, नतिजामुलक र उपचारात्मक अनुगमन तथा सुपरीवेक्षण गराइनेछ ।

१३) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिने छ ।

## ७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results, Major Activities and Targets)

### क) उपलब्धि (Outcomes)

१) प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने ।

### ख) प्रमुख नतिजाहरू (Key Results)

१) नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने ।

२) अनुगमनका आधारमा नतिजा सुधार हुने ।

३) अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमता विकास हुने ।

४) विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षलाई थप व्यवस्थित र नियमित भई यसका नतिजाहरूका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने ।

५) विभन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने ।

## ख) मुख्य क्रियाकलाप र लक्ष्य (Major Activities and Targets)

तालिका ५.२ः अनुगमन तथा मूल्याङ्कनका प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं. | क्रियाकलाप | एकाइ | लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अध्यावधिक गर्ने | नगरपालिका | १ | १ | १ | १ | १ | ५ | १० | संघ, स्थानीय तह |
| २ | आफूले कार्यान्वयन गरेका कार्यक्रमको नियमित अनुगमन गर्ने | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | निरन्तर | संघ र प्रदेशले समेत |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | संघ तथा प्रदेश |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वार्षिक समीक्षा तथा प्रतिवेदन | | | | | | | | | |
| ४ | स्थिति प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ तथा प्रदेश |
| ५ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | कक्षा | | ८ | ५ | १० | | | ५, ८ र १० | संघसंग समन्वय गरेर |
| ६ | विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने । | विद्यालय प्रतिशत, कक्षा १–८ | | २५ | २५ | २५ | २५ | | सबै | संघसंग समन्वय गरेर |
| ७ | विद्यालयहरूमा गरिने सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ८ | विद्यालयहरूको लेखा परीक्षण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ९ | रोष्टर विशेषज्ञहरुको व्यवस्थापन | नगरपालिका | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | |
| १० | समूह अनुगमन तथा सुपरीवेक्षण | पटक | ३ | ३ | ४ | ४ | ५ | | निरन्तर | संघ र प्रदेशसमेत |
| ११ | उपचारात्मक अनुगमन तथा सुपरीवेक्षण | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | निरन्तर | संघ र प्रदेशले समेत |
| १२ | प्रधानाध्यापकबाट | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | निरन्तर | नगरपालि |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अनुगमन तथा सुपरीवेक्षण | | | | | | | | | काले सहजीकरण गर्ने |

# परिच्छेद : आठ
# योजनाको नतिजा खाका (Key Result Frame of Plan)

## ८.१ परिचय (Introduction)

यस योजनाले लिएको दूरदृष्टि, दीर्घकालीन सोच, योजनाका समग्र उद्देश्यहरू तथा रणनीतिहरूका आधारमा योजनाको प्रभाव वा गन्तव्य पहिचान गरिएको छ। गन्तव्यमा पुग्नका लागि आवश्यक उपलब्धि तथा यसका सूचकहरू निर्धारण गरी योजनाको पहिलो पाँच वर्षका लागि प्रत्येक वर्षको नतिजा आँकलन गरिएको छ भने दश वर्षमा हुने नतिजाको पनि प्रक्षेपण गरिएको छ। नतिजा खाकामा उपलब्धि, उपलब्धि सूचकहरू तथा तिनको सङ्ख्यात्मक मान, सूचना प्राप्त हुने स्रोत तथा जिम्मेवारीसमेत उल्लेख गरिएको छ।

नतिजा खाका आवधिक योजनाको उपलब्धि मापन गर्ने सङ्ख्यात्मक साधन हो। यसबाट योजनाका समग्र तथा उपक्षेत्रगत उपलब्धि मापन गर्न सकिन्छ। यसले वार्षिक योजना निर्माणका लागि आधार सृजना गर्नाका साथै अनुगमन तथा मूल्याङ्कनको मापदण्ड निर्धारण गर्न सहयोग गर्दछ। यसबाट योजनाका अपेक्षित उपलब्धिका लागि पृष्ठपोषण प्राप्त भई नतिजा प्राप्तिलाई सहयोग पुग्दछ। नतिजा खाकाले विद्यालय तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई नतिजाप्रति जवाफदेही बनाउन सहयोग गर्दछ।

## ८.२ योजनाको समग्र नतिजा नतिजा खाका (Overall Key Results of Plan)

यस शिक्षा क्षेत्र योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजा खाकाअन्तर्गत देशको आर्थिक तथा सामाजिक विकासमा यसको प्रभाव वा गन्तव्य उल्लेख गरिएको छ। त्यसै गरी योजनाको दीर्घकालीन र मध्यकालीन तथा तत्कालीन उपलब्धिहरू उल्लेख गरिएको छ भने उपलब्धिका नतिजाका सूचकहरू तथा नतिजा सत्यापनका स्रोत तथा तरिकाहरू पनि उल्लेख गरिएको छ। यस पछिका दुई तालिकामा (तालिका ७.१ र ७.२) नतिजाका प्रमुख सूचकहरूका मुख्य कार्यसम्पादन सूचकहरू (KPIs) र कार्यक्रम नतिजा सूचकहरू (PRF) समावेश गरिएको छ।

**चित्र ७.१: योजनाको समग्र नतिजा नतिजा खाका अपेक्षित प्रभाव तथा उपलब्धिहरू**

**अपेक्षित प्रभाव (Intended impact) वा गन्तव्य (Destination) पहिचान**

आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकासहित भेरीगंगा नगरपालिकालाई समृद्ध र भेरीगंगा नगरवासीहरुलाई सुखी नाउन योगदान गर्नु ।

**दीर्घकालीन उपलब्धि (Long-term Outcome)**

एक्काइसौं शताब्दीको आवश्यकतालाई सम्बोधन तथा अवसरलाई उपयोग गर्न सक्ने, नेपाली मूल्य मान्यताप्रति सचेत तथा समता र समावेशीतालाई आत्मसात् गर्ने नागरिक तयार हुने ।

**मध्यकालीन उपलब्धि (Medium-term Outcome)**

| उपलब्धि | नतिजा सूचक | सत्यापनका श्रोत तथा तरिका |
|---|---|---|
| गुणस्तरीय विद्यालय शिक्षा अधिकारका रूपमा स्थापित भई सबैका लागि सहज पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चिततासहित समता र समावेशिता प्रवर्धन हुने । | मुख्य कार्यसम्पादन सूचकहरु (KPIs) | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली<br>• वार्षिक स्थिति प्रतिवेदन<br>• विद्यार्थी उपलब्धि परीक्षण<br>• विद्यालयका कार्यसम्पादन प्रतिवेदनहरू<br>• विभिन्न विषयगत अध्ययन, अनुसन्धान, सर्वेक्षणहरू<br>• मध्यावधिक तथा अन्तिम मूल्याङ्कन |

**तत्कालीन उपलब्धि (Immediate outcomes)**

| उपलब्धि | | नतिजा सूचक | सत्यापन श्रोत तथा तरिका |
|---|---|---|---|
| १. | सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने । | – मुख्य कार्यसम्पादन सूचकहरु (KPIs) | – एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली |
| २. | अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने । | | |
| ३. | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने । | | – वार्षिक स्थिति प्रतिवेदन |
| ४. | सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने । | – कार्यक्रम नतिजा सूचकहरु (PRF) | – बार्षिक अनुगमन प्रतिवेदनहरु |
| ५. | शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने । | | – विभिन्न तहका वार्षिक प्रगति समीक्षाहरु |
| ६. | विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न सहयोग हुने । | | – सार्वजनिक परीक्षाका नतिजा विश्लेषण |
| ७. | सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार हुने । | | |
| ८. | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चत हुने । | | |
| ९. | बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (Well–being) मा अभिवृद्धि भई सिकाइमा सुधार हुन सहयोग पुग्ने । | | |

| | | | |
|---|---|---|---|
| १०. | आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने । | | |
| ११. | सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने । | | |
| १२. | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिक बनाउन सहयोग पुग्ने । | | |

## सन्दर्भ सामग्रीहरु (References)


अर्याल, वैकुण्ठप्रसाद, निरौला, यादवचन्द्र, उपाध्याय पौडेल, देवी प्रसाद र कोइराला, सीताराम, (२०६२), विद्यालय निरीक्षक दिग्दर्शन, मकालु बुक्स एण्ड स्टेशनर्स, पुतलीसडक, काठमाडौं ।

अधिकारी, विष्णुप्रसाद (२०७४), शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली, आशिष बुक हाउस प्रा.लि., काठमाडौं ।

आर्थिक सर्वेक्षण प्रतिवेदन (२०७७/०७८), अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

पन्ध्रौं योजना, राष्ट्रिय योजना आयोग, नेपाल ।

विद्यालय क्षेत्र विकास योजना (२०७३), शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार काठमाडौं ।

नेपालको संविधान (२०७२), नेपाल कानुन आयोग, नेपाल ।

शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९, नेपाल कानुन आयोग, नेपाल ।

शैक्षिक सूचना (२०७७), शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौं ।

शर्मा, वाई.पी., (२०६०), पाठ्यक्रम योजना र अभ्यास, न्यू हिरा बुक्स इन्टरप्राइजेज, काठमाडौं ।

शर्मा, धिरेन्द्रप्रसाद,(२०७७), विद्यालय निरीक्षक दर्पण, जे.बी. पब्लिकेशन, काठमाडौं ।

शर्मा, धिरेन्द्रप्रसाद,(२०७७), प्राविधिक सहायक दर्पण, जे.बी. पब्लिकेशन, काठमाडौं ।

कोइराला, डा. विद्यानाथ, गौतम, डा. प्रतिपचन्द्र र रमेशप्रसाद लुइँटेल (२०६४), शैक्षिक प्रशासन र सुपरिवेक्षण, क्वार्सल पब्लिकेशन, काठमाडौं ।

शर्मा, गोपीनाथ, (२०६४), नेपालमा शिक्षाको इतिहास, मकालु प्रकाशन गृह, काठमाडौं ।

शिक्षा आयोगका प्रतिवेदनहरू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौं ।

शिक्षा, विज्ञान र प्रविधि मन्त्रालय र अन्तर्गतका निकायका वेभसाइटहरू ।

कानुन आयोगद्वारा नेपाल राजपत्रमा प्रकाशित भएका विभिन्न ऐन र नियमावलीहरू ।

शिक्षा, विज्ञान र प्रविधि मन्त्रालय र अन्तर्गतका विभागीय निकायले प्रकाशन गरेका निर्देशिका र कार्यविधिहरू ।

संघ र कर्णाली प्रदेशको शिक्षा क्षेत्र योजनाको प्रस्तावित मस्यौदा ।

शैक्षिक झलक भेरीगंगा नगरपालिका, २०७७

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को झलक, २०७७

# अनुसूचिहरु (Appendix)

## अनुसूचि : १

### सामाजिक विकास समितिका पदाधिकारीहरु

| क्र.सं. | नामथर | पद |
|---|---|---|
| १ | पदम बहादुर खत्री | संयोजक |
| २ | टीकाराम सुवेदी | सदस्य |
| ३ | रमाना दमाई | सदस्य |

# अनुसूचि : २

## भेरीगंगा नगरपालिका नगरकार्यपालिकाका पदाधिकारीहरु

| क्र.सं. | नामथर | वडा नंबर | पद |
|---|---|---|---|
| १ | भुपेन्द्र बहादुर चन्द | - | नगर प्रमुख |
| २ | रेणु आचार्य | - | नगर उप-प्रमुख |
| ३ | नवराज कार्की | १ | वडा अध्यक्ष |
| ४ | नन्द बहादुर बुढा क्षेत्री | २ | वडा अध्यक्ष |
| ५ | जीत बहादुर सुनार | ३ | वडा अध्यक्ष |
| ६ | महाबिर खत्री | ४ | वडा अध्यक्ष |
| ७ | प्रेम बहादुर सारु | ५ | वडा अध्यक्ष |
| ८ | बल बहादुर खड्का | ६ | वडा अध्यक्ष |
| ९ | कर्ण बहादुर मिजार | ७ | वडा अध्यक्ष |
| १० | पदम बहादुर खत्री | ८ | वडा अध्यक्ष |
| ११ | लक्ष्मन राना | ९ | वडा अध्यक्ष |
| १२ | मान बहादुर बुढा मगर | १० | वडा अध्यक्ष |
| १३ | तिलकराम डाँगी | ११ | वडा अध्यक्ष |
| १४ | हरि प्रसाद कंडेल | १२ | वडा अध्यक्ष |
| १५ | टिकाराम सुवेदी | १३ | वडा अध्यक्ष |

| | | | |
|---|---|---|---|
| १६ | विष्णु खत्री | - | कार्यपालिका सदस्य |
| १७ | भुमीकला सुनार | - | कार्यपालिका सदस्य |
| १८ | मोतिसरा खत्री | - | कार्यपालिका सदस्य |
| १९ | खिम कुमारी राना | - | कार्यपालिका सदस्य |
| २० | रमना दमाई | - | कार्यपालिका सदस्य |
| २१ | शेर बहादुर कामी | - | कार्यपालिका सदस्य |
| २२ | खिम बहादुर कमी | - | कार्यपालिका सदस्य |
| २३ | प्रतिक्षा वि.क. | - | कार्यपालिका सदस्य |

## अनुसूचि : ३

## नगर शिक्षा समितिका पदाधिकारीहरु

| क्र.सं. | नामथर | पद |
|---|---|---|
| १ | भुपेन्द्रबहादुर चन्द | अध्यक्ष |
| २ | रेणु आचार्य (ढकाल) | सदस्य |
| ३ | जगतबहादुर वस्नेत | सदस्य |
| ४ | पदम बहादुर खत्री | सदस्य |
| ५ | नवराज कार्की | सदस्य |
| ६ | विष्णुकुमारी खड्का | सदस्य |
| ७ | भुपेन्द्र वली | सदस्य |
| ८ | रतिमान भारती | सदस्य |
| ९ | कृष्ण प्रसाद शर्मा | सदस्य |
| १० | भुपेन्द्र रोकाय | सदस्य |
| ११ | चक्रबहादुर सुनार | सदस्य |
| १२ | रमाना परियार | सदस्य |
| १३ | आइतराम खत्री | सदस्य |
| १४ | धिरेन्द्रप्रसाद शर्मा | सदस्य सचिव |

## अनुसूचि : ४

## शिक्षा क्षेत्र योजना निर्माण प्राविधिक समितिका पदाधिकारीहरु

| क्र.सं. | नामथर | पद | कार्यरत कार्यालय/संस्था |
|---|---|---|---|
| १ | जगतबहादुर वस्नेत | संयोजक | भेरीगंगा नगरपालिका, सुर्खेत |
| २ | जीतबहादुर शाह | सदस्य | राष्ट्रिय परीक्षा बोर्ड, कर्णाली प्रदेश, सुर्खेत |
| ३ | मानबहादुर ठाँडा | सदस्य | भेरीगंगा नगरपालिका, सुर्खेत |
| ४ | गजेन्द्रकुमार जिसी | सदस्य | भेरीगंगा नगरपालिका, सुर्खेत |
| ५ | डा.नरेशविक्रम ढकाल | सदस्य | प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (दोश्रो) |
| ६ | धनसिंह खड्का | सदस्य | हिमशिखर बहुमुखी क्याम्पस, भेरीगंगा, सुर्खेत |
| ७ | जितेन्द्रराज वली | सदस्य | श्री शारदा मावि छिन्चु, भेरीगंगा, सुर्खेत |
| ८ | यज्ञप्रसाद ढकाल | सदस्य | पारिजात सामुदायिक सिकाइ केन्द्र, भेरीगंगा, सुर्खेत |
| ९ | भुपेन्द्रबहादुर सिंह | सदस्य | नेपाल शिक्षक संघ, भेरीगंगा, सुर्खेत |
| १० | जयबहादुर खड्का | सदस्य | नेपाल राष्ट्रिय शिक्षक संगठन, भेरीगंगा, सुर्खेत |
| ११ | प्रेमबहादुर थापा | सदस्य | एकीकृत अखिल नेपाल  शिक्षक संगठन, भेरीगंगा, सुर्खेत |

| | | | |
|---|---|---|---|
| १२ | डा. बाबुराम भुषाल | सदस्य | श्री छिन्चु इङ्लिस बोर्डिङ स्कुल, भेरीगंगा, सुर्खेत |
| १३ | धिरेन्द्रप्रसाद शर्मा | सदस्य सचिव | भेरीगंगा नगरपालिका, सुर्खेत |

## अनुसूचि : ५

### १० बर्षे शिक्षा क्षेत्र योजना निर्माण गर्नका लागि सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतबाट भेरीगंगा नगरपालिका छनोट भएको पत्र

८५

# कर्णाली प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
## वीरेन्द्रनगर, सुर्खेत नेपाल

प.सं.: २०७७/०७८ मिति:२०७७/०९/०१
च.नं.: ५००

विषय : शिक्षा क्षेत्र योजना तयार गर्न पालिका छनौट सम्बन्धमा ।

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
विकास सहायता समन्वय शाखा, सिंहदरबार काठमाडौं ।

प्रस्तुत विषयमा तहाँ नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय विकास सहायता समन्वय शाखा सिंहदरबारको पत्र संख्या PMD/DACS/2077/78, मिति २०७७/०७/०२ को पत्रानुसार उक्त मन्त्रालयको मिति २०७७/०३/१७ गते संघीय तहमा १० वर्षे शिक्षा क्षेत्र योजना तयार गर्ने संगसंगै प्रदेश र स्थानीय तहमा एकै पटक सोही प्रकृतिको शिक्षा योजना तयार गर्न र सो कार्यका लागि यस प्रदेश अन्तर्गतका ३ वटा स्थानीय तह छनौट गरी सहजीकरण गर्न अनुरोध गर्ने निर्णय भई आएकोले प्रादेशिक शैक्षिक योजना तयारी प्राविधिक समितिको मिति २०७७/०८/३० को बैठकको निर्णयानुसार यस प्रदेश अन्तर्गतका भेरीगंगा नगरपालिका सुर्खेत, शुभकालिका गाउँपालिका कालीकोट र सिद्धकुमाख गाउँपालिका सल्यानलाई छनौट गरिएको व्यहोरा अनुरोध छ ।

..........................
लोकनाथ पौड्याल
लोकनाथ पौड्याल
सचिव

बोधार्थ
श्री भेरीगंगा नगरपालिका, सुर्खेत
श्री शुभकालिका गाउँपालिका, कालिकोट
श्री सिद्धकुमाख गाउँपालिका, सल्यान

Email : mosdsurkhet@gmail.com